# “शिक्षकको पेशागत विकासमा तालिम कार्यान्वयन”- एक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालित स्नातकोत्तर तह (एम.एड.)

दोस्रो वर्षको शोधकार्य (५९८) को आंशिक आवश्यकता

परिपूर्तिका लागि तयार गरिएको

## शोध पत्र


**प्रस्तुतकर्ता :**

रुद्रबहादुर लुङ्वा

एम.एड.दोस्रो वर्ष

त्रि.वि.दर्ता नं. ९-२-२१४-६५८- ९९

परीक्षा रोल नं. : २१८००८७/२०६७

क्याम्पस रोल नं. (१९४)-२०६५।०६६

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

जनता बहुमुखी क्याम्पस

ईटहरी, सुनसरी


२०७१

# कृतज्ञता

प्रस्तुतकर्ता शोध प्रस्तावना पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह एम.एड.दोस्रो वर्षको शोधपत्र (५९८) को आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यो शोध प्रस्तावना पत्र तयार गर्ने क्रममा अनेकौं कार्य व्यस्तताको बीचमा पनि महत्वपूर्ण सल्लाह सुझाव एवम् अमूल्य समय दिई अभिमुखीकरण कार्य देखि अन्तिम चरणसम्म आवश्यक निर्देशन समेत प्रदान गर्नुहुने जनता बहुमुखी क्याम्पस इटहरीका शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख श्रद्धेय गुरु श्री विमल नेपाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी यस शोध प्रस्तावना पत्र तयार गर्दा सहयोग पुगोस् भनी अभिमुखी कार्य मार्फत् आवश्यक शैक्षिक खुराक एवम् मार्गदर्शन प्रदान गर्नुहुने सहायक प्राध्यापकद्वय गुरु श्री यमनाथ बराल र श्री वेणु सिटौला प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोध प्रस्तावना पत्रलाई कम्प्युटर टाइपमा सहयोग पुऱ्याउनु हुने हिमाल फोटोकपी एण्ड प्रिन्टर्स साथै न्यू डिजिटल फोटोकपी प्रिन्टर्स प्रति पनि आभार व्यक्त गर्न चाहान्छु ।

**रुद्रबहादुर**

**लुङ्वा**

# शोधसार

यस शोधपत्रको शीर्षक शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन एक अध्ययन रहेको छ । शैक्षिक क्षति न्यूनिकरण गर्नका लागि सरकारले पटक पटक विभिन्न कार्यक्रमहरु ल्याएको भए तापनि प्रभावकारी कार्यान्वयन हुन नसक्नाले शैक्षिक क्षति न्यूनिकरण गर्ने कार्यमा खासै सफलता मिल्न नसकेको वर्तमान अवस्थामा प्राथमिक शिक्षा पाठ्यक्रम २०२८ देखि नै विद्यालय स्तरमा शैक्षिक एवं प्राज्ञिक तहमा तालिमको व्यवस्था गरेको पाइन्छ । यस अध्ययनको मुख्य उद्देश्य भनेको शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन प्रभावकारी रुपमा भए भएन  भनेर खोज गर्ने प्रयास गर्ने गरेको छ । यस अध्ययनले शिक्षा क्षेत्रका सबै सरोकारवालापक्षहरुलाई शिक्षकको पेशागत विकास तालिम र शिक्षण सिकाई प्रक्रिया प्रति सचेत र उत्तरदायि बनाउन सक्दछ । प्रशिक्षण र तालिमबाट नै असहज परिस्थितिलाई सहज बनाउने काम गर्दछ । यो अध्ययन सुनसरी जिल्लाको धरान नगारपालिका अन्तर्गतका सामुदायिक विद्यालयको सबै तह (प्रा.वि. देखि उच्च मा. वि.) सम्ममा सिमित  रहेको छ । गुणात्मक अनुसन्धान विधिमा आधारित यस अध्ययनमा धरान नगरपालिका अन्तर्गतका २६ वटा सामुदायिक विद्यालयको सबै तहको शिक्षक, विधार्थी अभिभावक, प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु विद्यालय निरीक्षक/स्रोत व्यक्ति अध्ययनका जनसख्यांको रुपमा रहेको छन् । तथ्याङ्क संकलनका लागि प्राथमिक र सहायक दुवै प्रकारको स्रोतहरुको उपयोग गरेको छ । प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका स्तम्भचित्र, बृतचित्र आदिको माध्यमवाट प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

तथ्याङ्कको व्याख्या र विश्लेषण गर्ने क्रममा विभिन्न शिर्षक र उपशीर्षकहरुमा विभाजन गरी अध्ययन गरिएको छ । शिक्षकको पेशागत विकास तालिमको कार्यन्वयनको अवस्था अध्ययन गर्नका लागि विभिन्न तहका शिक्षकहरुको तालिमको अध्ययन गरिएको छ । यो शोधपत्रको शीर्षकहरु शिक्षकको पेशागत विकास तालिम भनेको मागमा आधारित र यो तेस्रो मोडूल सम्म चल्ने तालिम भएको हुदाँ यस अध्ययनको क्रममा सबै तहका साथै सबै विषयका बारेमा पनि अध्ययन गरिएको छ । हालको सर्बेक्षण अनुसार प्राय सबै तहका सबै शिक्षकहरु तालिम प्राप्त देखिन्छ तर तालिम प्राप्त शिक्षकहरुले अध्यापन गरेको तह र विषयमा कतिको गुणस्तर बृद्धि भएको छ भन्ने बारेमा पनि यस शोधपत्रले खोज्ने प्रयास गरेको छ । शिक्षकले तालिम लिए पछिको कक्षा-कोठाको परिवर्तन भएको छ वा छैन भन्ने वारेमा पनि खोज गरेको छ? कक्षा कोठामा शैक्षिक सामाग्रीको कतिको प्रयोग गरेको छ ? शैक्षणिक विधि र प्रविधिको प्रयोग कतिको भइरहेको छ । यस अध्ययनमा शिक्षक संख्या,

विषयगत तालिम प्राप्त साथै मोडूल अनुसारको तालिम प्राप्त शिक्षकहरुलाई सूचक मानी विश्लेषण गरेको छ ।

यस अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरु यस तालिम प्रति धेरै आकर्षित भए पनि यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन भने नभएको पाइन्छ । विद्यालयको शिक्षकहरु अझै पनि परम्परागत शैक्षणिक विधिहरु बाट टाडा रहन नसकेको अवस्थाहरु पाइयो । परम्परागत विधिलाई अझै पनि परिमार्जन गर्न नसकेको अवस्था हो । विद्यालय प्रशासन पनि अन्योल रहेको छ कसरी यस कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्न सक्ने छ । नेपालको शिक्षा प्रणालीमा के कमजोर रहेको छ त्यस वारेमा सबै सरोकारवालाहरु अनभिज्ञ भए जस्तो देखिन्छ । कक्षा कोठामा प्रचुरमात्रामा शैक्षिक सामग्रीको प्रयोग कम भएको, शिक्षकमा विभिन्न प्रकारमा विभाजित मनस्थिति भएको कसले कसको मूल्याङ्कन गर्ने? भन्ने सोचको विकास भएको अवस्था रहेको पाइन्छ । तर सबै सम्बन्धित सरोकारवाला यस कार्यक्रमलाई कडाईका साथ कार्यन्वयन गर्ने सवालमा समन्वय गरेमा पक्कै पनि यो कार्यक्रम सफल पार्न कुनै अप्ठयारो होला जस्तो लाग्दैन ।

हालको शिक्षा निति अनुसार विद्यालयकतहलाई आधाभूततह र माध्यमिकतह दुई तहमा विभाजित गरे अनुरुप नयाँ शिक्षक नियुक्ति गर्दा देखि नै शिक्षकले तालिम प्राप्त गरेको हुनु पर्ने देखिन्छ । नेपल सरकारको निति अनुरुप पनि हाल कार्यरत शिक्षकहरुलाई पनि तालिम प्राप्त गर्नुपर्ने हुन्छ । र तालिम प्राप्त नभए पनि तालिम गर्नु पर्ने हुन्छ । यस कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्न सम्पूर्ण सरोकारवाला शिक्षक, विधार्थी अभिभावक साथै शैक्षिक प्रशासन पनि सकारात्मक प्रकारबाट लागि पर्नु पर्ने देखिन्छ । सबै भन्दा प्रभावकारी पक्ष भने अभिभावकहरुलाई सचेत बनाई आफ्ना बालबालकिाको प्रत्यक्ष भविष्यसंग गासिएको अनुभुत गराई कक्षाकोठाको शिक्षाको गुणस्तर वृद्धिमा जोड दिनु पर्ने देखिन्छ । कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन निरीक्षण तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन वि. नि. स्रोतव्यक्तिलाई प्रशासनिक कार्यको बोझ कमगरी विशुद स्रोत शिक्षक बनाइनु पर्ने विद्यालयमा पर्याप्त साधन र स्रोतको व्यवस्था गर्नु पर्ने विभिन्न प्रकारको शिक्षकलाई एकै प्रकारको स्थायी शिक्षकहरु मात्र नियुक्त गर्नु पर्ने कार्यरत शिक्षकहरुलाई पेशागत विकास प्रति सचेत र आकर्षित गर्नु पर्ने तालिममा प्राप्त ज्ञान, सिप तथा अनुभवलाई कक्षा कोठामा पनि प्रभावकारी रुपमा कार्यन्वयन गर्न गराउन आकर्षित गर्नु पर्ने देखिन्छ । शिक्षकको पेशागत विकास गराउन कार्य सम्पादन मूल्याङ्कनलाई व्यवहारिक र वैज्ञानिक रुपमा सहि मूल्याङ्कन गर्न गराउन सक्नु पर्दछ । हालको शिक्षकको प्रोत्साहन पुरस्कारलाई पनि सिद्धान्तगत छनौट भन्दा पनि कार्यगत छनौट यो कार्यक्रम केहि हतसम्म कार्यन्वयन हुने देखिन्छ । अन्तमा कुनै कार्यक्रम सफल

हुनु र नहुनुमा सहि निरिक्षण र मूल्याङ्कन नै भएको हुदाँ उक्त कथनलाई कार्यन्वयनको आशा गरेको छु ।

# विषयसुची (Table of Contents)


परिच्छेदः एक

**परिचय** **१-९**

१.१ अध्ययन पृष्ठभुमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धनात्मक प्रश्नहरु ८

१.६ अध्ययनको परिसीमा ८

१.७ शब्दावली र परिभाषा ९

परिच्छेदः दुई

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** **१०-१७**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ अध्ययनको सैद्धान्तिक खाँका १५

२.३ पुनरावलोकनको उपदेयता १७

परिच्छेदः तीन

**अध्ययन विधि** **१८-२०**

३.१. अनुसन्धन ढाँचा १८

३.१.१. नमुना छनौटका आधारहरु १८

३.१.२. जनसंख्या १८

३.१.३. जनसंख्याको आकार १८

३.१.४ नमुना छनौट प्रक्रिया १९

३.२ अध्ययनका साधनहरु १९

३.३ तथ्याङ्कका स्रोतहरु १९

३.३.१. प्राथमिक स्रोत २०

३.३.२. द्वितीय स्रोत २०

३.४ तथ्याङ्क संकलन प्रक्रिया २०

३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया २०

परिच्छेदः चार

४. नतिजाको छलफल २१-४७

४.१ शिक्षकको पेशागत विकास तालिमको सिप अनुभवको अवस्था २१

४.१.१ अध्यन क्षेत्रको विधार्थीहरुको विवरण २२
४.१.२ अध्ययन क्षेत्रको शिक्षकहरुको विवरण २३
४.१.३ विद्यालयगत शिक्षक विवरण २४
४.१.४ विषयगत शिक्षक तालिम प्राप्त शिक्षक विवरण ३४
४.२ शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन प्रक्रियाको विश्लेषण ४४
४.३ शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यन्वयनमा समस्या र समाधान ४५
४.३.१ शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनमा देखिएका समस्याहरु ४६
४.३.२ समस्या समाधानका लागि सुझावहरु ४७
परिच्छेदः पाँच
निष्कर्ष र सुझावहरु ५०-५४
५.१ निष्कर्ष ५०
५.२ सुझावहरु ५१
५.२.१ नीतिगत तह ५१
५.२.२ अभ्यास तह ५२
५.२.३ अनुसन्धान तह ५४

**सन्दर्भसूची**

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षकको पेशागत विकास तालिम भनेको पेशा प्रति निष्ठावान, जवाफदेहि, लगनशिलता आदी कुरा पर्दछ । पेशाप्रति लगाव हुनु नै पेशागत विकास हो किसानहरुले खेतिपाती प्रति लगनशिल भए झैं शिक्षक पनि आफ्नो पेशा प्रति लगनशिल साथै उक्त क्षेत्र प्रति सबै प्रकारको प्राविधिक, बैज्ञानिक, मनोवैज्ञानिक र दार्शनिक ज्ञान भएको व्यक्ति हुनु पर्छ । पेशागत भन्ने साथै आफूले गरेको काम प्रति आफू सन्तुष्टि साथै फलदायी हुनु पर्छ । शिक्षक भनेको आफू जलेर अरुलाई उज्यालो दिने पेशा हो जो व्यक्ति जुन क्षेत्रमा छन उ त्यस क्षेत्र प्रति पेशागत हुनु पर्छ । जस्तैः व्यवसायिक पेशा, बैंकिङ्ग पेशा, खेतीपाती पेशा जस्तै शिक्षक पेशा पनि एउटा महत्वपूर्ण पेशा हो । त्यसै कारणले शिक्षकले पनि आफूलाई आवश्यक ज्ञान, सिप साथै पेशागत विकास तालिमबाट प्राप्त हुन्छ । यो कार्यक्रम मूलत शिक्षकहरुलाई दिईने तालिम हो यस तालिमले शिक्षकलाई आफ्नो पेशा प्रति आर्कषण गर्न पनि सहयोग पुऱ्याउन सक्दछ ।

मानव विकासको मेरुदण्ड भनेको शिक्षा हो । शिक्षा मानव चेतना विकासको माध्यम हो । मानिस सामाजिक प्राणी भएको हुनाले समाज विकासको माध्यम शिक्षा हो । शिक्षाले मानव विकास संशाधनको विकास गराउने गर्दछ । यसले विभिन्न प्रकारको पेशामा आवद्ध बनाई पेशागत विकास गराउने गर्दछ ।

पेशागत विकास भनेको पेशा प्रति निष्ठा, निपूण, लगनशिलता वा समर्पित भएको भन्ने बुझिन्छ । पेशा प्रति विशेषज्ञता प्राप्त गर्नु भन्ने बुझ्न सकिन्छ । शिक्षालाई गुणस्तर बनाउनको निम्ति सरकारले लगानी गरे अनुसार प्रतिफल प्राप्त गर्न सकेको छैन । त्यसको प्रमुख कारण शिक्षक आफ्नो पेशा प्रति पेशागत विकास गराउन नसक्नु हो । कुनै पेशामा लागेपछि त्यस पेशालाई पेशागत गराउनु नै पेशागत विकास हो ।

वि.सं. २०२८ देखि प्रारम्भ गरिएको नीति बमोजिम प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त उम्मेदवारहरु मात्र शिक्षक पेशामा प्रवेश गराउने र सेवारत मध्ये सबैलाई दुवै योग्यता प्राप्त तुल्याउन महान जिम्मेवारी पुरा गरि सकेको छ र यस योजनामा लगभग १५० मिलियन डलर भन्दा बढी लगानी भएको छ । वि.सं. २०६६ सालमा सम्पूर्ण सेवाकालिन शिक्षकहरुको १० महिने तालिम

सम्पन्न भई सकेपछि शिक्षकको पेशालाई अझ मर्यादित र पेशा पद्धति लगनशिलता बढाउनुको लागि वि.सं. २०६६ सालमा नेपाल सरकारले शिक्षकको पेशागत विकासका आवधारणा अगाडि ल्यायो । यसै क्रममा वि.सं. २०६७०६८ देखि यस कार्यक्रमका थालनी भएको पाईन्छ ।

यो योजना सन् १९९२ देखि प्रारम्भ भएको प्राथमिक शिक्षा विकास परियोजनाद्वारा प्राथमिक तहका लागि र माध्यमिक तहका लागि १० महिने शिक्षक तालिमको आवश्यकतालाई पुनरावृत्ति गरी यसको विस्तारित रुपमा सञ्चालनका लागि नीतिगत, भौतिक संस्थागत, पाठ्यक्रम/सामग्री एवम् कार्यक्रमगत निर्माण गरियो । यसै गरी सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना (२००१-२०१५) द्वारा सन् २००९ सम्ममा ९९ प्रतिशत प्रा.वि. शिक्षकहरु तालिम प्राप्त तुल्याई सक्ने लक्ष्य निर्धारण गरे बमोजिम र तालिम नीति २००५ द्वारा विद्यालय तहका सम्पूर्ण कार्यरत शिक्षकहरुलाई १० महिने तालिम प्राप्त तुल्याउने नीति जारि गरियो । शिक्षक शिक्षण आयोजना २००२-२००९ र माध्यमिक शिक्षक सहयोग कार्यक्रम २००२-२००९ अन्तर्गत देशभरि विस्तारित रुपमा तालिम सञ्चालन गर्न विस्तारित तालिम सञ्जाल स्थापना गरी तालिम अप्राप्त सम्पूर्ण शिक्षकहरुमा लुकेको क्षमतालाई प्रष्ट गर्ने राष्ट्रिय अभियान कार्यान्वयन गरियो । परिणाम स्वरुप आश्विन वि.सं. २०६६ भित्र स्वीकृत दरबन्दीमा कार्यरत सबै सेवाकालिन शिक्षकहरु (९८.२ प्रतिशत) लाई १० महिने पेशागत योगयता प्राप्त तुल्याउन लक्ष्य हासिल गर्ने लक्ष्य हासिल गरियो ।

पाठ्यक्रम कार्यान्वयन गर्ने थलो कक्षाकोठा हो । तसर्थ शिक्षकले कक्षा शिक्षकका क्रममा सिकाई उपलब्धि प्राप्त भए कि भएनन् ? शैक्षणिक प्रक्रियाको कुन पक्षमा कस्तो कमी कमजोरी रह्यो ? भनी थाहा पाउन जरुरी हुन्छ । तत्पश्चात् मात्र शिक्षण सिकाईमा अपेक्षित सुधार गर्दै पाठ्यक्रमको सफल कार्यान्वयन गर्न शिक्षकले भूमिका खेल्न सक्छ भने विद्यार्थी पनि सजिलै सिकाई उपलब्धि हासिल गर्न सक्छ र सिकाई प्रति अझ बढी सक्रिय भई जीवन पर्यन्त सिकाईका लागि तत्पर रहन्छ । साथै अभिभावकले पनि आफ्नो नानीहरुको प्रगति सन्तोषजनक पाएमा विद्यालय शिक्षा प्रति समुदायको चासो बढाउन सकिन्छ । फलतः पाठ्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनमा शिक्षक, विद्यार्थी, अभिभावक सबैको सक्रिय सहभागिता वृद्धि गर्न सकिन्छ ।

शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र सुधारको योजना विकास गर्न सहभागितात्मक प्रक्रिया अपनाएको थियो । यसका लागि विषयगत समूहद्वारा सम्बन्धित विषयक्षेत्रमा विद्यमान समस्या सबलता र

दुबर्लता तथा अवसर र विकल्पहरु सम्बन्धि विषयगत तयार गराई छलफल गरिएको थियो । यस्तो छलफलले सुधारेका लागि अवधारणात्मक मार्ग तयार गरेको थियो । यी अवधारणा पत्रहरु लगायत विभिन्न अनुसन्धानका नतिजा तथा सम्बन्धित विशेषज्ञका दृष्टिकोणहरु समेत समावेश गराई शिक्षा मन्त्रालयले वि.सं. २०६३ मा विद्यालय शिक्षामा सुधार सम्बन्धि अवधारणा पत्र तयार गऱ्यो । विशेषज्ञहरु, पेशागत समूह तथा सरोकारवालाहरुको संलग्तामा राष्ट्रिय क्षेत्रीय जिल्ला, समुदाय तथा विद्यालय तहमा व्यापक रुपमा छलफल गरी तयार गरिएको विद्यालय क्षेत्र सुधारको अवधारणालाई नेपाल सरकारले वि.सं. २०६४ मा स्वीकृति प्रदान गऱ्यो ।

नेपाल सरकारका अनुरोधमा विकास साझेदारहरुले २०६६ असारमा विद्यालय क्षेत्र सुधार योजनाको पुनरावलोकन गरी आ.व. २०६६।०६७ देखि यो योजना कार्यान्वयन गर्ने सहयोग प्रदान गर्ने सहमति भयो । सरकारले सुधार प्रक्रियाका लागि आवश्यक तयारी कामलाई जोड दिई कार्यान्वयन प्रक्रिया थालनी गरेको छ । सबैका लागि शिक्षा तथा माध्यमिक शिक्षा सहयोग कार्यक्रमका अनुभवमा आधारित भई क्षेत्रगत योजनाका रुपमा विकास गरिएको विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयन देशभर र प्रारम्भ भएको छ । (विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२)

हाल स्वीकृत दरबन्दीमा कार्यरत ७१ प्रतिशतभन्दा बढी प्राथमिक तहका शिक्षकहरु तालिम प्राप्त छन् । त्यस्तै नि.मा.वि. र मा.वि. क्रमशः ५५ प्रतिशत र ७९ प्रतिशत शिक्षकहरु तालिम प्राप्त छन् । (फ्ल्यास २००८) प्राथमिक तहमा निजी क्षेत्रबाट स्थापना भएका शिक्षक तालिम केन्द्रहरुबाट पूर्वसेवाकालिन तालिम दिलाउन प्रावधान छ भने नि.मा.वि. र मा.वि. का लागि पूर्व सेवाकालिन तालिम विश्व विद्यालयका क्याम्पसहरु (शिक्षा संकाय) र उच्च माध्यमिक विद्यालयहरु मार्फत दिइदै आएको छ ।
शैक्षिक जनशक्ति विकास केन्द्रले मुलुकका विभिन्न क्षेत्रमा रहेका आफ्नो शैक्षिक तालिम केन्द्रहरु तथा माध्यमिक शिक्षकहरुका लागि प्रमाणीकरण तथा पुर्नताजगी तालिम दिदै आएको छ । शिक्षण पेशामा आउनका लागि तालिम प्राप्त गर्नु अनिवार्य छ । (विद्यालय सुधार योजना २०६६-२०७२)

शिक्षक तालिमका लागि दक्षता गुणस्तर तथा यसको मुलकभर फैलावटको हिसाबले संस्थागत क्षमताको विद्यमानता छ यसले पूर्व सेवाकालिन तथा सेवाकालिन शिक्षक तालिम तथा विकासका निम्ति दिगोपन तथा लागत प्रभावकारिताको अवसर प्रदान गर्छ ।

आधारभूत र माध्यमिक दुवै तहका शिक्षकको पेशागत वृत्ति विकासका चारचरण/तह हुनेछन् । नवप्रवेशी, अनुभवी, निपूर्ण र विशेषज्ञ/विभिन्न सूचकहरु जस्तैः पूरा समयभरि कार्य गर्ने, ज्येष्ठता, योग्यता, तालिम र विद्यार्थीहरुको उपलब्धिलाई आधार मानी शिक्षकहरुका बढुवा/स्तरोन्नति गर्ने प्रावधान राखिनने छन् आफ्नो योग्यता बढाउनु भन्दा स्वैच्छिक अवकास लिन चाहाने शिक्षकका लागि प्रोत्साहनका पाइकेज उपलब्ध गराएको छ । (विद्यालय क्षेत्र सुधार योजना २०६६।२०७२)

पाँच वर्षको अवधिभित्र सबै तहका (बाल विकास देखि कक्षा १२ सम्म) शिक्षकहरुका लागि अगुवा/स्रोतकेन्द्रमा मागमा आधारित तथा पुर्नताजगी शिक्षक तालिमको विकास र कार्यान्वयन गरिएको छ । विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत शिक्षक तालिम सञ्चालन गर्नका लागि विद्यालय व्यवस्थापन समितिलाई आवश्यकता अनुसार रकम उपलब्ध गराएको पाइयो । योजना अवधि भित्र करिब ५०,००० शिक्षकहरुलाई लक्षित गरिएको छ । यस उद्देश्यका लागि करिब ७५० प्रशिक्षकहरु उत्पादन गरिसकेको छ । (विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२)

विशेषता, यो कार्यक्रम विद्यालय सुधार योजना अन्तर्गत भित्रको एउटा कार्यक्रम हो । यसबाट शिक्षकको पेशालाई पेशागत गराउन साथै यसलाई जिम्मेवारीको बोध गराउन रहेको पाईन्छ । यो कार्यक्रम विशेषता सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई शैक्षिक तथा प्राज्ञिक दुवै योग्यता प्राप्त गर्ने अभियानको रुपमा रहेको छ । यो कार्यक्रम ३ वर्षे योजना भित्र पर्दछ । यसलाई प्रथम, दोस्रो र तेस्रो गरि ३ मोडूलमा तयार गरेको पाइन्छ । पहिलोमा ५ दिने शैक्षिक तालिम केन्द्रमा र ५ दिने सम्बन्धित विद्यालयमा गई (३ दिन व्यक्तिगत तयारी र २ दिन परामर्श) मा बिताउने समय रहेको पाईन्छ । एवम् रुपले १०×३=३० दिनको कार्यक्रम रहेको पाईन्छ । शिक्षकको पेशागत विकास गराउने हेतुले यस कार्यक्रमलाई पुर्नताजकीको कार्यक्रम पनि भन्ने गरिन्छ । यस कार्यक्रमको प्रथम चरणमा शैक्षिक तालिम केन्द्रबाट जारी गरि जि.शि.का./स्रोत केन्द्र मार्फत सम्बन्धित शिक्षकको समस्यालाई शिक्षक विकास योजना (टि.आई.पी.) मार्फत समस्याको माग गरिन्छ । त्यस पश्चात शैक्षिक तालिम केन्द्रका प्रशिक्षक/विनीले त्यसको मुल समस्याको अध्ययन गर्ने गर्दछ । त्यसै माग अनुसार कार्यक्रमहरु तयार गर्ने गर्दछ । प्रशिक्षक रोस्टर सम्बन्धित विषयगत साथै कार्यरत शिक्षकहरुबाट नै नियुक्ति गराई कार्यक्रम सञ्चालन गरेको पाईन्छ । समस्याहरु विषयगत अथवा पेशागत दुवैलाई सूचीकृत गर्न सकिन्छ । अन्तमा प्रशिक्षक/विशेषज्ञहरुबीच कार्यशाला सञ्चालन गरि प्रोफाइल तयार गर्ने गर्दछ । यस कार्यक्रमको लागि प्रा.वि./नि.मा.वि. तह शिक्षकको हकमा

स्रोत केन्द्र अथवा स्रोत केन्द्रले सञ्चालन गरेको त्यसै गरि मा.वि. शिक्षकको हकमा भने शैक्षिक तालिम केन्द्रबाट सञ्चालन भएको पाईन्छ । आ. वर्ष २०६८।०६९ सम्ममा दोस्रो मोड्ुल सम्म सञ्चालन भएको पाईन्छ । यो कार्यक्रम ५ वर्षे कार्यक्रम हो । ५ वर्षे भित्तमा सबै सामुदायिक विद्यालय शिक्षकहरुले यो तालिम प्राप्त गरि सक्नु पर्ने हुन्छ ।

**१.२समस्याको कथन**

शिक्षा क्षेत्रलाई प्रभावकारी बनाउने क्रममा धेरै अनुसन्धान र खोजहरु भएको पाईन्छ । धेरै धेरै आयोग र परियोजनाहरु बने र कार्यान्वयन भएको पाईन्छ । वि.सं. २०६६ आश्विनसम्ममा सम्पूर्ण (९८.२ प्रतिशत) सामुदायिक विद्यालयमा कार्यरत सेवारत शिक्षकहरु १० महिने तालिम प्राप्त गरिसकेको अवस्था छ । वि.सं. २०२८ को शिक्षामा किटान गरे अनुसार प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त शिक्षकहरु मात्र शिक्षण पेशामा प्रवेश गराउने नीति रहेको पाईन्छ । शै.स. २०६८।२०६९ मा लगभग सम्पूर्ण शिक्षकहरुले पहिलो मोडल अथवा दोस्रो मोडुल सम्पन्न गरेको पाइयो । आगामी आ.व. मा अन्तिम मोडूल/तेस्रो मोडूल पनि सम्पन्न गर्ने लक्ष्य रहेको शैक्षिक तालिम केन्द्र/स्रोत केन्द्रबाट जानकारी प्राप्त गरियो अथवा आ.व. २०७०।२०।०१ सम्ममा यो कार्यक्रम सक्नु पर्ने नेपाल सरकारको योजना रहेको पाइयो ।

नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालयहरु सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई वृद्धि विकास गर्ने हेतुले यो कार्यक्रम निरन्तर सञ्चालन गरिएको पाइन्छ । अहिलेको शैक्षिक गुणस्तर खस्किदो अवस्थामा यस कार्यक्रमको केही टेवा पुऱ्याउने आशा राखेको पाईन्छ । शिक्षकको क्षमता वृद्धि साथै गुणस्तरको सम्बन्ध रहेको हुँदा त्यसमा वृद्धि विकासको आवश्यक रहेको पाईन्छ । अहिलेका विद्यालय क्षेत्र सुधार योजना लागू भए पश्चात यस कार्यक्रमले द्रुत गति लिएको पाईन्छ ।

अहिलेको अस्थिर राजनैतिकको कारण र शिक्षा नीतिमा चाँडो चाँडो राजनैतिक परिवर्तनले गर्दा कार्यान्वयन पक्षलाई केही असुविधा साथै प्रभावकारी कार्यान्वयन गर्न सफल भएको पाएको छैन । तथापी यस कार्यक्रमले शिक्षकमा पेशागत विकास प्रति लोभ्याएको भने निश्चित छ । समय र परिस्थितिको अनुसार सरकार, शिक्षक, अभिभावक साथै सबै सरोकारवालाहरु सचेत र जागृत हुन आवश्यक देखिन्छ ।

शिक्षकको पेशागत विकासमा तालिम कार्यान्वयन सम्बन्धमा समस्याको रुपमा खडा भएको देखिन्छ । विशेष गरेर शिक्षकहरुले तालिम केन्द्रमा प्राप्त गरेका ज्ञान सिपलाई कक्षा कोठामा प्रयोग गरिरहेको पाइएन । शिक्षकहरुले कक्षा कोठामा प्रयोग गर्ने शिक्षण विधि शैक्षिक सामग्रीको न्यून प्रयोग गर्ने भएको हुदाँ समस्यालाई विकराल रुपमा लिएको छ । यदि शिक्षकले तालिम केन्द्रमा प्राप्त गरेको ज्ञान सिपलाई व्यवहारिक रुपमा प्रयोग गरेको भए अहिलेको सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर खस्कदो अवस्था नहुने थियो निति एक ठाउँमा छ प्रयोग अर्कै ठाउँमा छ त्यसैले  यसको कार्यान्वयन पुर्ण रुपमा भएको पाइरहेको छैन ।

शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यान्वयन वि.सं. २०६६।०६७ देखि शुरु भई वि.सं. २०७०।०७१ सम्ममा समापन गर्न पर्ने प्रावधान अनुरुप आ.व. २०६८।०६९ सम्ममा आधारभूत तथा माध्यमिक गरि पहिलो र दोस्रो मोडूल लगभग सकेको भए पनि कार्यान्वयन पक्ष कस्तो प्रकारको सुधारात्मक छ भन्ने बारेमा निरिक्षण र अनुगमनको आवश्यक देखिएको छ ।

यस अध्ययनले सुनसरी जिल्लाको धरान न.पा. को सम्पूर्ण सामुदायिक विद्यालयको अध्ययन गर्दा आ.व. २०६८।०६९ मा दोस्रो मोडूलसम्ममा सबै शिक्षकहरुले सहभागी भएको पाइयो । यस कार्यक्रमलाई प्रभावकारी बनाउन सम्पूर्ण शिक्षण प्रशिक्षक, जि.शि.का. शैक्षिक तालिम केन्द्र तथा स्रोत केन्द्रको सकारात्मक भूमिका रहेको पाइयो । यस अध्ययनको क्रममा आफ्नो पेशागत विकास गराउन पर्छ भन्ने ध्येय रहेको शिक्षकहरु पनि धेरै मात्रामा पाइयो । अझ त्यस प्रकारका कुनै छुटफुट भए सुझाव दिनुहुन्छ भन्ने आशाले गर्दा यो शोध प्रस्तावना तयार पारिएको छ ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनले सम्पूर्ण शिक्षा संग सम्बद्ध सरोकारलाई सहयोग गर्न सक्दछ । शिक्षकहरुलाई आफ्नो पेशा पति उत्तरदायि बनाउन सक्दछ । प्रधानाध्यापकलाई आफ्नो प्रशासनिक दक्षता प्रति सहयोग पुग्न सक्दछ । विधार्थीहरुलाई आफ्नो शिक्षकको शिक्षण सिकाई प्रति धेरै सकृय र सचेत बनाउन सक्दछ । अभिभावकहरुलाई आफ्नो बाल बालिकाको शिक्षा प्रति उत्तरदायि बनाउदछ । एवं रुपले निरिक्षकहरुलाई आ-आफ्नो प्रकारले अगाडी बड्ने मौका मिल्दछ ।

कुनै पनि अध्ययन र अनुसन्धानले शिक्षा प्रणालीका विविध पक्षहरुलाई फाइदा पुग्ने छ । अध्ययन र अनुसन्धानले आफूमा भएर पनि लुकेका ज्ञानहरु प्रस्फुटन गर्ने गर्दछ । आफ्नो पेशा प्रति निष्ठावान र लगनशिलता हुने गर्दछ । यस अध्ययनले अहिलेको ताजा अवस्थालाई हृदयगम गरि नयाँ सोच र प्राविधिकको प्रयोग गर्न सक्ने क्षमताको विकास गर्ने छ । आफ्नो पेशागत साथै विषयगतमा विशेषता प्राप्त गर्न सक्छ । सबै शिक्षासँग सम्बन्धित सरोकारवालाहरुलाई पनि सरोकारको विषय बनी शिक्षकलाई पेशागत विकास गराउनु पर्छ भन्ने भावना जागृत गराउँछ । शिक्षाको गुणस्तरलाई वृद्धि गराउने बाटोमा यस अध्ययनले सहयोग गर्छ ।

विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत यस अध्ययनले राष्ट्रिय क्षेत्र र जिल्ला स्तरसम्ममा प्रभावकारी कार्यान्वयन गर्न सक्छ । यस अध्ययनले सबै स्तरमा अनुगमनमा सरलता ल्याई कार्यक्रम निर्माण गर्ने योजना निर्माण गरी कार्यान्वयन गर्न र उपयोग गर्न सहयोग पुग्नेछ । साथै सबै सरोकारवालाहरुलाई सचेत र जागृत गराई आफ्नो पेशा प्रति गौण गराउन सक्छ ।

हालको विद्यालय संरचनालाई परिवर्तन गरि नयाँ संरचनाका लागि शैक्षिक गुणस्तर वृद्धि गराउन यस अध्ययनले जोड दिएको पाईन्छ । खस्कदोगुणस्तरलाई वृद्धि गर्न पर्ने देखिए अनुसार त्यस अध्ययनलाई विस्तारित रुपमा अगाडि बढाएको छ । नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक जनशक्ति तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्र मार्फत यो तालिम कार्यक्रम आधारभूत देखि माध्यमिकसम्मलाई नै समेट्ने छ ।

यस कार्यक्रम विद्यालय भित्र कतिको कार्यान्वयन भईरहेको छ त्यसको बारेमा पनि सरोकारवालाहरुले जानकारी राख्नु चासोको विषय हो । सरकारले कार्यक्रम ल्याउँछ तर कार्यान्वयन भएन भने त्यसको औचित्य के रह्यो । समयमा नै अनुगमन र निरिक्षणलाई साथै लैजानु पर्ने हुन्छ ।

यस अध्ययनको मुख्य औचित्य भनेको नै असहज शिक्षणको गुणस्तरलाई सहज बनाई गुणस्तर वृद्धि गराउन रहेको पाईन्छ । दिन प्रति दिन सामुदायिक विद्यालय र सार्वजनिक (निजी) विद्यालयहरु बीचको खाडल झन झन विकराल रुप लिएको प्रष्ट देखिन्छ । सामुदायिक विद्यालयको शिक्षकहरु सक्षम, तालिम प्राप्त र अनुभवी छन् तर पनि सिकाई उपलब्धि भने आकाश जमिनको फरक देखिन्छ । सरकारले पनि त्यसैलाई मध्यनजर गरी यो कार्यक्रम ल्याएको हो । यदि शिक्षकमा पेशागत

विकास गराउन सफल भएमा सबै शैक्षिक क्षेत्रलाई नै प्रभाव पर्ने हुँदा पेशागत विकासलाई सरकार शैक्षिक विज्ञहरुको सोच अनुरुप यो कार्यक्रम ल्याएको पाईन्छ ।

तत्कालिन नेपाल सरकार, शिक्षा मन्त्रालयले पनि शिक्षकलाई वि.सं. २०६५।०६६ सम्ममा सम्पन्न गर्न निर्देश दिए बमोजिम नै शिक्षकको सेवाकालिन तालिम सम्पन्न भईसकेको छ । तथ्याङ्क अनुसार वि.सं. २०६६ असोजसम्ममा सबै शिक्षक (९८.२ प्रतिशत) तालिम प्राप्त भई सके पश्चात यो पेशागत विकासको कार्यक्रमलाई पुर्नताजगी तालिमको रुपमा स्थापित गर्न यो अध्ययनले सम्बद्ध पक्षलाई सहयोग गर्दछ ।

यो कार्यक्रम अहिले सम्पन्न भई नसकेको अवस्था तर भईरहेको अवस्था भएको कारणले अहिले नै यस कार्यक्रमको पूर्ण औचित्यलाई मुल्याङ्कन गर्न समेत सापेक्ष नहुन सक्छ ।

यस अध्ययनले निरिक्षण र अनुगमनलाई पनि सहज बनाउँछ । सबै शैक्षिक सरोकारवालालाई चासोको विषय बन्ने छ । वर्तमान सामुदायिक विद्यालयका शिक्षाको गुणस्तरको अवस्थालाई पनि यस अध्ययनले टेवा पुऱ्याउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार छन् ।

१. शिक्षकहरुको पेशागत विकासमा तालिमको सिप/अनुभव कार्यान्वयनको अवस्था पहिचान गर्नु ।

२. शिक्षकको पेशागत विकास तालिमको कार्यान्वयन प्रक्रियाको विश्लेषण गर्नु ।

३. शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गर्ने र सुझाव दिने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनको क्रममा निम्न अनुसन्धानात्मक प्रश्नहरुमा केन्द्रित प्रश्नहरु राखिएका छन ।

१. सामुदायिक विद्यालयका शिक्षकको पेशागतको कार्यान्वयनको अवस्था कस्तो छ ?

२. सामुदायिक विद्यालयका शिक्षकको पेशागत विकास तालिम कार्यान्वयन प्रक्रिया कस्तो छ ?

३. शिक्षकको विकास योजना (टि.आई.पी) सम्बन्धमा सम्बन्धित शिक्षकको धारणा के कस्तो छ ?

४. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत विकास तालिम कार्यान्वयनमा के कस्तो समस्या छ ?

५. शिक्षकको पेशागत विकास तालिम कार्यक्रमको सम्बन्धमा प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक, स्रोतव्यक्ति, वि.नि. र विद्यार्थीहरुका मुल समस्याहरु के के छन् र ती समस्याहरु समाधान गर्न प्रभावारी उपायहरु के के हुन सक्छन ?

## १.६ अध्ययनको परिसीमा

अध्ययन र अनुसन्धानको क्षेत्रमा परिसीमाको विशेष भुमिका रहेको हुन्छ । यस अध्ययनलाई पनि निम्नानुसार परिसीमा राखिएको छ ।

यो अध्ययन सुनसरी जिल्लाको धरान न.पा. अर्न्तगत पर्ने ३६ वटा सामुदायिक वि., प्रा.वि. (१-५) नि.मा.वि. (१-८) र मा.वि. (१-१२), सम्ममा सीमित छ । धरान अर्न्तगत विद्यालयमा शिक्षकको पेशागत विकास तालिमको कार्यान्वयनमा देखिएका चुनौतीहरु अध्ययन गर्ने विषय वस्त मात्र, यस अध्ययनका प्रमुख विषय रहेको छ । यो अध्ययन आ.व. २०६७।०६८ र आ.व. २०६८।०६९ को प्राप्त तथ्याङ्क र सूचनाका आधारमा सम्पन्न गरिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक (जम्मा ६ वटा) प्रा.वि. २, नि.मा.वि. २ र मा.वि. २ को उद्देश्यमुलक नमुना छनौट प्रक्रियाबाट छनौट गरिएको छ । अध्ययन क्षेत्रभित्र परेका सम्पूर्ण विद्यालयहरु शहरी क्षेत्रमा परेको हुनाले यसको निष्कर्ष अन्य क्षेत्रका विद्यालयसँग मेल नखान सक्छ ।

## १.७ शब्दावली र परिभाषा

**सामुदायिक विद्यालय** : सरकारबाट अनुदान प्राप्त विद्यालय ।

**विद्यालय व्यवस्थापन समिति** : शिक्षा ऐनमा व्यवस्था भए अनुसार विद्यालयको आर्थिक, शैक्षिक साथै प्रशासनिक व्यवस्थापन र रेखदेख गर्नका लागि गठन भएको समिति ।

**प्रधानाध्यापक** : शिक्षा ऐनले तोके अनुसार सामुदायि विद्यालयको प्रशासनिक कार्यको जिम्मेवारी अख्तियार प्राप्त व्यक्ति ।

**शिक्षक** : शिक्षा ऐनले तोके अनुसार योग्यता प्राप्त सामुदायिक विद्यालयमा कार्यरत शिक्षक ।

**स्रोतकेन्द्र** : शिक्षा नियमावली बमोजिम निश्चित क्षेत्रभित्रका विद्यालयहरुका शैक्षिक गति विधिलाई सहजीकरण गर्नका निम्ति तोकिएको शैक्षिक केन्द्र ।

**पेशागत** : सम्बन्धित पेशा प्रति विशेषता प्राप्त ।

**विद्यालय निरिक्षक** : शिक्षा ऐनले तोके अनुसार योग्यता प्राप्त प्रशासनिक व्यक्ति ।

**अभिभावक** : विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनि विद्यालय अभिलेखमा उल्लेख भएका व्यक्तिहरु वा शिक्षा नियमावलीले तोकेको व्यक्तिहरु ।

**श्रोतव्यत्ति** : शिक्षा ऐनले तोके अनुसार योग्यता प्राप्ति तथा विद्यालयको अनुगमन निरिक्षण तथा सुपरिवेक्षण गर्न सरकारी तवरबाट नियुक्त जिल्ला शिक्षा कार्यालयको कर्मचारी ।

# परिच्छेद दुईः

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैदान्तिक खाकाले कुनै पनि अध्ययनलाई गहिराई सम्म पुऱ्याउने गर्दछ । साहित्यको पुनरावलोकनबाट विभिन्न विज्ञहरुबाट प्राप्त गरेको ज्ञान, सिपलाई यस अध्ययनको शिर्षक संग मेल खाने खालको अध्ययनको सम्बन्धमा खोज अनुसन्धान गरी पुन यस अध्ययनलाई नौलो ठगंमा प्रस्तुत गर्न सहयोग मिल्छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकन शोधर्ताको लागि अग्रणी स्रोत हुन्छ । शोधकर्तालाई आफ्नो अनुसन्धानको गहिराईसम्म अध्ययन अनुसन्धान गरी यथार्थपरक सुझाव दिन आफ्नो शोधपत्रलाई बलियो आधार प्रदान गर्न सम्बन्धित साहित्यका पुनरावलोकनले ठुलो सहयोग पुग्छ । यसले शोधकर्तालाई आफ्नो विषय वस्तुसँग सम्बन्धित अनुसन्धान योग्य परिकल्पनाहरु उपयुक्त परिक्षण तथा तथ्याङ्क संकलन र विश्लेषण गर्ने मार्ग निर्देशन गर्छ । शोधपत्रसँग सम्बन्धित साहित्यको पुनरावालेकन गर्ने क्रममा अनुसन्धान कर्ताहरुद्वारा लिखित विभिन्न सन्दर्भग्रन्थहरु प्रतिवेदनहरु विभिन्न विद्वानहरुद्वारा अध्ययन गरी निस्किएको निष्कर्षहरुलाई निचोडको रुपमा प्रस्तुत गरिएको छ ।

शिक्षा नीति (२०२८) ले व्यवस्था गरे अनुसार शिक्षक पदमा नियुक्ति पाउनु पेशागत र विषयगत विकासलार्य महत्वपूर्ण रुपमा दिएको पाईन्छ । त्यस समयको शिक्षा नीतिमा पनि शिक्षकको पेशागत विकास बारेमा पनि चर्चा गरेको पाईन्छ । शिक्षक पदमा नियुक्ति पाउनु अगावै प्राज्ञिक र शैक्षिक दुवै योग्यता प्राप्त गर्नु पर्ने प्रावधान रहेको पाईन्छ । उक्त नीति अनुसार शिक्षालाई प्रभावकारी बनाउन नर्मल तालिम समेत सञ्चालन गरेको पाईन्छ ।

प्राथमिक/माध्यमिक शिक्षा विकास योजना (सन् १९९२) का अनुसार १० महिने शिक्षक तालिमको आवश्यकतालाई पुनरावृत्ति गरी यसको विस्तारित रुपमा सञ्चालनका लागि नीतिगत भौतिक, संस्थागत पाठ्यक्रम/सामग्री एवं कार्यक्रमगत पूर्वाधार निर्माण गरियो । त्यसै गरी “सबैका लागि शिक्षा” राष्ट्रिय कार्ययोजना (२००१-२०१५) द्वारा सन् २००९ सम्ममा ९९ प्रतिशत प्राथमिक शिक्षकहरु तालिम प्राप्त बनाई सक्ने लक्ष्य निर्धारण गरे बमोजिम र तालिम नीति (२००५) द्वारा

विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरुलाई १० महिने तालिम प्राप्त बनाउने नीति जारी गरियो ।

शिक्षक शिक्षण आयोजना (२००२-२००९) र माध्यमिक शिक्षक सहयोग कार्यक्रम (२००३-२००९) द्वारा देश भरि विस्तारित रुपमा तालिम सञ्चालन गर्न “वृहत तालिम सञ्चालन स्थापना गरी तालिम अप्राप्त सम्पूर्ण शिक्षकहरुको Back log Clearance " गर्ने राष्ट्रिय अभियान कार्यान्वयन गरियो । परिणाम स्वरुप आश्विन २०६६ भित्र स्वीकृति दरबन्दीमा कार्यरत सबै सेवाकालिन शिक्षकहरु (९८.२ प्रतिशत) लाई १० महिने पेशागत योग्यता प्राप्त बनाउने लक्ष्य हासिल गर्न लक्ष्य हासिल गरियो ।

शिक्षक तालिम प्रभावकारिता अध्ययन (DOE, 2006) र शिक्षक तालिम सम्बन्धित प्रभावकारिता अध्ययन (CERID, 2005) लगायतका अनुसन्धानबाट सरकारद्वारा तालिम/पेशागत योग्यता प्राप्त शिक्षक संख्या बढोतरी द्रुत गतिमा वृद्धि गराउन सफल भए पनि तालिम प्राप्त शिक्षकहरुबाट तालिममा सिकेका सीप समग्र क्षमता ५० प्रतिशतको दरले मात्र कक्षाकोठामा प्रयोग भएका निष्कर्ष निकालेका छन् । (CERID 2005) द्वारा सञ्चालन गरेका फर्मेटिभ अनुसन्धानहरु समेतले शिक्षकहरुमा निहित ज्ञान एवम् सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धि स्तर बढाउन थप (Follow up Support) र निरन्तर शिक्षक पेशागत, गतिविधि सञ्चालन गर्न पर्ने आवश्यकता औल्याएका छन् । समग्रमा बाँकी दिनहरुमा सञ्चालन गर्ने यस्ता पेशागत गतिविधिहरु निरन्तर, समस्या समाधानमुखी विविधतायुक्त, स्थायीय एवम् शिक्षकको पेशागत आवश्यकतामा आधारित हुनु पर्ने विषयमा यी अनुसन्धानले जोड दिने छ । विश्वव्यापी अभ्यास र अनुसन्धान अनुसार पनि off the job भन्दा पनि on the job/school based एवम् cluster based शिक्षक विकास मोडेल उत्तम माएिको पाइन्छ ।

ज.व.रा. श्रेष्ठ र रञ्जितकार (२०६६) का अनुसार रा.शि.प. यो २०२८ ले विद्यार्थीका मुल्याङ्कनलाई व्यवस्थित गर्न, आन्तरिक मूल्याङ्कन प्रथामा जोड दिएको, नियमित रुपमा कक्षा कार्य, गृहकार्य दिने, विद्यार्थीको प्रगति विवरण राख्नु पर्ने, विद्यार्थीको नतिजा विद्यार्थी प्रगति विवरण कार्य समिति दिनुपर्ने, उपर्युक्त र स्तरयुक्त प्रश्न पत्रको विकास गर्नुपर्ने, उत्तरपुस्तिका वा परीक्षणमा आधुनिकता तथा वैज्ञानिक विधिको प्रयोग सञ्चालन गर्नुपर्ने सो परीक्षामा प्रा.वि. तहको प्रत्येक कक्षामा २५

प्रतिशत अंक आन्तरिक परीक्षाबाट जोड्नु पर्ने आफै व्यवस्था गरेको पाइन्छ । यसको प्रभावकारी कार्यान्वयनको निम्ति एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेका  र नर्मल तपसिल प्राप्त गरेका व्यक्तिहरुलाई शिक्षकमा नियुक्ति गर्न र थप तालिमको व्यवस्था गरेको पाइयो । ज.व.रा. तालिमको व्यवस्था गरेको पाइयो । ज.व.रा. श्रेष्ठ र रञ्जितकार (२०६६) ।

तीन वर्षीय अन्तरिम योजना (२०६४-२०६७) अनुसार आधारभूत तथा प्राथमिक शिक्षालाई प्रभावकारी बनाउन अपनाएको शैक्षिक विवेदीकरणको सिद्धान्त व्यवहारित रुपमा कार्यान्वयन ।

थापा, श्रेष्ठ, सिग्देल, लामिछाने (२०६८) का अनुसार उपयुक्त शिक्षक तथा कर्मचारीको छनौट पश्चात उनीहरुको पेशागत दक्षता तथा क्षमता अभिवृद्धि आवश्यक हुन्छ । शिक्षक तथा कर्मचारीको क्षमता बढाउन, कार्यक्षमता बढाउन विभिन्न किसिमले सेवाकालिन, पूर्ण सेवाकालिन तथा पुर्नताजगी तालिम व्यवस्था गर्नु पर्छ । कतिपय विद्वानले शिक्षा दिने र तालिम दिने कार्यलाई उस्तै उस्तै कार्य र उद्देश्यको रुपमा समेत लिएका छन् ।

तालिम भनेको एउटा साधन हो, जसबाट कुनै पनि व्यक्तिले आफुमा भएका ज्ञान,सीप र अभिवृद्धिलाई परिस्कृत गर्न पुर्नताजगी गर्न वा आफुमा भएको अभाव पुर्ति गर्न वा कमी कमजोरी हटाउन आवश्यक ज्ञान, सीपका धारणा प्राप्त गर्दछ ।

तालिमलाई एउटा पद्दतिको रुपमा लिन सकिन्छ । जस अनुसार कुनै व्यक्ति वा पदाधिकारीलाई तालिम प्रदान गर्दा तालिमको आवश्यकता पहिचानदेखि लिएर तालिम कार्यक्रमको रुपमा समावेश हुन्छ । शिक्षक तथा कर्मचारीले प्राप्त गर्नु पर्ने तालिमको आवश्यकता  पहिचान गर्नु आवश्यक हुन्छ । तालिमको आवश्यकता भनेको कुनै पनि व्यक्तिलाई उसले सम्पादन गर्नुपर्ने कार्यको लागि आवश्यकता ज्ञान, सीप तथा अभिवृद्धि विकास गर्नुहो ।

तालिम एक सिकाई अनुभव हो, जसले कार्य क्षमता अभिवृद्धि गर्दछ । अर्थात् तालिम एक सिक्ने प्रक्रिया हो । यसले शिक्षक तथा कर्मचारीको ज्ञान, सीप, मनोवृत्ति जस्ता व्यवहार एवं कार्य सम्पादन सकारात्मक परिवर्तन ल्याउँछ । तालिमबाट शिक्षक तथा कर्मचारीले कुनै नयाँ थप कुराको ज्ञान प्राप्त गर्दछ । यसले शिक्षक तथा कर्मचारीलाई कुनै खास काम के कसरी गर्ने आफ्नो सहकर्मी

तथा व्यवस्थापनसँग कसरी व्यवहार गर्ने भन्ने बारेमा ज्ञान दिलाउँछ । उक्त ज्ञान र अनुभवमा स्थायी परिवर्तन आउने गरी सिक्नु नै तालिम हो ।

सि.बि. मोमोरियाका अनुसार तालिम भनेको व्यवस्थित तथा संगठित पद्दति प्रयोग गर्ने लघुकालिन प्रक्रिया हो । जसद्वारा गैर व्यवस्था प्रक्रिया कर्मचारीहरुले एक निश्चित उद्देश्यका लागि ज्ञान तथा सीप सिक्छन् ।
ग्रेरी डेसलरका अनुसार तालिम भनेको त्यो प्रक्रिया हो जसको प्रयोग नयाँ तथा कार्यरत कामदारहरुलाई त्यो सीप सिकाउनका लागि गरिन्छ । जुन उनीहरुलाई उनीहरुका कार्य सम्पादनका लागि आवश्यक पर्दछ । (थापा, श्रेष्ठ, सिग्देल र लामिछाने् ०६६)

तालिम भनेको कुनै पनि कार्यको आवश्यकता पूरा गर्न सक्षम मानव साधन तयार गर्ने निरन्तर प्रक्रिया हो । तालिमले व्यक्तिमा स्थायी व्यवहारको प्रत्यारोपण गर्छ र उसको कार्य सम्पादनमा सुधार ल्याउँछ । त्यसकारण संगठनले सधैं तालिमको आवश्यकता पहिचान गरी शिक्षक तथा कर्मचारलाई तालिम दिई रहनु पर्दछ ।

थापा, श्रेष्ठ, सिग्देल, लामिछाने (२०६८) का अनुसार तालिम एक अत्यावश्यक र महत्वपूर्ण पक्ष भएको छ । एक प्रशिक्षित शिक्षकले निश्चित रुपमा पनि उपलब्ध सबै उपकरणको उचित प्रयोग गर्दछ । गुणस्तर वृद्धिमा अधिक कुशलता देखाउँछ । त्यसैले कुनै शैक्षिक संस्थाको कुशलता, कार्यक्षमता र प्रभावकारिताको निर्धारक अङ्कको रुपमा तालिमलाई स्वीकार गरिएको छ । प्रशिक्षित शिक्षकले भएको स्रोत साधन र समयलाई सही उपयोग गरी अधिक उपलब्धि हासिल गर्न सघाउ पुऱ्याउनका साथै उत्पादन लागतमा न्यूनता ल्याउने कुरा विभिन्न संघसंस्थाको नतिजा तथा अध्ययन र अनुसन्धानको समेत निष्कर्ष छ । आज तालिमको लोकप्रियता विश्वमा जताततै पाइन्छ ।

थापा, श्रेष्ठ, सिग्देल, लामिछाने (२०६८) का अनुसार जब व्यक्तिको समूहले पेशागत पक्षका दाबी गर्दछन् त्यस बेला उनीहरुले विशेष अधिकार र दायित्वको बोध गराउँछ । उनीहरुमा विशिष्ट ज्ञान, बुद्धिविवेक र आदार तथा सम्मानको कारण उनीहरुमा पेशागत क्षमताको विकासमा जोड दिन्छन् । पेशागत क्षमता अभिवृद्धि गर्न पेशागत आचारण वा संवाहक प्रणालीको विकास आवश्यक छ । पेशागत क्षमता कार्यका लागि विभिन्न पेशागत संगठन स्थापना गरिन्छ । जस्तैः नेपाल प्राध्यापक

संघ, नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघ, नेपाल शिक्षक यूनियन तथा नेपालबार एसोसियसन आदि । यस्ता पेशागत संघ, संगठनले आफ्नो पेशा तथा व्यवसायको विकास र विस्तारका साथै पेशागत उन्नति र प्रगतिको समेत कार्य गर्दछन् । सेवा प्रवेशको आधार तयार पेशागत शिक्षा र तालिमको व्यवस्था स्तर निर्धारण, वृद्धि र विकासको आधार तयार गर्ने कार्यान्वयन गर्ने समेत कार्य गर्दछ ।

शिक्षा विभाग (२००६) का अनुसार सबै तहका शिक्षकहरुको १ महिने तालिम सम्पूर्ण (९८.२ प्रतिशत) शिक्षकहरुलाई दिई सकेपछि शिक्षकको पेशागत विकास तालिम निरन्तर अभिवृद्धि  गर्ने आ.व. २०६७/०६८ देखि शुरु गरि यो कार्यक्रम सञ्चालन भएको पाईन्छ ।

शिक्षकको पेशागत विकास तालिम कार्यक्रम मागमा आधारित तालिम कार्यक्रम हो । यो कार्यक्रम सञ्चालन हुनुभन्दा अगाडि शिक्षकले शिक्षक सुधार योजना (TIP) सम्बन्धि स्रोत केन्द्र तथा शैक्षिक तालिम केन्द्रमा बुझाई उक्त शिक्षक सुधार योजना अनुरुप कार्यक्रम सञ्चालन गर्ने यो कार्यक्रम भएता पनि नीति अनुसार कार्यक्रम कार्यान्वयन भएको जस्तो देखिएको छैन ।

नेपाल (२०६९) का अनुसार शिक्षक सुधार योजना सबै विद्यालयमा तयार नभएको प्रायः जसो विद्यालयमा तयार भए पनि सोही अनुरुप कार्यक्रम सञ्चालन नभएको पाइयो । यो अध्ययन क्षेत्र भनेको धरान नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुलाई लिएको छ । जो कि धरान नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरु भौतिक पूर्वाधारले पूर्ण सम्पन्न देखिन्छ साथै उक्त विद्यालयका अध्यापनरत शिक्षकहरु पनि पूर्ण तालिम प्राप्त अनुभव प्राप्त देखिन्छ तर व्यवहारिक शिक्षामा भने कमजोर देखिन्छ । शिक्षकको पेशागत विकास कार्यक्रम एक मोडलमा १० दिनको भए अनुसार ५ दिन शैक्षिक तालिम केन्द्रमा प्रशिक्षक रोष्टरहरुको निगरानीमा फेस टु फेस खण्ड प्रशिक्षण कार्यक्रम सञ्चालन हुन्छ बाँकी ५ दिनमा ३ दिन स्वअध्यय खण्ड हुन्छ र अन्त्यमा २ दिन शैक्षणिक परामर्श खण्ड हुन्छ । जो सम्बन्धित शिक्षकको सम्बन्धित विद्यालयमा गई प्रशिक्षकज्यूहरुले शिक्षकहरुले गरेका क्रियाकलाप अध्ययन परामर्श आदि दिने कार्यक्रम हुन्छ । तर ५ दिनको शैक्षिक तालिम केन्द्रमा सञ्चालित कार्यक्रम मात्र प्रभावकारी भएको र बाँकी ५ दिनको कार्यक्रम भने औपचारिकतामा मात्र सिमित रहन्छ । शिक्षकले स्वअध्यय खण्डमा तयार पार्नुपर्ने चारवटा लेख, अनुसन्धान मध्ये २ वटालाई तयार गर्नुपर्ने हुन्छ । (कार्यमूलक अनुसन्धान, बुक रिभिउ,

परीक्षाफलको विश्लेषण र मामला अध्ययन) उक्त लेखहरु औपचारिकतामा मात्र सिमित रहेको प्रतिवेदनमा प्रष्ट छ । (नेपाल, खगेन्द्रप्रसाद-२०६९)
नेपाल (२०६९) का अनुसार शिक्षकको पेशागत विकास तालिम कार्यक्रमलाई कार्यान्वयन गर्न प्रष्ट नीति नियमको निर्माणमा कमी देखिएको छ । यस कार्यक्रमलाई प्रयोगमा ल्याउने सन्दर्भ सामग्रीको अभाव कार्यक्रम, तर्जुमा गर्ने र कार्यान्वयन गर्ने निकाय अलग अलग हुँदा स्वामित्वको अस्पष्टता, शिक्षकको वास्तविक आवश्यकता लिन नसक्नु, शिक्षकको पेशागत विकासलाई शिक्षकको वृद्धि विकाससँग आवद्ध गर्न नसक्नु, गुणात्मक पक्ष भन्दा संख्यात्मक पक्षमा बढी जोड दिइन् यी माथिका उल्लेखित कारणहरुले यस कार्यक्रमलाई कार्यान्वयन गर्न समस्या परेको छ । (नेपाल, खगेन्द्रप्रसाद २०६९)

यस कार्यक्रम अनुसार शिक्षकको पेशागत विकास साथै विषयगत विकास भएको पनि पाइन्छ । यस कार्यक्रमले गर्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा पनि केही वृद्धि हुने अपेक्षा रहेको देखिन्छ । शिक्षकहरु पनि आफ्नो पेशा प्रति समर्पित हुन सक्नेछ, त्यसैले गर्दा यो कार्यक्रम आफैमा महत्वपूर्ण देखिएका छ । तर सामुदायिक विद्यालयका शिक्षकहरुको निरिक्षण र सुपरिवेक्षणको अभाव भएको भन्ने कुरा टड्कारो कमजोरी देखिन्छ ।

### २.२अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनबाट उपलब्ध तथ्य एवं तथ्याङ्कहरुलाई विश्लेषण गर्न विभिन्न विद्धानहरुले दिएको सैद्धान्तिक खाका र शिक्षकका पेशागत विकास सम्बन्धि कार्यरत विभिन्न संस्था तथा आयोगबाट गरिएका अध्ययनहरु र यसमा प्राप्त गरेका शिक्षकको पेशागत विकास सम्बन्धि अवधारणाहरुलाई मुख्य बुँदाको रुपमा प्रयोग गरिएको छ । यस अध्ययनलाई पूर्णता दिन अवलम्बन गरिने पेशागत विकास सम्बन्धि सिद्धान्तहरुको चर्चा यस प्रकार गरिएको छ ।

शिक्षा ऐन (२०२८) का अनुसार प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त उम्मेदवारहरु मात्र शिक्षण पेशामा प्रवेश गराउने र सेवागत मध्ये दुवै योग्यता प्राप्त गराउने महान जिम्मेवारी पुरा गर्ने लक्ष्य लिएको पाइन्छ । तत्कालिन सरकार देखि हालसम्मको नेपाल सरकारले धेरै भन्दा धेरै सरकारी कोष साथै वैदेशिक सहायता समेत गरी खर्च गरेको पाइन्छ ।

टेलर (१९११) का अनुसार कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न र उत्पादकत्व वृद्धि गर्न मानिसलाई कुन काम गराउन खोजिएको छ । कुनै कुन काम गर्न ? दिएमा उनीहरुले राम्रो र किफायति ढंगले गर्न सकिन्छ भन्ने कुरा सही ढंगले छुट्याउन पर्छ । दक्ष जनशक्ति भर्ना गर्नुपर्छ, दक्ष व्यक्तिलाई काममा लगाउने र अदक्षलाई थप तालिमका व्यवस्था गर्ने गरेमा कार्य प्रणालीको उत्पादकत्व वृद्धि गर्न सकिन्छ । उनले यो सिद्धान्तलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त भनिन्छ । ( शर्मा एण्ड शर्मा २०५७ बाट उदृत) उनका अनुसार कामदारलाई कमी गर्ने वातावरणमा उपयुक्र सुधार गर्न सकेमा उत्पादकत्व बढ्छ । व्यवस्थापकले राम्रो योजना निर्माण गर्नु पर्दछ । तब मात्र कामदार (पेशाकर्मी) हरुले राम्रो कार्य सम्पादन गर्न सक्छन् । काम गर्ने विधि वैज्ञानिक हुन पर्छ । कामदार छनौट गर्दा दक्ष र तालिम प्राप्त छनौट गर्नपर्छ । आवश्यकता अनुसार कामदारलाई तालिमका व्यवस्था गरेर कार्य विभाजन गर्नुपर्छ । कामदारलाई कम थकान हुने गरी उपर्युक्त काम गर्ने वातावरण भएमा उत्पादकत्व वृद्धि हुने गरी बढी कार्य गर्न सक्दछ । वल र कोहन, (१९९९) शैक्षणिक विकास तथा विद्यार्थी उपलब्धिको लागि शिक्षकको पेशागत विकास प्रमुख तत्व हो ।

केनेडी (१९९८) का अनुसार पेशागत विकास चार प्रकारले विभाजन गरेको छ ।
शिक्षकहरुमा प्राप्त हुने सामाजिक प्रतिष्ठा, सम्मान तथा सामाजिक मुल्य र मान्यताको आधारमा पनि शिक्षकलाई पेशाप्रति प्रतिबद्ध भएर लाग्न प्रेरणा प्राप्त हुन्छ । आज अन्तर्राष्ट्रिय रुपमा शिक्षण पेशालाई विशेष मर्यादित र प्रतिष्ठित पेशाको रुपमा हेर्ने गरिएको अवस्था छ, त्यसको प्रभाव हाम्रो देशमा पनि नपर्ने भन्ने कुरा छैन । (कोइराला, श्रेष्ठ, २०६६)

(एफ-डब्लु टायलर) का अनुसार कार्यदक्षता बढाएर उत्पादन बढाउन सकिन्छ । प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनुपर्दछ । कामदारलाई आफैले काम छान्ने परम्परा छुट्याएर, वैज्ञानिक ढंगले कामदार छनोट गर्ने र छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्दछ । (कोइराला, श्रेष्ठ २०६६)

यस प्रस्तावनाको शिर्षकका अनुसार टेलर (१९११) लाई प्रमुख सिद्धान्तकारको रुपमा लिएको छ । वहाँको भनाईलाई विशेष किटान गर्दा दक्ष र अदक्षमा फरक छुट्याई वैज्ञानिक ढंगबाट निरिक्षण र मुल्याङ्कन हुनु पर्नेमा जोड दिएको पाईन्छ ।

यस अध्ययनलाई डब्लु. एफ. टेलर.लाई मुख्य सिदान्तकारको रुपमा लिएको छ । वहाँको सिदान्तलाई यस अध्ययन संग पूर्ण सहमति भए अनुरुप यस अध्ययनलाई वहाँले अनुपात्दित गर्नु भएका वैज्ञानिक व्यवस्थापनमा आधारित सिदान्तलाई लिएको छ । वहाँको भनाई अनुसार कुनै पनि कामदारलाई दक्ष र अदक्षमा छुट्याउन र दक्षलाई सोहि अनुरुपको काम दिने र अदक्षलाई दक्ष बनाउन पहल गर्न साथ आफ्ना इच्छा अनुसारको कामलाई रोजाई बनाउनु पर्छ । आफूले रोजेको काम कामदार आफैले गर्न पाएमा जोस जागर र इच्छा अनुसार काम राम्रो मन लगाएर गर्न सक्छ । त्यसैले यस अध्ययनको शिर्षक अनुसारको व्यक्ति पेशागत रुपमा लगनशिल बन्न सक्छ ।

कुनै पनि व्यक्तिलाई काम (पेशा) मा लगाउँदा आफुलाई रुचाएको काम (पेशा) गर्न पाएका खण्डमा प्रभावकारी रुपमा कार्य गर्न सक्छन् । त्यसैले टेलर्रको भनाई अनुसार व्यक्तिलाई नीजको रुची अनुसार कार्य गरेमा कार्य (पेशा) सफल बन्न सक्छ । व्यवस्थापकले नीति नियम (विधि विधान) अनुसार आफ्नो कामदारहरुलाई सहज वातावरण मिलाई दिएमा पनि उत्पादकत्व ( गुणस्तर) वृद्धि हुने गर्दछ । कामदार (पेशाकर्मी) लाई कम थकान हुने खालको (कम पाठ्यभार) को काममा लगाई राम्रो प्रतिफलको आशा गर्न सक्छ । माथि उल्लेखित सिद्धान्तहरुलाई अध्ययन गर्दा शिर्षक अनुसारको राम्रो मेल खाएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

पुनरावलोकनको उपादेयता भन्नाले त्यसको प्रयोगबाट देखिने प्रभावलाई बुझिन्छ । यो शोध पत्र तयार गर्ने क्रममा उल्लेख गरिएका सैद्धान्तिक खाँकाहरुले अध्ययनलाई निश्चित दार्शनिक, आघार प्रदान गरिएको छ । यथार्थ शिक्षकको पेशागत विकास तालिमको अध्ययन गर्नु पर्ने सैद्धान्तिक कारण स्पष्ट पारेको छ ।

यस अध्ययनको शिर्षक अनुसार सम्बन्धित साहित्यको पुनरावलोकनले सम्बन्धित सम्पूर्ण शैक्षिक सरोकारवालालाई अध्ययनको विषय वस्तु बनाएको पाइन्छ । यसको उपयोग विशेष गरेर शैक्षिक क्षेत्रमा प्रयोग गरेको पाइन्छ । यस अध्ययनको प्रतिवदेन तयार गर्दा सो सम्बन्धी सम्पूर्ण विद्यालयलाई समेटेको पाइन्छ ।

यस शोत्र पत्र तयार गर्ने क्रममा अध्ययन गरिएका सम्बन्धित साहित्यका समीक्षाले शोध पत्रलाई के कस्ता विषय वस्तुमा के कसरी अध्ययन गर्नु उपयुक्त हुन्छ भनी मार्ग निर्देशन गरिएको छ । जस्तैं अध्ययनको छनौट गर्ने, उपयुक्त अध्ययन साधन निर्माण गर्न, उपयुक्त अध्ययन विधि छनौट गर्ने, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण गर्न र अध्ययनको निष्कर्ष निकाल्न समेत सम्बन्धित साहित्यले सहयोग गरेको छ ।

# परिच्छेद  तीनः अध्ययन विधि

यस परिच्छेदमा यस सोध पत्रको कुन विधि अध्ययनको विषय बनाएको भन्ने बारेमा जानकारी दिएको छ । यस सोध पत्रलाई कुन विधि बाट प्रक्रिया अगाडी बढाएको छ भन्ने वारेमा पनि अध्ययन गरेको छ साथै यस परिच्छेदमा निम्नानुसार उप बुदाँमा विधिको वारेमा वर्णन गरेको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शोध पत्रको उद्देश्य प्राप्तिका निम्ति गरिने अध्ययनमा गुणात्मक अनुसन्धान विधि अपनाइएको छ । तथ्याङ्कहरुलाई व्याख्यात्मक र वर्णनात्मक किसिमले प्रस्तुत गरियो । अध्ययनका निम्ति तथ्याङ्कहरु अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गई प्रत्यक्ष अवलोकन, अर्न्तवार्ता, अभिलेख, अध्ययन आदि माध्यमबाट तथ्याङ्क संकलन गरियो ।

### ३.१.१. नमुना छनौटका आधारहरु

यस अध्ययन क्षेत्रभित्र जम्मा धरान न.पा. भित्रका सामुदायिक विद्यालय प्रा.वि., नि.मा.वि. र मा.वि. हरु परेको छ । जस मध्येमा प्रा.वि. ५, नि.मा.वि. ३ र मा.वि. तथा उ.मा.वि. १४ रहेको छ । त्यस मध्येबाट ऱ्याण्डम स्याम्पलिङबाट प्रा.वि. २ नि.मा.वि. २ र मा.वि. तथा उ.मा.वि. २ गरी जम्मा ६ वटा विद्यालयबाट तथ्याङ्क संकलन गरिएको छ । सम्बन्धित विद्यालयका सरोकारवालाहरुको विचारको आधारमा सूचना तथा तथ्याङ्क संकलन गर्न सीमित साधन स्रोत र समयको कारणले गर्दा सम्भव नहुने भएकोले अध्ययनबाट वस्तुनिष्ठ र निष्पक्ष नतिजा प्राप्त गर्न सीमित, स्रोत साधन र समयलाई उपयोग गरि शोधपत्र सम्पन्न गर्नका लागि नमुना छनौट गरिएको  छ ।

### ३.१.२. जनसंख्याः

यस अध्ययन क्षेत्र भित्र रहेका प्रा.वि. २ नि.मा.वि. २ र मा.वि. तथा उ.मा.वि. २  गरी जम्मा ६ वटा विद्यालयको शिक्षक, विद्यार्थी, प्र.भ.वि.व्य.स.शिक्षक अभिभावक संघका पदाधिकारीहरु स्रोत, व्यक्ति, वि.नि.अभिभावक सबै, सम्पूर्ण सरोकारवालाहरु यस अध्ययनको जनसंख्याको रुपमा रहेको छ ।

**३.१.३ जनसंख्याको आकार** यस अध्ययनमा धरान न.पा. क्षेत्र अन्तर्गतका जम्मा ६ वटा सामुदायिक विद्यालयका शिक्षक, प्र.अ., वि.व्यस.का पदाधिकारी वि.नि. स्रोत व्यक्ति मध्येबाट नमुना जनसंख्या छनौट गरिएको छ जसको विवरण यस प्रकार रहेको छ ।

**तालिका १**

**अध्ययन क्षेत्रको नमुना जनसंख्याको विवरण**

| क्र.सं. | विवरण | कुल जनसंख्या | नमुना जनसंख्या | प्रतिशत | छनोट विधि |
|---|---|---|---|---|---|
| 1 | विद्यालयहरु | 25 | 6 | 24 | ऱ्याडम स्याम्पलिङ्ग विधि |
| 2 | शिक्षक-शिक्षिकाहरु | 150 | 55 | 37 | ऱ्याडम स्याम्पलिङ्ग विधि |
| 3 | प्रधानाध्यापकहरु | 25 | 6 | 24 | ऱ्याडम स्याम्पलिङ्ग विधि |
| 4 | स्रोत केन्द्र | 1 | 1 | 100 | ऱ्याडम स्याम्पलिङ्ग विधि |
| 5 | स्रोत व्यक्ति | 1 | 1 | 100 | ऱ्याडम स्याम्पलिङ्ग विधि |
| 5 | वि.नि. | 1 | 1 | 100 | ऱ्याडम स्याम्पलिङ्ग विधि |

स्रोत : धरान स्रोत केन्द्र २०७०

### ३.१.४ नमुना छनौट प्रक्रिया

यस अध्ययनको निम्ति उद्देश्यपूर्ण नमुना छनौट प्रक्रियाबाट श्री अमर प्रा.वि., सरस्वती प्रा.वि., भगवती नि.मा.वि. पञ्चायत नि.मा.वि. ल्याब, उ.मा.वि., निकेतन उ.मा.वि. र ती विद्यालयका शिक्षक, प्र.भ., वि.व्य.स.का अध्यक्षहरुलाई नमुना जनसंख्याको रुपमा छनौट गरिएको छ ।

### ३.२ अध्ययनका साधनहरु

प्रस्तुत प्रस्तावकार्य सम्पन्न गर्नका निम्ति निम्नानुसार साधनहरु गर्नका निम्ति निम्नानुसार साधनहरु प्रयोग गरिएको छ ।

क) विद्यालय सर्वेक्षण

ख) प्रश्नावली

ग) अर्न्तवार्ता

घ) छलफल

ङ) पेशागत तालिम अवलोकन

च) अभिलेख

### ३.३. तथ्याङ्कका स्रोतहरु

यस अध्ययन सम्पन्न गर्न प्राथमिक र सहायक दुवै प्रकारको तथ्याङ्क स्रोतहरु उपयोग गरिएको छ ।

#### ३.३.१ प्राथमिक स्रोत

**प्राथमिक स्रोत अर्न्तगत**

प्रश्नावली, अर्न्तवार्ता छलफल, अवालोकन आदि साधन प्रयोग गरिएको छ ।

#### ३.३.२ दितीय स्रोत

जि.शि.का. सुनसरीको तथ्याङ्क फाराम शैक्षिक तालिम केन्द्र, क सुनसरी, धरान स्रोत केन्द्र धरान, विभिन्न पुस्तक पुस्तिकाहरु शैक्षिक समाधानहरु आदि अभिलेख अध्ययनलाई सहायक स्रोत अर्न्तगत अध्ययन गरिएको छ । सम्बन्धित स्रोतहरुबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा अध्ययन सम्पन्न गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको लागि अवलोकन अर्न्तवार्ता, अभिलेख अध्ययन, प्रश्नावली आदि माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलनको क्रममा विभिन्न प्रकारका प्रक्रियाहरु अपनाई तथ्याङ्क सकंलन गरेको छ यस क्रममा विभिन्न विद्यालयमा गई विद्यालयमा प्र.अ. शिक्षक, विद्यालय व्यवस्थापन समिति का अध्यक्ष सहित सदस्यहरु र विधार्थीहरुसंग पनि सर्म्पक गरी अन्तरर्वाता अभिलेख अध्ययन प्रश्नावली आदी प्रक्रियाबाट तथ्याङ्क संकलन गरेको छ । विशेष गरेर यस अध्ययन संग सम्बन्धित रहेर हाल सम्म शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन कस्तो रह्यो यस बारेमा तथ्याङ्क संकलन गरेको छ । नेपाल सरकारले शिक्षा क्षेत्रमा धेरै लगानी लगाएको भए पनि लगानी अनुरुपको फल प्राप्त भईरहेको अवस्था भने छैन । तरै पनि यस अध्ययनले केहि हद सम्म सहयोग पुग्दछ भन्ने आशा लिएको छु ।

### ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि अध्ययनलाई यर्थात स्पष्ट र वस्तु पूरक बनाउन/बुझ्न प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई विभिन्न चित्र तालिका स्तम्भ चित्र, वृत्तचित्र आदिको माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चारः नतिजाको छलफल

कुनै पनि अध्ययनको पूर्ण उद्देश्य प्राप्त गर्नको लागि विभिन्न साधनहरुको प्रयोग गरी प्राप्त हुन आएका तथ्य र तथ्याङ्कहरुलाई विभिन्न शीर्षक उपशीर्षकहरुमा विभाजन गरी व्याख्या विश्लेषण गरेको हुन्छ । जसलाई विस्तृत रुपमा चर्चा बुदाँ र उपबुदाँहरुका आधारमा व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.१ शिक्षकको पेशागत विकास तालिमको सिप अनुभवको अवस्था

तालिम सम्बन्धी सुनसरी जिल्लाको अवस्थाको अध्ययन गर्दा लगभग ९८ प्रतिशत शिक्षकहरु पूर्ण तालिम प्राप्त देखिन्छ तर तालिमको सही सदुपयोग वा प्राप्त ज्ञानको कार्यान्वयन भने कम भएको छ वा छैन भन्ने अनुसन्धानात्मक प्रश्नमा आधारित रहेर यस भागमा विश्लेषण गरिएको छ । धरान न.पा. अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षकको पेशागत विकास तालिमको कार्यान्वयनको वर्तमान अवस्थालाई निम्न उपशीर्षक अन्तर्गत विश्लेषण गरिएको छ ।

यस अध्ययनको उद्देश्यलाई कार्यन्वयन गर्न/गराउन शिर्षक अनुसार तथा उद्देश्यहरुलाई समाविष्ट गरि नतिजाको छलफल र विश्लेषण गरेको छ । यस अध्ययन क्षेत्र भित्रका सम्पुर्ण विद्यालयका शिक्षकहरुको शैक्षिक गतिविधिहरु यस अध्ययनमा समावेश गर्न खोजिएको छ । सबै तह, विषय तथा मोडूल अनुसार यस क्षेत्रभित्र प्रभावकारी कार्यवन्यन भए-नभएको वारेमा पनि छलफल र विश्लेषण गरेको छ । यस तालिमको कार्यन्वयनपक्ष एकदमै कमजोर रहेको पाइयो । तालिम प्राप्त गर्न भन्दा अगाडीको अवस्था र तालिम प्राप्त गरी सकेपछिको अवस्था खासै फरक देखिएन । सिकाई-तालिम भनेको परिर्वनको अवस्था हो तर यसमा सिकाई तालिमको खासै प्राप्ती भने देखिएन । सिकाई स्थायी हुन्छ । सिकाई परिवर्तनको लागि हुन्छ । तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुमा भिन्नता देखिन जरुरी देखिन्छ । तर यस अध्ययनले के देखाँउछ भने पुरस्कार र दण्डको सजाय नभएको कारणले गर्दा कार्यन्वयन पक्ष कमजोर र फितलो भएको देखिन्छ । तथा मूल्याङ्कनको अवस्था कमजोर भएमा पनि कार्यन्वयनमा सकारात्मक देखिन्दैन ।

यस अध्ययनको उद्देश्य अनुसार तालिम कार्यन्वयनको अवस्था पहिचान सम्बन्धमा विशेष अध्ययन अनुसन्धान गरेको छु । उक्त अभिभावक साथै सबै सरोकारवालहरुको सम्बन्ध रहेको हुदाँ माथि

उल्लेखित सबै व्यक्तित्वहरुसंग सर्म्पक गरी सम्बन्धित पक्षमा तथ्याङ्क सङ्कलन गरी व्याख्या र विश्लेषण गरेको छु । यस अध्ययन क्षेत्रमा विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्याहरुको तथ्याङ्क संकलन गरेर उक्त तथ्याङ्क अनुसार विधार्थी, शिक्षक सङ्ख्याको अनुपात राम्रो नै देखिए पनि कार्यन्वयन पक्ष भने अर्कै देखिएको छ । त्यसैले कार्यन्वयनको अवस्था प्रभावकारी र स्थायी भने अति न्यून देखिन्छ । शिक्षकहरु पेशा प्रति सकारात्मक देखिएको छैन । शिक्षालाई दोस्रो पेशाको रुपमा लिएको पनि पाइयो । यस अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ मूल्याङ्कनको सहि कार्यन्वयन नभएमा कुनै पनि पेशा प्रभावकारी कार्यन्वयन गर्न सक्दैन भन्ने वारेमा भन्न सकिन्छ । दण्ड र सजाय तथा प्रभावकारी निरिक्षण र मूल्याङ्कनको अभाव देखिन्छ ।

तथ्याङ्क सङ्कलनको क्रममा नमूना विद्यालयको तथ्याङ्क सङ्कलन गर्दा नमूना विद्यालयको शिक्षकहरु पेशागत विकास तालिम कार्यन्वयनको अवस्थालाई विस्तृत रुपमा व्याख्या र विश्लेषणको माध्यमबाट तयार गरिएको छ । यस कार्यक्रम अनुसार शिक्षकहरु आफ्नो पेशा प्रति पूर्ण लगनशिलता, तत्परता र उत्पेरित भएको देखिएन । शिक्षकहरु कतिको पेशा प्रति उत्तरदायि भएका छन भन्ने सम्बन्धमा तथ्याङ्कहरुबाट पनि स्पष्ट देख्न सकिन्छ । तालिम कार्यन्वयनको अवस्था अध्ययन गर्ने क्रममा तालिमको समयमा शिक्षकहरु सकृय देखिए पनि सम्बन्धित विद्यालयमा गई सकेपछि आफ्नो पेशा प्रति खासै उत्तरदायि नभएको पाइयो सम्बन्धित सबै पक्षहरुसंग मेटघाट, छलफल गर्दा मूल्याङ्कनको अभाव भएको सबै पक्षको भनाई एक रहेको पाइयो । यदि समय-समयमा निरिक्षण र सुपरिपेक्षण गरि पुरस्कार र दण्डको सजाय व्यवस्था गरेमा कुनै पनि व्यवस्था कार्यन्वयन हुने कुरामा कुनै शंका नै छैन । त्यसैले सम्बन्धित निकायले निरिक्षण र सुपरिबेक्षणको व्यवस्था गरेर तालिम कार्यन्वयन अवस्थालाई पूर्ण रुपमा लागू गर्न सक्षम हुने देखिएको छ । प्राय सबै शिक्षकहरुले तालिम लिइसकेको अवस्था छ तालिम अप्राप्त शिक्षक सायद धेरै कम प्रतिशतमा पाइयो तरै पनि किन तालिम प्रभावकारी कार्यन्वयन हुन सकेन भनेर अध्ययन गर्ने क्रममा मूल्याङ्कनको अभाव देखियो । जसले जे गर्दा पनि हुने प्रवृति साथै कसले कसको मूल्याङ्कन गर्ने सम्बन्धमा पनि अन्योल देखियो । त्यसैले गर्दा पनि होला तालिम कार्यन्वयनको अवस्था कमजोर र प्रभावकारी नभएको पाइयो । यस अध्ययनको पहिलो उद्देश्य अनुसार तालिम कार्यन्वयन पक्ष कमजोर अवस्था रहेको पाइयो ।

### ४.१.१ अध्ययन क्षेत्रको विद्यार्थीहरुको विवरण

यस अध्ययन क्षेत्रमा जम्मा २५ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । ती सबै विद्यालयको प्राथमिक तह, नि.मा.वि. तह र मा.वि. (१-१०) मा निम्नानुसार विद्यार्थी संख्या रहेको छ ।

**तालिका २**

**अध्ययन क्षेत्रको जम्मा विद्यार्थी विवरण (१-१२)**

| शैक्षिक सत्र | विद्यार्थी संख्या | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| 2067 | 6531 | 4540 | 11071 |
| 2068 | 5764 | 4717 | 10481 |
| 2069 | 5605 | 4060 | 9665 |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका २ मा देखाएको तथ्याङ्क अनुसार धरान स्रोत केन्द्र अन्तर्गतका सामुदायिक विद्यालयको प्राथमिक तहदेखि उच्च मा.वि. तहसम्मको शैक्षिक सत्र २०६७ सालमा सबैभन्दा बढी विद्यार्थी संख्या रहेको देखिन्छ । शैक्षिक सत्र २०६७ मा जम्मा विद्यार्थी संख्या ११०७१ भर्ना भएको देखिन्छ ।

शैक्षिक सत्र २०६८ मा सो संख्या ५९० ले घटेर १०४८१ मा पुगेको देखिन्छ भने शैक्षिक सत्र २०६९ मा भर्ना भएको कुल विद्यार्थी संख्या ९६६५ रहेको देखिन्छ । यस शैक्षिक सत्रमा पनि अघिल्ला वर्षको भन्दा ८१६ विद्यार्थी संख्या घटी भएको देखिन्छ । त्यसै गरी प्रत्येक शैक्षिक सत्रमा छात्रको तुलनामा छात्राको संख्या बढी रहेको देखिन्छ ।

### ४.१.२ अध्ययन क्षेत्रको शिक्षकहरुको विवरण

यस अध्ययन क्षेत्रमा जम्मा २५ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । ती सबै विद्यालयहरु प्राथमिक तह, निम्न माध्यमिक तह, माध्यमिक तह साथै उच्च माध्यमिक तहहरु रहेको छन् र उक्त विद्यालयको शिक्षक संख्याहरु निम्नानुसार छन् ।

**तालिका ३**

**अध्ययन क्षेत्रको शिक्षकहरुको पेशागत विकास तालिम**

| शैक्षिक सत्र | तालिम प्राप्त शिक्षक संख्या | जम्मा शिक्षक |
|---|---|---|
| 2067 | 37 | 362 |
| 2068 | 125 | 371 |
| 2069 | 205 | 367 |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका ४ को तथ्याङ्क अनुसार यस अध्ययन क्षेत्रको सामुदायिक विद्यालयको शिक्षकको पेशागत विकास लिइसकेको शिक्षकहरुको विवरण हेर्दा शैक्षिक सत्र २०६७ सालमा तालिम लिने शिक्षकको संख्या मात्र ३७ जना थियो । यो कार्यक्रम पनि यसै शैक्षिक सत्रबाट शुरु भएको र पहिलो मोड्लको रुपमा माध्यमिक तहको शिक्षकहरुको लागि मात्र तालिम भएको हुँदा संख्यात्मक रुपमा कम देखिएको हो ।

शैक्षिक सत्र २०६८ साल यसको संख्या बढेर १२५ जना पुग्यो यसको अर्थ शिक्षकहरुमा पनि आफ्नो पेशा प्रति निकै जिम्मेवारी बोध भएको साथै यस तालिमलाई स्रोत केन्द्र स्तरिय रुपमा पनि विस्तार गरेको पाइन्छ । प्रा.वि. तहका शिक्षक साथीहरुले स्रोत केन्द्र मार्फत यो तालिम प्राप्त गरेको छ । शैक्षिक सत्र २०६९ सालमा तालिम प्राप्त शिक्षकको संख्या २०५ पुगेको पाइन्छ । यस शैक्षिक सत्रसम्म आइपुग्दा धेरै शिक्षकहरुले तालिममा सहभागी भएको पाइयो । शैक्षिक सत्र २०६९ सालसम्म तालिम लिने शिक्षकहरुको संख्या जम्मा शिक्षक संख्याको धेरै मात्रमा तालिम प्राप्त भएको देखिन्छ ।

### ४.१.३ विद्यालयगत शिक्षक विवरण (शैक्षिक सत्र-२०६७)

यस अध्ययनमा अध्ययन क्षेत्रभित्रका २५ वटा सामुदायिक विद्यालयका प्रा.वि. देखि उ.मा.वि. तहका शिक्षक अध्ययनमा केन्द्रित रहेका छन् । ती विद्यालयहरुमध्ये नमूना छनौटमा परेका विद्यालयहरुका शैक्षिक सत्र २०६७ मा अध्यापनरत/तालिम प्राप्त शिक्षकहरुको विवरण निम्नानुसार छ ।

## तालिका ४

## शैक्षिक सत्र २०६७ मा नमूना विद्यालयको जम्मा शिक्षक संख्या र तालिम प्राप्त शिक्षक विवरण

| क्र.सं. | विद्यालयको नाम | जम्मा शिक्षक संख्या | तालिम प्राप्त शिक्षक |
|---|---|---|---|
| १ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान | 22 | 3 |
| २ | श्री शिक्षानिकेतन उ.मा.वि. | 37 | 3 |
| ३ | श्री भगवती नि.मा.वि. | 11 | |
| ४ | श्री पञ्चायत नि.मा.वि | 10 | |
| ५ | श्री अमर प्रा.वि. | 4 | |
| ६ | श्री सरस्वती प्रा.वि. | 5 | |
| | जम्मा | 88 | 6 |

स्रोत: Flash-II २०६७

माथिका तालिका अनुसार शैक्षिक सत्र २०६७ मा नमूना विद्यालय (प्रा.वि. देखि उ.मा.वि.) मा कुल शिक्षक संख्या ८८ रहेको देखिन्छ जस मध्ये ६ जना मा.वि.का शिक्षकहरुले मात्र तालिम लिएको देखिन्छ । जसमध्ये श्री ल्याबोरेटरी उ.मा.वि., धरान-८ मा ३ जना शिक्षकले तालिम लिएको साथै श्री शिक्षानिकेतन उ.मा.वि., धरान-६ मा पनि ३ जना शिक्षकहरुले तालिम लिएको पाइयो । जम्मा प्रतिशतमा हेर्ने भए ६.८१% रहेको पाइयो ।

## तालिका ५

## शैक्षिक सत्र २०६८ मा नमुना विद्यालयको जम्मा शिक्षक संख्या र तालिम प्राप्त शिक्षक विवरण

| क्र.सं. | विद्यालयको नाम | जम्मा शिक्षक संख्या | तालिम प्राप्त शिक्षक | प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान | 24 | 16 | 67% |
| २ | श्री शिक्षानिकेतन उ.मा.वि. | 35 | 17 | 46% |
| ३ | श्री भगवती नि.मा.वि. | 11 | 2 | 18% |
| ४ | श्री पञ्चायत नि.मा.वि | 9 | 4 | 44% |
| ५ | श्री अमर प्रा.वि. | 4 | 3 | 75% |
| ६ | श्री सरस्वती प्रा.वि. | 5 | 4 | 80% |
| | जम्मा | 88 | 46 | |

स्रोत: Flash-II २०६८

माथिका तालिका अनुसार शैक्षिक सत्र २०६८ मा नमुना विद्यालयहरुको तथ्याङ्क सङ्कलन गरेर विश्लेषण गर्दा उक्त विद्यालयहरुको जम्मा शिक्षक संख्या ८८ रहेको पाइयो र ८८ जना शिक्षकहरुमध्येबाट ४६ जना शिक्षकहरुले तालिम लिएको पाइयो । जम्मा शिक्षकको ५१% शिक्षकहरुले यस शैक्षिक सत्रमा तालिम लिएको पाइयो । यस शैक्षिक सत्रमा तालिम प्रतिशत राम्रो नै देखिएको छ । गत शैक्षिक सत्रको भन्दा यस शैक्षिक सत्रमा प्रतिशत संत्रमा प्रतिशत संख्या बढेको पाइयो ।

यसैगरी विद्यालयगत रुपमा पनि राम्रो प्रतिशतले नै तालिम लिएको पाइयो । जस अनुसार श्री ल्यावोरेटरी उच्च मा.वि.मा जम्मा २४ जना शिक्षकहरुमा १६ जना शिक्षकहरुले तालिम लिएको पाइयो यसको जम्मा ६७ प्रतिशत शिक्षक तालिम प्राप्त शिक्षकहरुभित्र पर्दछ । यस शैक्षिक सत्रमा तालिम लिने शिक्षक संख्या अगाडीको वर्ष भन्दा बढी रहेको देखिन्छ । श्री शिक्षानिकेतन उ.मा.वि.मा जम्मा ३५ शिक्षकहरुमा १७ जना शिक्षकहरुले तालिम लिएको पाइयो यसको जम्मा ४६ प्रंतिशत शिक्षक तालिम प्राप्त शिक्षकहरुभित्र पर्दछ । यस विद्यालयमा अगाडीको शैक्षिक सत्र भन्दा पछाडीको शैक्षिक सत्रमा तालिम लिने शिक्षकको संख्या बढेको पाइयो । दुई वटा निम्न माध्यमिक विद्यालयहरुमध्ये दुवै विद्यालयका शिक्षकहरुले यस शैक्षिक सत्रमा पनि तालिम लिएको पाइएन । शैक्षिक सत्र २०६७ र २०६८ दुवै सालमा दुवै नमुना विद्यालयका शिक्षकहरुबाट तालिम लिएको पाइएन । नमुना विद्यालयहरुमा प्राथमिक तहका विद्यालयमा श्री अमर प्रा.वि.मा जम्मा शिक्षक संख्या ४ जना रहेको र ३ जना शिक्षकहरुले यस शैक्षिक सत्रमा तालिम लिएको पाइयो । यो ७५ प्रतिशत रहेको पाइयो र संख्या राम्रो संख्याभित्र पर्दछ । उक्त विद्यालयमा १ जना शिक्षकले मात्र तालिम नलिएको देखियो र कारण खोजेर बुझ्दा प्र.अ. रहेको र चाडै अनिवार्य अवकास प्राप्त गर्ने भएको हुँदा तालिममा सहभागी नभएको देखियो । त्यसैगरी अर्को प्राथमिक विद्यालय श्री सरस्वती प्रा.वि.को तथ्याङ्क हेर्दा जम्मा शिक्षक संख्या ५ जना र ४ जना शिक्षकहरुले तालिम लिएको पाइयो जसमध्येबाट ८० प्रतिशत शिक्षकहरु तालिम प्राप्त देखिन्छ । बाँकी १ जना किन तालिममा सहभागी भएन भनेर जानकारी लिंदा विदामा बाहिर गएको कारणले गर्दा तालिममा सहभागी नभएको पाइयो र समग्रमा हेर्दा यस अध्ययनको नमुना विद्यालयको शिक्षकको पेशागत विकास तालिम सम्बन्धमा यस शैक्षिक सत्रमा शिक्षकहरुको राम्रो सहभागिता देखियो ।

**तालिका ६**

**शैक्षिक सत्र २०६९ मा नमुना विद्यालयको जम्मा शिक्षक र तालिम प्राप्त शिक्षक विवरण**

| क्र.सं. | विद्यालयको नाम | जम्मा शिक्षक संख्या | तालिम प्राप्त शिक्षक | प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री ल्याबोरेटरी उ.मा.वि. धरान | 24 | 7 | 29% |
| २ | श्री शिक्षानिकेतन उ.मा.वि. | 35 | 16 | 46% |
| ३ | श्री भगवती नि.मा.वि. | 9 | 7 | 78% |
| ४ | श्री पञ्चायत नि.मा.वि | 9 | 3 | 33% |
| ५ | श्री अमर प्रा.वि. | 4 | 1 | 25% |
| ६ | श्री सरस्वती प्रा.वि. | 5 | 3 | 60% |
| | जम्मा | 86 | 37 | |

स्रोतः Flash-II २०६९

माथिका तालिका अनुसार शैक्षिक सत्र २०६९ मा नमुना विद्यालयहरुको तथ्याङ्क सङ्कलन गरेर विश्लेषण गरेर हेर्दा जम्मा शिक्षक संख्या ८६ जना रहेको पाइयो र ती मध्येबाट ३७ जनाले शैक्षिक सत्र २०६९ मा तालिम लिएको पाइयो उक्त तालिम लिने शिक्षक ४३ प्रतिशत रहेको पाइयो । यस शैक्षिक सत्रको तालिम प्राप्त शिक्षक प्रतिशत आशातित राम्रो देखिएन यस शैक्षिक सत्रमा सबैभन्दा राम्रो ७८ प्रतिशत शिक्षक तालिम लिएको पाइयो र उक्त विद्यालय श्री भगवती नि.मा.वि. रहेको पाइयो जसमा ३ जना शिक्षकमध्येबाट ७ जना शिक्षकले शैक्षिक सत्र २०६९ सालमा लिएको पाइयो । दोस्रोमा श्री सरस्वती प्रा.वि. रहेको पाइयो जसमा ६० प्रतिशत शिक्षक संख्याले तालिम लिएको पाइयो । जसमा ५ जना शिक्षक मध्येबाट ३ जना शिक्षकले तालिम लिएको पाइयो । त्यसैगरी तेस्रोमा श्री शिक्षानिकेतन उ.मा.वि. रहेको पाइयो । जम्मा शिक्षक संख्या ३५ जना मध्येबाट १६ जना शिक्षकहरुले तालिम लिएको पाइयो जसमा ४६ प्रतिशत शिक्षक रहेको पाइयो । त्यसैगरी श्री पञ्चायत निम्न मा.वि.मा ९ जना शिक्षक संख्या मध्येबाट ३ जना शिक्षकहरुले तालिम प्राप्त गरेको पाइयो । सो संख्या ३३ प्रतिशत रहेको पाइयो । त्यसरी नै श्री ल्याबोरेटरी उ.मा.वि.को जम्मा शिक्षक संख्या २४ जना रहेकोमा यस शैक्षिक सत्रमा ७ जना शिक्षकहरुले मात्र तालिम लिएको पाइयो जसको २९ प्रतिशत रहन्छ र अन्त्यमा श्री अमर प्रा.वि. रहेको पाइयो । उक्त विद्यालयको शिक्षक संख्या ४ जनामा १ जना शिक्षकले मात्र तालिम लिएको पाइयो र यसको २५ प्रतिशत रहन आउँछ । यस शैक्षिक सत्रमा तह अनुसार साथै विषय अनुसार शिक्षकको पेशागत तालिम लिनेको संख्या कम भएको पाइयो । सम्बन्धित स्रोत केन्द्र तथा शैक्षिक तालिम केन्द्र ‘क’ इनरुवामा जानकारी लिदा

यस शैक्षिक सत्रमा जम्मा प्राथमिक तहमा ७५ जना शिक्षकको लागि मात्र तालिमको संख्या आएको थियो त्यो पनि आथिृक वर्षको अन्त्यतिर मात्र आएको थियो । निम्न मा.वि. र मा.वि. तहको पनि सीमित संख्या मात्र आएको हुँदा अरु शैक्षिक सत्र भन्दा कम संख्यामा तालिम भएको जानकारी प्राप्त भयो र बाँकी रहेको शिक्षकहरुलाई आगामी शैक्षिक सत्रमा निरन्तर दिने जानकारी दिनुभयो ।

**तालिका ७**

**शैक्षिक सत्र २०६७ मा तहगत र विषयगत शिक्षक विवरण**

| क.सं. | विद्यालयको नाम | जम्मा शिक्षक | तह | तालिम प्राप्त शिक्षक | विषय |
|---|---|---|---|---|---|
| १ | श्री ल्याबोरेटरी उ.मा.वि. | २२ | मा.वि. | ३ | अङ्ग्रेजी, विज्ञान, सामाजिक |
| २ | श्री शिक्षानिकेतन उ.मा.वि. | ३७ | मा.वि. | ३ | अङ्ग्रेजी, विज्ञान, सामाजिक |

स्रोत: Flash-II २०६७

माथिका तालिका अनुसार शैक्षिक सत्र २०६७ मा विषयगत र तहगत रुपमा तथ्याङ्क हेर्दा मा.वि. तहको पनि विशेष गरेर मुल तीन वटा विषयको मात्र पेशागत विकास सम्बन्धी तालिम लिएको/दिएको पाइयो । तालिका अनुसार अङ्ग्रेजी, विज्ञान र सामाजिक शिक्षा विषयमा शै. जनशक्ति तालिम केन्द्र, इनरुवाबाट लिएको पाइयो । यो सबै प्रथम मोड्लको तालिम हो र यसै शैक्षिक सत्रबाट नै यो तालिमको शुरु भएको हो । प्राथमिक र निम्न माध्यमिक तहको पेशागत विकास तालिम यस शैक्षिक सत्रमा भएको पाइएन कारण यस शैक्षिक सत्रमा शैक्षिक जनशक्ति तालिम केन्द्रमा मात्र शुरु भएको थियो र शैक्षिक सत्र २०६८ देखि स्रोत केन्द्र स्तरीय तालिम प्रा.वि. तहमा पनि शुरु भएको पाइयो। त्यसैले शुरुको शैक्षिक सत्रमा प्राथमिक विद्यालयमा यो कार्यक्रम चलाएको थिएन ।

**तालिका ८**

**शैक्षिक सत्र २०६८ मा तहगत र विषयगत शिक्षक विवरण**

| क.सं. | विद्यालयको नाम | तह | शिक्षक संख्या | तालिम प्राप्त शिक्षक संख्या | विषय |
|---|---|---|---|---|---|
| १ | श्री ल्याबोरेटरी उ.मा.वि. | मा.वि. | २२ | ३ | अङ्ग्रेजी, सामाजिक, विज्ञान |
| २ | श्री शिक्षानिकेतन | मा.वि. | ३५ | ६ | गणित, सामाजिक शिक्षा, |

| | | | | | |
|---|---|---|---|---|---|
| | उ.मा.वि. | | | | नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र |

स्रोतः Flash-II २०६८

माथिका तालिका अनुसार शैक्षिक सत्र २०६८ मा विषयगत र विद्यालयगत रुपमा तथ्याङ्क हेर्दा मा.वि. तहमा मात्र तालिम दिएको पाइयो । त्यसमा पनि अनिवार्य विषयमा विशेष विषयहरुको मात्र तालिम लिएको पाइयो । ती विषयहरुमा अङ्ग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक शिक्षा विषय रहेको पाइयो । यस शैक्षिक सत्रमा कुनै शिक्षक प्रथम मोड्ल लिएको र कुनै शिक्षक दोस्रो मोड्ल पनि लिएको पाइयो । निम्न माध्यमिक तहमा यस शैक्षिक सत्रमा पनि तालिम लिएको देखिन र प्राथमिक तहमा भने यो विषय नै भनेर तालिम दिदैन प्राथमिक तहमा भने समग्र शिक्षण सिकाई प्रक्रिया र विधिको बारेमा तालिम दिने गर्दछ ।

**तालिका ९**

**शिक्षकको तहगत तालिम प्राप्त मोड्ल अनुसार प्राथमिक तह**

| क्र.सं. | विद्यालयको नाम | प्रथम मोडल जम्मा तालिम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री सरस्वती प्रा.वि. | ५ (५) | ५ (२) | ५ (×) |
| २ | श्री अमर प्रा.वि. | ४ (३) | ४ (१) | ४ (×) |
| | | ९ (८) | ९ (३) | ९ (×) |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका १० अनुसार नमूना विद्यालयको प्रा.वि. तहको तालिम प्राप्त शिक्षक संख्यालाई हेर्दा प्रथम मोड्लमा जम्मा विद्यार्थी संख्या ९ रहेकोमा ८ जनाले लिइसकेको र एक जना श्री अमर प्रा.वि. धरान-१३ का प्र.अ. हुनु भएकोले वहाँले नलिएको देखियो । दोस्रो मोड्लमा उक्त संख्या घटेर ३ जनामा झरेको पाइयो र यसको कारण आ.व. २०६९ मा धरान स्रोत केन्द्रमा मात्र २५ जनाको सिट संख्याले गर्दा यो संख्या देखियो र तेस्रो मोडूल अझ सम्म शुरु भएको पाइएन् ।

**तालिका-१०**

**शिक्षकको तहगत तालिम प्राप्त मोडूल अनुसार निम्न माध्यमिक तह**

| क्र.सं. | विद्यालयको नाम | प्रथम मोडल जम्मा तालिम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री भगवती नि.मा.वि. | १० (७) | १० (२) | १० (×) |
| २ | श्री पञ्चायत नि.मा.वि. | ९ (६) | ९ (१) | ९ (×) |
| | | १९ (१३) | १९ (३) | १९ (×) |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका ११ अनुसार नमूना विद्यालयको निम्न माध्यमिक तहको तालिम प्राप्त शिक्षक संख्यालाई हेर्दा जम्मा १९ जना शिक्षक संख्यामा १३ जना शिक्षकहरुले मात्र प्रथम मोडूल लिएको पाइयो । त्यसैगरी दोस्रो मोडूलमा घटेर ३ जनाको संख्यामा झरेको पाइयो । त्यसको कारण आ.व. २०६८/०६९ मा सीमित संख्याको लागि आएको हुँदा दोस्रो मोडूलको ण्णसंख्या कम भएको पाइन्छ साथै तेस्रो मोडूलका निम्ति भने अझसम्म कुनै कार्यक्रम नआएको तालिम केन्द्रबाट जानकारी प्राप्त भयो । यो कार्यक्रम निरन्तर चलिरहने कार्यक्रम भएको हुँदा सबै शिक्षकहरुले तीनवटै मोडूल जसरी भए पनि लिनु पर्ने हुन्छ ।

**तालिका ११**

**शिक्षकको तहगत तालिम प्राप्त मोडूल अनुसार माध्यमिक तह**

| क्र.सं. | विद्यालयको नाम | प्रथम मोडल जम्मा तालिम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री ल्याबोरेटरी उ.मा.वि. | २० (१८) | २० (८) | २० (१) |
| २ | श्री शिक्षानिकेतन उ.मा.वि. | ३० (२४) | ३० (१२) | ३० (×) |
| | | ५० (४२) | ५० (२०) | ५० (×) |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

तालिका १२ अनुसार नमुना विद्यालयको माध्यमिक विद्यालय तहको तालिम प्राप्त शिक्षक संख्यालाई हेर्दा जम्मा ५० जना शिक्षक संख्यामा ४२ जना शिक्षकहरुले मात्र प्रथम मोडूल लिएको पाइयो । यो संख्या सकारात्मक संख्याभित्र पर्दछ । जम्मा शिक्षक संख्याको ८४ प्रतिशत शिक्षकले प्रथम मोडूल तालिम प्राप्त शिक्षक भित्र पर्दछन् । त्यसै गरी दोस्रो मोडूलमा ५० जना शिक्षकमा २० जनाले तालिम लिएको पाइयो । उक्त संख्या हेर्दा ४० प्रतिशत शिक्षकले दोस्रो मोडूलको तालिम लिएको पाइयो र माध्यमिक तहमा पहिलो र दोस्रो मोडूलको तालिम लिएको संख्या सकारात्मक देखियो । तर तेस्रो मोडूलको तालिम लिएको शिक्षक संख्या मात्र एक (१) जना देखियो । यो तेस्रो मोडूलको संख्या भने अति न्यून भएको देखियो । शिक्षकको पेशागत विकास तालिम भनेको शिक्षकको मागको आधारमा लिने भएकोले गर्दा माग अनुसारको तालिम लिएको हुनाले पनि तेस्रो मोडूल सञ्चालन हुन नसकेको हो ।

तहगत रुपमा शिक्षकको पेशागत विकास तालिमको तथ्याङ्क हेरेर विश्लेषण गर्दा जम्मा शिक्षक संख्या ७८ जना रहेको पाइयो जसमध्येमा ६३ जनाले प्रथम मोडूल सकेको देखियो । प्रायःजसो शिक्षकहरुले प्रथम मोडूलको तालिम लिइसकेको र बाँकी रहेको शिक्षकहरुको संख्या हेर्दा पुराना

शिक्षकहरु चाडै अनिवार्य अवकास प्राप्त गर्ने भएकोले तालिम नलिएको देखियो । त्यसैगरी दोस्रो मोडूलको तालिम जम्मा २६ जना शिक्षकहरुले लिएको पाइयो । यो संख्या भने सकारात्मक भएको पाइएन यो संख्या भने सकारात्मक भएको पाइएन तर तथ्याङ्क सङ्कलनको क्रममा सोधखोज गर्दा यो निरन्तर चलिरहेको र दोस्रो मोडूलको निम्ति माग भई नआएको हुँदा यो मोडूलको तालिम पूरा नभएको हो साथै तेस्रो मोडूलको तालिम सम्म १ जनाले मात्र लिएको पाइयो उक्त मोडूलको तालिम मागको आधारमा एक जनाले मात्र मौका पाएको देखिन्छ तर आगामी आ.व.मा भने निश्चित रुपले दुवै मोडूल पूरा गर्ने सरकारको नीति रहेको पाइयो । शिक्षकको पेशागत विकास तालिम शिक्षकको लागि अनिवार्य र आवश्यक पनि देखिएको छ । अहिलेको शिक्षाको गुणस्तर खस्कदो अवस्थामा भएको समयमा यो तालिमले शिक्षकलाई केही हदसम्म पुर्नताजकी गर्ने काम गर्ने गर्दछ ।

**तालिका १२**

**विद्यालयगत रुपमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार) प्राथमिक तह**

| क.सं. | विद्यालयको नाम | प्रथम | | दोस्रो | | तेस्रो | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | तालिम | संख्या | तालिम | संख्या | तालिम |
| १ | श्री सरस्वती प्रा.वि. | 5 | 5 | 5 | 2 | 5 | × |
| २ | श्री अमर प्रा.वि. | 4 | 3 | 4 | 1 | 4 | × |
| ३ | श्री भगवती नि.मा.वि. | 5 | 5 | 5 | 2 | 5 | × |
| ४ | श्री पञ्चायत नि.मा.वि. | 6 | 4 | 6 | 1 | 6 | × |
| ५ | श्री ल्याबोरेटरी उ.मा.वि. | 8 | 8 | 8 | 5 | 8 | × |
| ६ | श्री शिक्षानिकेतन उ.मा.वि. | 10 | 8 | 10 | 6 | 10 | × |
| | जम्मा | 38 | 33 | 38 | 17 | 38 | × |

स्रोतः Flash-II २०६७, २०६८ र

२०६९

माथिका तालिकाको तथ्याङ्क अनुसार नमुना विद्यालयको प्राथमिक तहको शिक्षक संख्या ३८ जना रहेको र उक्त संख्यमा प्रथम मोडूल लिनेको संख्या ३३ जना रहेको देखियो । यो जम्मा शिक्षको ८७

प्रतिशत रहेको देखियो । बाँकी ५ जना शिक्षकहरु चाडै अनिवार्य अवकास प्राप्त गर्ने भएको हुँदा तालिम लिएको पाइएन । त्यसैगरी दोस्रो मोडूलमा जम्मा १७ जना शिक्षकले तालिम लिएको जसमा ४५ प्रतिशत ालिम प्राप्त देखिन्छ र तेस्रो मोडूलमा भने प्राथमिक तहको शिक्षकहरुले लिएको देखिएन । यस बारेमा स्रोत केन्द्र र शैक्षिक तालिम केन्द्र, इनरुवामा बुझ्दा आ.व. २०७०/०७१ मा चालु गर्ने जानकारी प्राप्त भएको हुँदा माग अनुसार प्रथम, दोस्रो र तेस्रो मोडूल हुने गर्दछ ।

**तालिका १३**

**विद्यालयगत रुपमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार) निम्न माध्यमिक तह**

| क.सं. | विद्यालयको नाम | प्रथम | | दोस्रो | | तेस्रो | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | तालिम | संख्या | तालिम | संख्या | तालिम |
| १ | श्री भगवती नि.मा.वि. | 4 | 2 | 4 | × | 4 | × |
| २ | श्री पञ्चायत नि.मा.वि. | 3 | 2 | 3 | × | 3 | × |
| ३ | श्री ल्याबोरेटरी उ.मा.वि. | 6 | 5 | 6 | × | 6 | × |
| ४ | श्री शिक्षानिकेतन उ.मा.वि. | 7 | 5 | 7 | × | 7 | × |
| | जम्मा | 20 | 14 | 20 | × | 20 | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका १४ अनुसार नमूना विद्यालयहरुको निम्न माध्यमिक तहको जम्मा शिक्षक संख्या २० जना मात्र रहेको पाइयो र २० जना शिक्षक संख्या मध्ये प्रथम मोडूलमा १४ जनाले प्राप्त गरेको पाइयो । जसको जम्मा ७० प्रतिशत रहेको पाइयो र बाँकी शिक्षकहरुमा चाडै अनिवार्य अवकास प्राप्त गर्ने साथै कुनैमा प्रधानाध्यापक भएको हुँदा पनि तालिम प्राप्त नगरेको पाइयो । नमूना विद्यालयको निम्न माध्यमिक तहको दोस्रो र तेस्रो मोडूलको पेशागत विकास तालिम लिएको पाएको छैन । उक्त मोडूल किन नभएको भनेर बुझ्न खोज्दा आगामी आ.व. देखि दोस्रो र तेस्रो मोडूल शुरु गर्ने भन्ने बारेमा शैक्षिक तालिम केन्द्र इनरुवाबाट जानकारी प्राप्त भयो । हालसम्म निम्न माध्यमिक तहको शिक्षकहरुको माग भई नआएको कारणले पनि यो मोडूल सूचारु नभएको भन्ने जानकारी प्राप्त भयो ।

**तालिका १४**

**विद्यालयगत रुपमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार) माध्यमिक तह**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | | दोस्रो | | तेस्रो | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | तालिम | संख्या | तालिम | संख्या | तालिम |
| १ | श्री ल्याबोरेटरी उ.मा.वि. | 6 | 5 | 6 | 3 | 6 | 1 |
| २ | श्री शिक्षानिकेतन उ.मा.वि. | 13 | 11 | 13 | 6 | 13 | × |
| | जम्मा | 19 | 16 | 19 | 9 | 19 | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका १५ को तथ्याङ अनुसार नमूना विद्यालयको माध्यमिक तहको जम्मा शिक्षक संख्या १९ जना मात्र रहेको पाइयो र १९ जना शिक्षक संख्या मध्येबाट १६ जनाले प्रथम मोडूलको तालिम प्राप्त गरिसकेको र ३ जनाले तालिम लिएको पाइएन किनभने कुनै शिक्षक चाडै अनिवार्य अवकास लिने र कुनैले तालिम नै नलिने भएको पाइयो । माध्यमिक तहको शिक्षक तालिम लिएको ८४ प्रतिशत रहेको पाइयो । यो तालिम सकारात्मक नै रहेको पाइयो । त्यसरी नै दोस्रो मोडूलको तालिम सम्बन्धमा तथ्याङ्क हेर्दा १९ जना शिक्षकमा ९ जनाले तालिम लिएको पाइयो जम्मा संख्याको ४७ प्रतिशत रहेको पाइयो । दोस्रो मोडूलको संख्या किन कम भएको भनेर बुझ्दा यो अहिले पनि निरन्तर चलिरहेको कार्यक्रम भएको र यो तालिम भनेको मागमा आधारित तालिम भएको हुँदा पनि यो संख्या भएको पाइयो । त्यसरी नै तेस्रो मोडूलको तालिम लिने शिक्षक १ जना मात्र पाइयो जम्मा शिक्षकको ५ प्रतिशतले मात्र अन्तिम मोडूल वा तेस्रो मोडूल लिएको पाइयो । यो प्रतिशत सबैभन्दा न्यून रहेको पाइयो तर सबै तहलाई विश्लेषण गरी हेर्दा प्रा.वि. तहको प्रथम मोडूल सबैभन्दा राम्रो प्रतिशतमा लिएको पाइयो त्यसरी नै माध्यमिक तहको र अन्तिममा निम्न माध्यमिक तहको शिक्षकले तालिम लिएको पाइयो । दोस्रो मोडूलको तालिम सम्बन्धमा तथ्याङ्क हेर्दा सबैभन्दा राम्रो प्रतिशतमा माध्यमिक तहको शिक्षकले ४७ प्रतिशत तालिम लिएको देखियो दोस्रोमा प्राथमिक तहको शिक्षकले ४५ प्रतिशत तालिम लिएको पाइयो र अन्तिममा निम्न माध्यमिक तहको शिक्षकले शुन्य प्रतिशत तालिम देखियो । त्यसरी नै तेस्रो मोडूलको सम्बन्धमा हेर्दा माध्यमिक तहमा १ जनाले मात्र तालिम लिएको पाइयो । यो ५ प्रतिशतले रहयो । प्राथमिक र निम्न माध्यमिक तहको तेस्रो मोडूल सम्बन्धमा तथ्याङ हेर्दा शुन्य प्रतिशतमा रहेको पाइयो । उक्त तहहरुमा आगामी आ.व.मा यो कार्यक्रम निरन्तर हुने बारेमा सम्बन्धित निकायबाट जानकारी प्राप्त भयो ।

अहिले सम्मको तथ्याङ्क संकलन र विश्लेषण गरेर हेर्दा शिक्षकको पेशागत तालिम कार्यान्वयन भने केही हदसम्म भएको पाइयो । यो तालिम भनेको मागमा आधारित भएको हुँदा शिक्षकको मागको आवश्यकता अनुसार केन्द्रले बोलाउने हुँदा यो कार्यक्रम निरन्तर चलिरहने कार्यक्रम रहेको पाइयो ।

### ४.१.४ विषयगत शिक्षक तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)

**तालिका १५**

**अङ्ग्रेजी विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार) निम्न माध्यमिक तह**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 2 | × | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | × | × | × |
| ३ | श्री भगवती नि.मा.वि. | 1 | × | × |
| ४ | श्री पञ्चायत नि.मा.वि. | 1 | × | × |
| | | 4 | × | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार निम्न माध्यमिक तहको अङ्ग्रेजी विषयको बारेमा तथ्याङ्क सङ्कलन गरेको हो उक्त तथ्याङ्क अनुसार प्रथम मोडूल लिने शिक्षकको संख्या ४ जना मात्र देखियो त्यसै गरी दोस्रो र तेस्रो मोडूलको तालिम लिएको देखिएन र उक्त सम्बन्धमा शैक्षिक तालिम केन्द्र 'क' इनरुवा र धरान स्रोत केन्द्रमा जानकारी लिदा निम्न माध्यमिक तहमा प्रथम मोडूलको तालिम मात्र भइसकेको र दोस्रो मोडूलको लागि भने शिक्षकहरुको समस्याहरु माग गरी रहेको अवस्था जानकारीमा आएको थियो । आगामी आर्थिक वर्षमा दोस्रो मोडूल साथै अर्को आर्थिक वर्षमा अन्तिम मोडूल अथवा तेस्रो मोडूलको तालिम दिने/लिने बारे जानकारी प्राप्त भयो ।

**तालिका १६**

**नेपाली विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | × | × | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | × | × | × |
| ३ | श्री भगवती नि.मा.वि. | × | × | × |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री पञ्चायत नि.मा.वि. | 1 | × | × |
| | | 1 | × | × |

स्रोत: Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार निम्न माध्यमिक तहको नेपाली विषयको बारेमा तथ्याङ्क सङ्कलन गर्दा जम्मा शिक्षक मध्येबाट १ जनाले मात्र लिएको पाइयो । नमुना विद्यालय मध्येबाट तथ्याङ्क हेर्दा प्रथम मोडूलमा एक जना शिक्षकले मात्र तालिम लिएको पाइयो । प्रथम मोडूल बाहेक दोस्रो, तेस्रो कुनै मोडूल लिएको पाइएन । निम्न माध्यमिक तहको नेपाली विषयको अहिले सम्म प्रथम मोडूल मात्र लिएको पाइयो । शैक्षिक सत्र २०७० सालमा दोस्रो मोडूलको निम्ति आवश्यक माग भइरहेको जानकारी सम्बन्धित शैक्षिक तालिम केन्द्र र स्रोत केन्द्रबाट जानकारी प्राप्त भयो ।

**तालिका १७**

**सामाजिक शिक्षा विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 1 | × | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | 3 | × | × |
| ३ | श्री भगवती नि.मा.वि. | × | × | × |
| ४ | श्री पञ्चायत नि.मा.वि. | × | × | × |
| | | 4 | × | × |

स्रोत: Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार सामाजिक शिक्षा विषयका तालिम प्राप्त शिक्षक विवरणको तथ्याङ्क हेर्दा प्रथम मोडूलको तालिम लिने शिक्षक संख्या ४ जना मात्र रहेको पाइयो । दोस्रो र तेस्रो मोडूलको तालिम भने यस विषयमा पनि लिएको छैन । यस विषयको सम्बन्धमा पनि जानकारी लिदा समस्याको माग भइरहेको र अहिले सम्म मागहरु आइरहेको र आगामी आर्थिक वर्षमा यो कार्यक्रम निरन्तर र सुचारु गर्ने सम्बन्धमा पनि जानकारी प्राप्त भयो । निम्न माध्यमिक विद्यालय तहको सबै

विषयका तालिमहरु शैक्षिक तालिम केन्द्रले गर्ने प्रावधान रहेको पनि जानकारी प्राप्त भयो । स्रोत केन्द्र स्तरमा प्राथमिक तहको तालिम मात्र गर्ने गराउने गरेको पाइयो उक्त तह बाहेक माध्यमिक र निम्न माध्यमिक तह भने शैक्षिक तालिम केन्द्र मार्फत लिने/दिने गर्दछ ।

**तालिका १८**

**विज्ञान/गणित विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 1 | × | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | 1 | × | × |
| ३ | श्री भगवती नि.मा.वि. | 1 | × | × |
| ४ | श्री पञ्चायत नि.मा.वि. | × | × | × |
| | | 3 | × | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिकाको तथ्याङ्क अनुसार निम्न माध्यमिक तहको विज्ञान र गणित विषयको बारेमा सङ्कलन गर्दा ३ जना शिक्षकहरुले मात्र प्रथम मोडूलको तालिम लिएको पाइयो । गणित र विज्ञान विषयलाई विभाजन नगरी विज्ञान समूह भनेर तालिम दिएको पनि पाइयो । यस विषयहरुमा धेरै समस्याहरु देखिएको पनि सम्बन्धित क्षेत्रबाट जानकारी प्राप्त भयो । विज्ञान र गणित विषय भनेको विद्यार्थीहरुको पनि समस्याको विषय बनेको पाइन्छ । यी विषयहरुमा सिकाई उपलब्धी पनि कम प्राप्त भएको पनि पाइयो । यो शिक्षकको पेशागत विकास मात्र नभई विद्यार्थी समूहको लागि पनि बहसको विषय बनाउनु पर्ने देखिन्छ । नमूना विद्यालयको निम्न माध्यमिक तहको प्रायः अङ्ग्रेजी, नेपाली, सामाजिक शिक्षा र विज्ञान समूहको मात्र तालिम दिएको पाइयो । यस मध्येमा पनि प्रथम मोडूलको तालिम मात्र दिएको पाइयो । चारवटा विषय पनि मात्र प्रथम मोडूलमा आधारित पाइयो । दोस्रो र तेस्रो मोडूलको तालिम आगामी आर्थिक वर्षमा सञ्चालन गर्ने सम्बन्धमा जानकारी प्राप्त भयो ।

**तालिका १९**

**अङ्ग्रेजी विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार) माध्यमिक तह**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 2 | 1 | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | 1 | 1 | 1 |
| | | 3 | 2 | 1 |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार नमूना माध्यमिक/उच्च माध्यमिक विद्यालयको अङ्ग्रेजी विषय बारे तथ्याङ्क सङ्कलन गरेर हेर्दा ३ जना शिक्षकले प्रथम मोडूलको तालिम लिएको पाइयो । दोस्रो मोडूलको तालिममा २ जना शिक्षकहरु मात्र सहभागी भएको पाइयो । त्यसै गरी तेस्रो मोडूलको तालिम १ जनाले मात्र लिएको पाइयो । यस बारेमा जानकारी लिदा मागको आधारमा शिक्षकहरुलाई तालिममा सहभागी गराउने गरेको पाइयो । सम्बन्धित शिक्षकहरुको कुन शीर्षकमा समस्या देखिएको छ त्यसै अनुरुप शैक्षिक तालिम केन्द्रले जिल्ला शिक्षा कार्यालयलाई पत्र पठाई सहभागी गराउन अनुरोध गर्दछ । सबै शिक्षक सबै मोडूलमा एकैपटक उपस्थित हुने सम्भावना कम देखिन्छ । शिक्षकको पेशागत विकास भनेको नै मागमा आधारित शिक्षकहरुमध्येबाट नै समस्याको समाधान खोज्ने तालिम हो ।

**तालिका २०**

**विज्ञान विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 1 | 1 | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | 1 | 1 | × |
| | | 2 | 2 | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार नमुना विद्यालयको विज्ञान विषयको तालिम सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्दा २ जना शिक्षकहरुले प्रथम मोडूलको तालिम लिएको पाइयो । दोस्रो मोडूलको तालिम पनि २ जनाले नै लिएको पाइयो । तर तेस्रो मोडूलको तालिम भने कुनै शिक्षकले लिएको पाइएन ।

सम्बन्धित शैक्षिक तालिम केन्द्रमा जानकारी लिंदा विज्ञान विषयको तेस्रो मोडूलको तालिम अहिलेसम्म शुरु नभएको र आगामी आर्थिक वर्षमा तेस्रो मोडूलको विज्ञान विषयको तालिम दिने अवस्थामा रहेको जानकारी प्राप्त भयो ।

**तालिका २१**

**गणित विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 2 | 2 | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | × | × | × |
| | | 2 | 2 | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार नमुना विद्यालयको गणित विषयको तालिम सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्दा २ जना शिक्षकहरुले मात्र प्रथम मोडूलको तालिम लिएको पाइयो । यसमा दुई वटा नमूना विद्यालयमा श्री शिक्षानिकेतन उ.मा.वि.बाट मात्र रहेको पाइयो तर श्री ल्याबोरेटरी उ.मा.वि.बाट भने एक जना शिक्षक पनि सहभागी भएको पाइएन त्यसैगरी दोस्रो मोडूलको तालिम पनि २ जना शिक्षकहरुले मात्र लिएको पाइयो र तेस्रो मोडूलको तालिम भने कुनै शिक्षकहरुले पनि लिएको पाइएन । आगामी आर्थिक वर्षमा तेस्रो मोडूलको तालिम दिने जानकारी सम्बन्धित निकायबाट प्राप्त भयो ।

**तालिका २२**

**सामाजिक शिक्षा विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 1 | 1 | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | 1 | 1 | × |
| | | 2 | 2 | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार नमुना विद्यालय सामाजिक शिक्षा विषयमा तथ्याङ्क सङ्कलन गरेर हेर्दा प्रथम मोडूलको तालिम २ जनाले लिएको पाइयो । दुवै विद्यालयबाट १-१ जना शिक्षकले तालिम

लिएको पाइयो । त्यसैगरी दोस्रो मोडूलको तालिम पनि २ जना शिक्षकहरुले मात्र लिएको पाइयो तर तेस्रो मोडूलको तालिम भने कुनै शिक्षकहरुले पनि लिएको पाइएन । अहिले सम्म प्रथम र दोस्रो मोडूलको तालिम मात्र दिएको पाइयो । सामाजिक विषयको अन्तिम मोडूल वा तेस्रो मोडूल आगामी आर्थिक वर्षमा हुने जानकारी प्राप्त भयो ।

**तालिका २३**

**जनसंख्या तथा वातावरण शिक्षा विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 2 | × | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | 2 | × | × |
| | | 3 | × | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार नमुना विद्यालयको जनसंख्या तथा वातावरण शिक्षा विषयमा तथ्याङ्क सङ्कलन गरेर हेर्दा प्रथम मोडूलको तालिम ४ जना शिक्षकहरुले लिएको पाइयो । दुई वटा नमुना विद्यालयको शिक्षकहरुले नै तालिम लिएको पाइयो । तर यस विषयमा पनि दोस्रो मोडूल र तेस्रो मोडूलको दुवै मोडूल लिएको देखिएन । प्रथम मोडूलको तालिम मात्र शुरु भएको र आगामी आर्थिक वर्षहरुमा दोस्रो र तेस्रो मोडूलको तालिम दिने सम्बन्धित शैक्षिक तालिम केन्द्रबाट जानकारी प्राप्त भयो । पहिलो चरणमा सबै अनिवार्य विषयहरुको शिक्षकहरुलाई तालिम दिने र दोस्रो चरणमा ऐच्छिक विषयहरुको पनि तालिम दिने जानकारी प्राप्त भएको थियो । यस विषयमा खासै समस्या नभएको हुँदा समस्याको मागहरु कम हुने गरेको तरै पनि शिक्षण सिकाई क्रियाकलापको बारेमा अझ स्पष्ट र विस्तृत रुपमा जानकारी दिन/लिन सक्ने हुने हुन्छ ।

**तालिका २४**

**नेपाली विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 1 | 1 | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | 2 | 1 | × |
| | | 3 | 2 | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार नमुना विद्यालयको नेपाली विषयका तथ्याङ्क सङ्कलन गरेर हेर्दा प्रथम मोड्ूलको तालिम लिने शिक्षक संख्या ३ मात्र रहेको थियो । दोस्रो मोडूलको तालिम लिनेको संख्या २ जना मात्र रहेको पाइयो । पहिलो मोडूल भन्दा दोस्रो मोडूलमा संख्या घटेको पाइयो । त्यसैगरी तेस्रो मोडूललाई हेर्दा कुनै शिक्षक नै सहभागी भएको पाइएन । यस मोडूलमा शिक्षक तालिम लिनेको संख्या शून्यमा देखियो । आर्थिक वर्ष २०६८/०६९ मा तालिम संख्या पनि कम भएको जानकारी प्राप्त भयो । समस्याहरुको माग भइरहेको पनि जानकारी प्राप्त भयो । बाँकी रहेको शिक्षकहरुलाई आगामी आर्थिक वर्षमा निरन्तर दिने व्यवस्था गरिरहेको जानकारी प्राप्त भयो ।

**तालिका २५**

**कार्यालय तथा लेखा सञ्चालन विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल अनुसार)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 1 | × | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | × | × | × |
| | | 1 | × | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका अनुसार नमुना विद्यालयको ऐच्छिक विषय कार्यालय तथा लेखा सञ्चलन विषयका तथ्याङ्क सङ्कलन गरेर हेर्दा प्रथम मोडूलको तालिम लिने शिक्षकको संख्या १ जना मात्र रहेको पाइयो । यो विषयमा प्रथम मोडूल देखि कुनै मोडूलको पनि तालिम लिएको पाइएन । यस सम्बन्धी पनि जानकारी लिंदा आगामी आर्थिक वर्षबाट निरन्तर हुने र समस्याहरुको माग र पहिचान पछि कार्यक्रम निरन्तर हुन सम्बन्धित शैक्षिक तालिम केन्द्र तथा स्रोत केन्द्रबाट जानकारी प्राप्त भयो ।

**तालिका २६**

**अर्थशास्त्र विषयमा तालिम प्राप्त शिक्षक विवरण (मोडूल संख्या)**

| क्र.सं. | विद्यालयको नाम | प्रथम | दोस्रो | तेस्रो |
|---|---|---|---|---|
| १ | श्री शिक्षानिकेतन उ.मा.वि. | 1 | 1 | × |
| २ | श्री ल्याबोरेटरी उ.मा.वि. | × | × | × |
| | | 1 | 1 | × |

स्रोतः Flash-II २०६७, २०६८ र २०६९

माथिका तालिका २६ अनुसार नमुना विद्यालयको अर्थशास्त्रको विषयको तथ्याङ्क सङ्कलन गरेर हेर्दा दुई वटा विद्यालयबाट १ जना शिक्षकले मात्र प्रथम मोडूलको तालिम लिएको पाइयो । कुनै कुनै शिक्षक अनिवार्य विषयहरुमा पनि सहभागी हुने भएकोले ऐच्छिक विषयमा शिक्षकको सहभागी संख्या कम भएको देखिएको हो । एकै जना शिक्षकले दुवै विषयमा सबै मोडूलको तालिम लिन सक्दैन । त्यसै गरी यस विषयको दोस्रो मोडूलमा पनि १ जना शिक्षकले मात्र तालिम लिएको पाइयो र तेस्रो मोडूलको तालिम अझ सम्म पनि कुनै शिक्षकले लिएको पाइएन ।

शिक्षकको पेशागत विकास तालिमको कार्यान्वयन सम्बन्धमा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्ने क्रममा धरान स्रोत केन्द्र स्तरिय यस अध्ययनलाई सीमित बनाएको हो । यस अध्ययन क्षेत्रभित्र जम्मा २५ वटा सामुदायिक विद्यालयहरु रहेको पाइयो । त्यस मध्येमा ६ वटा विद्यालयलाई र्‍याण्डम स्याम्पलिङबाट नमुना विद्यालयको रुपमा छनौट गरी त्यसै अनुसार विश्लेषण गरेको हो । जसमध्येमा २ वटा विद्यालय प्राथमिक तहका, २ वटा निम्न माध्यमिक तहको र २ वटा मा.वि. / उ.मा.वि. विद्यालय राखेको हो । उक्त विद्यालयका विद्यार्थी संख्या सम्बन्धमा पनि तथ्याङ्क सङ्कलन गरे रहेर्दा विद्यार्थी संख्या शिक्षक संख्याको अनुपातमा राम्रो नै रहेको पाइयो । जसमा तीन वर्षको विद्यार्थी संख्याको तथ्याङ्क सङ्कलन गरेको छु (शैक्षिक सत्र २०६७, २०६८, २०६९) । जसमध्येमा शैक्षिक सत्र २०६७ मा जम्मा विद्यार्थी संख्या ११०७१ जना मात्र रहेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६८ मा जम्मा विद्यार्थी संख्या १०४८१ जना रहेको पाइयो । शैक्षिक सत्र २०६७ भन्दा २०६८ मा केही विद्यार्थी संख्या घटेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६९ मा जम्मा विद्यार्थि संख्या ९६६५ जना मात्र रहेको पाइयो । विद्यार्थी संख्यालाई तीन वर्षमा अध्ययन गर्दा वर्षेनी घटोत्तरीमा गएको देखियो । यसको मूल कारण अध्ययन गर्ने क्रममा केही कुराहरु बाहिर आएको पाइयो । प्रथमतः शैक्षिक गुणस्तर, राजनैतिक खिचातानी, शिक्षकमा गैर जिम्मेवार, सही मूल्याङ्कन र सुपरिवेक्षणको अभाव आदि आदि कारणले गर्दा सामुदायिक विद्यालयको विद्यार्थी संख्या घटेको पाइयो । उक्त अध्ययनबाट के कुराको पनि जानकारी प्राप्त भयो भने सामुदायिक विद्यालयमा छोरालाई भन्दा छोरीलाई धेरै पठाउने गरेको पनि पाइयो । संख्यात्मक रुपमा तुलना गर्दा ४०/६० को अनुपातमा विद्यार्थी (छात्र/छात्रा) संख्या रहेको पाइयो ।

शिक्षक र विद्यार्थी संख्याको अनुपात अध्ययन गर्दा शैक्षिक सत्र २०६७ मा विद्यार्थी संख्या ११०७१ जना मात्र थियो त्यसै गरी शिक्षक संख्या ३६२ जना मात्र थियो र अनुपातमा हेर्दा ३०.५८ बराबरी

१ जना शिक्षक संख्या रहेको देखियो । यसैगरी शैक्षिक सत्र २०६८ मा विद्यार्थी संख्या १०४८१ जना मात्र रहेको थियो भने शिक्षक संख्या बढेर ३७१ जनामा पुगेको देखिन्छ र अनुपातमा हेर्दा २८२५ बराबरी १ जना शिक्षक संख्या देखिन्छ । विद्यार्थी संख्या घटेको देखिन्छ तर शिक्षक संख्या भने घटेको छैन । शिक्षक र विद्यार्थी अनुपात संख्या पनि तलमाथि भएको देखियो । त्यसैगरी शैक्षिक सत्र २०६९ मा विद्यार्थी संख्या ९६६५ जना मात्र देखियो र शिक्षक संख्या ३६७ जना मात्र देखियो र अनुपातमा हेर्दा २६.३३ विद्यार्थी बराबरी एक जना शिक्षक रहेको पाइयो । तुलना गरेको सबै शैक्षिक सत्रलाई हेर्दा प्रत्येक वर्षको विद्यार्थी संख्या घटेको देखियो तर शिक्षक संख्या भने खासै घटेको देखिएन र अनुपातमा भने शैक्षिक सत्र २०६८ मा २५.२५ र शैक्षिक सत्र २०६९ मा घटेर २६.३३ बराबरी १ शिक्षकमा रहेको पाइयो ।

शैक्षिक सत्र अनुसार शिक्षक संख्याको संख्या सम्बन्धी विश्लेषण गर्दा शैक्षिक सत्र २०६७ मा शिक्षक संख्या ३६२ जना मात्र रहेको पाइयो जसमध्येमा ३७ जना शिक्षकले मात्र शिक्षकको पेशागत विकास तालिम लिएको पाइयो । शैक्षिक सत्र २०६८ मा शिक्षक संख्या ३७१ जना मात्र रहेको पाइयो जस मध्येमा १२५ जना शिक्षकले मात्र तालिम लिएको पाइयो। शैक्षिक सत्र २०६७ सालको तालिम लिने शिक्षण संख्या १०.२२ प्रतिशत मात्र रहेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६८ सालको तालिम लिने, शिक्षक संख्या ३३.६९ प्रतिशत रहेको पाइयो । संख्यात्मक रुपमा हेर्दा अगाडी शैक्षिक सत्र भन्दा पछिल्लो शैक्षिक सत्रमा तालिम लिने संख्या बढेको देखियो । शैक्षिक सत्र २०६९ मा शिक्षक संख्या ३६७ जना मात्र रहेको पाइयो जस मध्येमा २०५ जना शिक्षकहरुले तालिम लिएको पाइयो । जसमा ५५.५८ प्रतिशत शिक्षकहरुले तालिम लिएको पाइयो समग्रमा विश्लेषण गरेर हेर्दा शुरुको शैक्षिक सत्रमा कम मात्रमा तालिम लिएको र वर्षेनी यो कम बढ्दै गइरहेको देखियो । यस अध्ययनमा मोडूललाई छुट्याउन गाह्रो पर्ने हुन्छ र संख्यात्मक रुपमा मात्र छुट्याउन सक्दछ।

**तालिका : २७**

**नमूना विद्यालयको प्र. अ. शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघंको विवरण**

| क.स. | विवरण | संख्या |
|---|---|---|
| १. | प्रधानाध्यापक सख्या | ६ |
| २. | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | ६ |
| ३. | विद्यालय व्यवस्थापन समितिका महिला सदस्य | ६ |
| ४. | विद्यालय व्यवस्थापन समितिका सदस्यहरु | ३५ |
| ५. | शिक्षक अभिभावक संघ अध्यक्ष | ६ |
| ६. | शिक्षक अभिभावक संघ सदस्यहरु | ३५ |
| ७. | शिक्षक अभिभावक संघ सदस्य, सचिव | ६ |

स्रोतः Flash II - २०६९

माथिका तालिकाको अध्ययन गर्दा नमूना विद्यालयको सबै विद्यालयमा प्रधानाध्यापक रहेको पाइयो । सबै विद्यालयमहरुमा विद्यालय व्यावस्थापन समिति सहित सबै अध्यक्ष र सम्पूर्ण सदस्यहरुको पनि उपस्थिति रहेको पाइयो । तर प्रायः प्रायः विद्यालय व्यवस्थापन समितिको पधावधि सकिन लागेको जनकारी पनि प्राप्त भयो । यस अध्ययनको तथ्याङ्क सङ्कलन गर्ने क्रममा शिक्षक अभिभावक संघ वारेमा पनि जानकारी लिएको छु र सवै नमूना विद्यालयमा शिक्षक अभिभावक संघको गठन भएको पनि पाइयो । यस समितिमा पनि सबै अध्यक्ष सहित सम्पूर्ण सदस्यहरु उपस्थित/ कार्यअवधि सकिएको पाइएन सबै नमूना विद्यालयको सम्पूर्ण अध्यक्ष तथा सदस्यहरुको पदावधि रहेको पनि पाइयो ।

शिक्षकको पेशागत विकास तालिम सम्बन्धी विद्यालयका प्रधानाध्यापकलाई सोध्दा, विद्यालयको दैनिक पठन-पाठनलाई असर नपर्ने गरी शिक्षकहरुलाई तालिमको लागि पठाउने गरेको पाइयो । कुनै -कुनै समयमा विद्यालयको पढन-पाठनमा असर पर्ने भएको हुदाँ तालिम हामी पढाउदैनौ भन्ने प्रतिउत्तर पनि प्रधानाध्यापक ज्यूहरुवाट प्राप्त भयो । यस प्रकारको तालिम शिक्षकको लागि अनिर्वाय र आवश्यक भएको सबै प्रधानाध्यापक र शिक्षकहरुलाई जानकारी भए पनि विद्यालयको आवश्यकता अनुसार पालै पालो तालिममा शिक्षहरुलाई पठाउने गरेको पाइयो । टेलर (१९११) ले भने झै

बैज्ञानिक ढंगबाट काम गर्न दक्ष तथा सिपालु शिक्षकको छनौट गर्नु पर्ने देखिन्छ । साथै छनौट गरिएका शिक्षकमा समेत कार्यक्रम सम्बन्धी तालिमको अभाव रहेकोले दक्षता बृद्धिका लागि पेशागत विकास तालिम सम्बन्धी तालिम दिनु पर्ने देखिन्छ । त्यसो भएमा मात्र शिक्षक तथा विद्यार्थी दुवैलाई अधिकतम सिकाई उपलब्धी हासिल गर्ने गरी बैज्ञानिक ढगंवाट व्यवस्थापन र परिचालन गर्न सकिने देखिन्छ ।

शिक्षको पेशागत विकास तालिमको अवस्थालाई अध्ययन गर्दा निम्न अनुसार रहेको पाईयो

- नेपाल सरकारको लगानी शिक्षा क्षेत्र धेरै मात्रमा गरेको पाइयो तर उपलब्धी भने न्यून पाईयो ।
- विभिन्न तथ्याङ्कलाई विश्लेषण गर्दा वि.स. २०६७ साल देखि यो कार्यक्रम शुरु भए पनि प्रभावकारी रुपमा प्रयोगमा नआएको पाइयो ।
- मोड्ल अनुसार नै तालिम दिएको दिएको लिएको पाइयो ।
- तहगत तथा विषयगत रुपमा पनि तालिमलाई प्रयोग गरेको पाइयो ।
- विशेष गरेर तालिम प्राप्त शिक्षकहरु संगको भेटवार्तमा छलफल गर्दा साथै उक्त शिक्षकले कक्षा कोठामा प्रयोग गरेको ज्ञान र सिपलाई अवलोकन गर्दा तालिममा प्राप्त ज्ञान सिपको अधिकतम न्यून प्रयोग गरेको पाइयो ।
- शैक्षिक सामग्रीको न्यून प्रयोग, विविध ? विधिको न्यून प्रयोग पुरानै परम्परागत शैलिमा नै अध्यापन गरेको पाइयो ।
- शिक्षकमा आफ्नो पेशागत विकास प्रति उत्तरदायि नभएको पाइयो ।
- शिक्षकले आफूले प्राप्त गरेको ज्ञान, सिप कक्षा कोठामा किन प्रयोग गरे नगरेको बारेमा कसैले पनि निरिक्षण र मूल्याङ्कन नगरेको पाइयो ।

### ४.२ शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन प्रक्रियाको विश्लेषण

शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन का प्रक्रिया सम्बन्धमा नेपाल सरकारका साथै दातृ निकाय विचमा २०६५ सालमा पेशागत विकास सम्बन्धी सम्झौता भएको पाइन्छ । र त्यसको दुई वर्ष पछाडी वि.स. २०६७ साल देखि तालिमको व्यवस्थापन गरेको पाइन्छ । यो पेशागत तालिम भनेको सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षकहरुलाई तालिम प्राप्त दिलाउने उद्देश्यले विकास गरेको पाइन्छ । यो तालिम भनेको मांगमा आधारित तालिम भएके हुँदा प्रथम त सम्पूर्ण शिक्षकहरुलाई तह अनुसार साथै विषयगत अनुसार समस्याहरुको माग सम्बन्धित शैक्षिक तालिम

केन्द्रहरुले जम्मा गर्ने गर्दछ र  कुन विषयको कुन शिर्षकमा समस्या देखियो । त्यसै अनुरुप तालिमको लागि शिक्षकहरुलाई बोलाउने गरेको पाइयो । यस अध्ययन क्षेत्रमा शिक्षकको पेशागत विकास तालिम सम्बन्धी उल्लेखित प्रक्रियाहरु के कति मात्रामा पुरा भएका छन कि छैनन् ? भनि यस अध्यायमा अध्यायन गरिएको छ । उल्लेखित प्रक्रियाहरुलाई निम्नानुसार विभिन्न उपशीर्षकहरुमा विभाजन गरी अध्ययन गरेको छ।

शिक्षकको पेशागत विकास तालिमको कार्यन्वयन प्रक्रियाको विश्लेषण गरेर हेर्दा सबै प्रक्रियाहरु नियम संगत नै प्राप्त गरेको पाइयो किन भने यस तालिमलाई ३ वटा मोडूलमा विभाजन गरेको हुन्छ । प्रथम मोडूल लिने ले दोस्रो मोडूल, दोस्रो मोडूल लिनेले तेस्रो मोडूल लिनु पर्ने देखिन्छ र तालिमको प्रक्रिया अनुसार नै सम्पूर्ण शिक्षकहरुले तालिम लिएको देखिन्छ । तालिम प्रक्रियामा सकारात्मक साथै बैधानिकता नै देखियो हाल सम्म तथा यस सोधपत्र अध्ययनको समय सम्म तालिम प्रक्रिया धेरै व्यवस्थीत र व्यवहारिक रुपमा नै सञ्चलान भएको पाइयो । यस कार्यक्रमको प्रक्रिया विषयमा अध्ययन अनुसन्धा गर्ने क्रममा तालिम प्रक्रिया सुचारु रुपमा नै गरेको पाइयो । हालसम्म यस तालिमको अवधि २ वर्ष मात्र भएको पाइयो र उक्त कार्यक्रम अनुसार सुचारु रुपमा सञ्चालन भएको मोडूल दोस्रो मोडूल सम्म मात्र हो आगामी वर्षमा तेस्रो मोडूल पनि सक्ने सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुसंग जानकारी लिने काम भयो । यो तालिम वि.स. २०७१ सालसम्म सञ्चलान हुने हुदाँ उक्त वर्षसम्म सबै मोडूलको अन्तिम तालिम हुने पनि सम्बन्धित सरोकारवालहरुबाट जानकारी प्राप्त भयो

शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन प्रक्रियाको विश्लेषण गर्ने प्रक्रियाको सम्वन्धमा अध्ययन गर्दा यो तालिम भनेको मागमा आधारित तालिम भएको हुँदा शिक्षकलाई कुन तहमा र आफूले अध्यापन गरेको विषयमा अध्यापन गराउन समस्या देखियो भनेर पहिले माग गर्दछ । त्यस पछि तालिम केन्द्रबाट तालिमको निम्ति बोलाउने गर्दछ । तालिम तहगत साथै विषयगत दुबैमा हुन्छ साथै मोडूल अनुसार हुन्छ। नि.मा.वि. र मा.वि. तहमा विषयगत रुपमा नै तालिम दिने गर्दछ । तालिम प्राप्त शिक्षकहरुले गर्नु पर्ने निम्न कुराहरु हो तर कक्षा-कोठामा गरेको पाइएन ।

- कक्षा कोठामा प्रवेश गर्दा वा विधार्थीलाई अध्यापन गराउँदा शैक्षिक सामग्रीको पूर्ण प्रयोग गर्नु पर्दछ ।
- शिक्षकले वाल मनोविज्ञानलाई ख्यालगरि अध्यापन गराउनु पर्दछ ।
- शिक्षकले विधार्थी केन्द्रित विधिलाई अपनाई उनीहरुलाई सकृय बनाउनु पर्छ ।

- विधार्थीहरुलाई समूह निमार्ण गरी समूह कार्य गर्ने सिपको विकास गर्नु पर्दछ ।
- विधार्थीलाई अतिरिक्त क्रियाकलाप प्रति आकर्षित गरी विभिन्न क्रियाकलापमा सकृय वनाउन सक्नु पर्छ ।
- शिक्षकले विभिन्न प्रकारको शैक्षिक विधिहरु अपनाई आकर्षक शिक्षण गर्नु सक्नु पर्छ ।
- समय समयमा शैक्षिक अवलोकन भ्रमण लगि विविध ज्ञानहरु दिनु सक्नु पर्छ ।
- विशेष गरेर शिक्षकले विधार्थीलाई गृहकार्य, कक्षा कार्यमा जोड दिनु पर्छ ।

कुनै पनि प्रणालीले प्रभावकारी ढङ्गबाट काम गर्नका लागि त्यस प्रणालीमा दक्ष र तालिम प्राप्त जनशक्तिको आवश्यकता पर्दछ । शिक्षण कार्य एउटा कला हो । शिक्षणलाई कलात्मक ढङ्गले प्रस्तुत गर्न तालिमको महत्वपुर्ण भूमिका रहन्छ । तालिम प्राप्त शिक्षकले मात्र पाठ्यक्रमको मर्म अनुसार शिक्षक शिक्षण क्रियाकलाप सञ्चालन सहज रुपले गर्न सक्दछन् । प्रर्याप्त तालिम प्राप्त शिक्षक भएमा मात्र पाठ्यक्रमका क्रियाकलापहरु प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सकिन्छ । तालिम प्राप्त शिक्षकले मात्र विद्यार्थीको भावना, आवश्यकता, रुची र क्षमता अनुसार शिक्षण गर्न सक्दछन् । हाल नेपालमा ९५ प्रतिशत भन्दा बढी शिक्षकहरु तालिम प्राप्त छन् ।

### ४.३ शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यन्वयनमा समस्या र समाधान

बालबालिकाको उज्वल भविश्यको रेखा कोर्ने व्यक्ति पहिला आमा-वुवा पछि गएर शिक्षकहरु रहने गरेको पाइन्छ । आफूमा भएको ज्ञान, सिपलाई व्यवहारिक रुपमा प्रस्फुटन गराउने काम शिक्षकले गर्ने गर्दछ । त्यसै अनुसार शिक्षकहरुले हरेक प्रकारको सिप, कला, ज्ञान र मनोवैज्ञानीक रुपले आफ्ना विद्यार्थीहरु सक्षम र सवल वनाउने काम गर्दछ । शिक्षण सिकाई एक प्रकारको कला हो कला मार्फत आफ्नो प्राप्त ज्ञान, सिपलाई विद्यार्थीमा हस्तान्तरण गर्ने गर्नु पर्दछ । शिक्षकहरुले तालिम लिएर मात्र हुदैन उक्त प्राप्त ज्ञानहरूलाई व्यवहारमा प्रयोग गर्न सक्नु पर्छ । तालिमको प्रभावकारी प्रयोगमा धेरै कमी कमजोरीहरु पनि देखिएको पाइन्छ । त्यसैले तालिम सम्बन्धी थोरै प्रश्न चिन्हहरु खडा भएको पाइन्छ ।

### ४.३.१ शिक्षकको पेशागत विकास तालिम कार्यान्वयनमा देखिएका समस्याहरु

यस अध्ययनको मूख्य उदेश्यहरु मध्ये शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यन्वयन के कति भइरहेको छ त्यस सम्बन्धी अध्ययन रहेको पाइन्छ । यस अध्ययनको अर्को उद्देश्य भनेको समस्या तथा चुनौतीहरु खोज गरी पत्ता लगाउनु रहेको हो । यस अध्ययनका समस्याहरुलाई

समयमा नै पहिचान गरी सुधारका उपायहरु कार्यन्वयन गरिएका खण्डमा सवै शैक्षिक क्षेत्रमा सकारात्मक सन्देश दिनेछ । यस तालिम कार्यन्वयन सम्वन्धी के-कस्ता समस्या मुद्धा र चुनौतीहरु रहेका छन भन्ने सम्बन्धमा शैक्षिक तालिम केन्द्र, स्रोत केन्द्र र सम्बन्धीत विद्यालय का प्रधानाध्यापक र शिक्षकहरु यसरी प्रकट भएका छन् ।

सवै सरोकारवालाहरुको भनाइहरु प्राय जसो एकै प्रकारको पाइए पनि केहि भनाइहरु यस प्रकारले प्रस्तुत गरेको पाइन्छ । शैक्षिक तालिम केन्द्र (क) इनरुवामा जानकारी लिदा सम्बन्धीत तालिम केन्द्र का प्रशिक्षक ज्यूहरुको भनाई अनुसार तालिम कार्यान्वयन एकदमै फितलो छ त्यसमा कागजी रुपमा मात्र सिमित रहेको पाइन्छ शिक्षकहरुले तालिम केन्द्रमा एकदमै राम्रो र सफल तालिम प्राप्त गरी विद्यालय फर्कन्छ तर त्यो लिएको, सिकेको ज्ञान, सीप भने दैनिक व्यवहारमा प्रयोग गर्दैन । कक्षा कोठा भित्र गएर व्यवहारिक प्रयोग गर्दैन किन भने यसो भएको भन्ने प्रश्नको उत्तरमा यसरी भन्छन् हामीले लिएको तालिमको ज्ञान, सीप कक्षा-कोठामा प्रयोग भयो भएन प्रयोग गऱ्यो गरेन कसले निरिक्षण र सुपरिवेक्षण गर्ने भन्ने गर्दछ कसैले कसैले टेर्नु अथवा अराएको मान्ने अवस्था नै छैन त्यसैले गर्दा नै यो तालिम कार्यान्वयन हुन कठिन र कमजोर वनेर गएको निष्कर्ष निकालेको पाइन्छ ।

स्रोत केन्द्र स्तरमा सोधनी गर्दा लगभग एकै प्रकारको प्रतिउत्तर पाइयो तर यसमा भने केहि फरक मत राखेको पाइयो । यस क्षेत्रमा धेरै मात्रामा तालिमको प्रयोग भएको पाइयो भन्ने तर्क स्रोत केन्द्र स्तरको रहेको पाइयो । यस तालिम लिइ सके पछि शिक्षकहरुमा केहि मात्रामा पहिलाको भन्दा शिक्षण सिकाइ क्रियाकलापमा भिन्नता पाइएको छ भन्ने तर्क छ । विषयगत स्तर, कक्षागत स्तर साथै अन्य क्रियाकलापमा धेरै प्रयोगात्मक प्रयोग भएको पाइयो । कक्षा कोठाको स्तर विकास आफूले गरी अहिलेको खस्किदो गुणस्तर लाई वृद्धि गर्नमा सहयोग पुऱ्याएको पाइन्छ ।
यस तालिम सम्बन्धी सम्बन्धीत विद्यालयका प्राधानाध्यापक ज्यूहरुलाई के कस्तो कार्यान्वयन भइरहेको छ भन्ने प्रश्न सोधनी गर्दा वहाँहरुले पनि राम्रो मात्रामानै तालिम कार्यान्वयन भएको वा छ भन्ने वारेमा जानकारी प्राप्त भयो । शिक्षक पेशागत विकास तालिम लिएको अगाडीको अवस्था र तालिम लिइसके पछिको अवस्था वारेमा प्राधानाध्यापक ज्यूहरु बाट सकारात्मक विकास भएको धारणा व्यक्त गर्दछन् । सवै शिक्षक  एकै प्रकारको नहुने हुँदा कुनै अवस्थामा शिक्षकहरु तालिमको

पुरा प्रयोग गरेको पाइन्छ भने कुनै शिक्षकले कम मात्रामा प्रयोग गरेको जानकारी पनि सम्बन्धीत विद्यालयको प्रधानाध्यापक ज्यूहरुबाट पाइयो ।

यस अध्ययन सम्बन्धमा नमूना विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य ज्यूहरुलाई यस वारेमा कार्यान्वयन सम्बन्धी प्रश्न गर्दा थोरै अध्यक्ष तथा सदस्यहरुले तालिम वारे अनभिज्ञता जाहेर गरेको पाइयो र केहिले भने सही मूल्याङ्कनको कमि रहेको जानकारी दिनु भयो वहाँहरुको भनाइ अनुसार सक्षर र व्यवहारिक शिक्षकलाई उत्साह जोस, जागर दिने र पुरस्कार दिने राम्रो व्यवस्था नभएको र ठग वा शिक्षण प्रति लापार्वाही गर्ने शिक्षकहरुलाई दण्ड सजायको व्यवस्था नभएको कारणले गर्दा कुनै पनि कार्यक्रम कार्यान्वयनमा अवरोध भएको पाइयो । निष्कर्षमा भन्नु पर्दा सवै सरोकारवालाहरुबाट जानकारी दिए/लिए अनुसार पुरस्कार र दण्ड सजायको अभावले गर्दा यो कार्यक्रम कार्यान्वयनमा समस्या आएको देखियो । राज्यको खुकुलो निति, सुपरिवेक्षण, परिवेक्षणको कमीभएको अवस्था चलाखहरुले अवसर लिएको पाइयो ।

**४.३.२ समस्या समाधानका लागि सुझावहरु**

कुनै पनि अध्ययन अनुसन्धान गर्दा समस्याहरु आई पर्ने हुन्छ त्यसै गरि यस अध्ययनमा शिक्षकको पेशागत विकास तालिमको कार्यान्वयन सम्बन्धी अध्ययन, अनुसन्धान गरेको पाइन्छ र यसको समस्या र समाधानको वारेमा पनि अध्ययन गरेको छ । विद्वावनहरुको भनाई अनुसार "जहाँ समस्या छ, त्यहाँ समाधान निश्चित छ ।"

यसै सन्दर्भमा समस्या समाधानका लागि सम्बन्धीत सरोकारवालाहरुको सुझावहरु यस प्रकारको रहेको पाइयो । सही मूल्याङ्कनको अभाव रहेको सवै प्रकारका सरोकारवालाहरुको भनाइ रहेको पाइयो । निरिक्षण र सुपरिवेक्षण साथै दण्ड सजायको निति प्रभावकारी कार्यान्वयन भएमा कुनै पनि क्षेत्रमा लार्पावाही नहुने मनसाय सवैको रहेको पाइयो । सवै भन्दा प्रभावकारी कार्यन्वयन गर्न अनुगमनको कडा भूमिका रहेको पाइन्छ । राज्यले शिक्षकको पेशागत विकास तालिमको लागि दिएको सेवा सुविधा हो र यसलाई कार्यान्वयन गर्न गराउन सबै निकाय सकृय हुनु पर्ने कुरामा जोड दिएको छ । तालिम भनेको राज्यले दिएको सुविधा हो यस सुविधालाई शिक्षकहरु सहि सदुपयोग गर्ने कुरामा दुवै दुविधा छैन तर सुविधालई अधिकारको रुपमा लिनु हुदैन । आफूले प्राप्त गरेको सेवा सुविधालाई व्यवहारमा प्रयोग गर्न सबै सम्बन्धीत सरोकारवालाहरुलाई अनुरोध गरेको छ । कुनै क्षेत्रमा कुनै कार्यक्रमलाई कार्यन्वयन गर्न गराउन विशेष गरेर अनुगमनको आवश्यक पर्दछ । यस कार्यक्रमलाई

बैज्ञानिक र व्यवहारिक रुपले कार्यान्वयन गर्न सबै सरोकारवालालाई सकृय बनाउनु पर्छ । विशेष गरेर विद्यालय निरिक्षक स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु साथै विद्यालयको प्रशासनले पनि प्रमुख भुमिका खेल्न सक्दछ । यदि शिक्षक सकृय भएमा विद्यार्थी पनि सकृय हुने कुरामा कुनै दुईमत छैन । त्यसैले तालिम प्राप्त शिक्षकहरुलाई यो सुझाव गर्न सक्छौ । कि आफूले गरेको ज्ञान, सीपलाई कक्षा कोठामा प्रयोग गर्ने गराउने र आफ्ना विद्यार्थीलाई सकृय बनाई शिक्षित बनाउनु पर्दछ । कक्षा कोठामा सबै प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग बैज्ञानिक र व्यवहारिक शिक्षण सिकाई क्रियाकलाप गर्नु पर्छ । आफ्ना विद्यार्थीहरुलाई प्रयोगात्मक र व्यवहारिक शिक्षा दिई भविष्यको लागि सक्षम र सवल मानव विकास संसोधनको उत्पादन गर्नु पर्दछ । आफूले उत्पादन गरेको जनशक्ति बजारमा विक्री भयो भएन भनेर अवलोकन पनि गर्न सक्नु पर्छ आफूले उत्पादन गरेको जनशक्ति बजारमा विक्री नभएमा उत्पादन गरेको कुनै मूल्य हुदैन र उत्पादित वस्तु नष्ट भएमा व्यक्तिगत रुपमा, राज्यलाई र समाजलाई पनि हानी पुग्ने कुरामा सबैलाई जानकार भएको नै हो त्यसैले हाम्रा उत्पादित जनशक्ति सक्षम र सवल होस भन्ने हाम्रो मनसाय हो । प्रत्येक वर्ष नयाँ नयाँ कुराहरु आइरहेको हुन्छ शिक्षा क्षेत्रमा तर दिनानु दिन विद्यार्थी सख्या घट्दो दरमा छ साथै सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर पनि खस्कदो अवस्थामा छ । यस वारेमा सबै सरोकारवालाहरु सचेत भई समस्याको समाधान कसरी गर्नु पर्छ भन्ने वारेमा सुझाव को खाँचो देखिन्छ ।

यस अध्ययनलाई कार्यान्वयन गर्न सबै भन्दा पहिला सम्वन्धित क्षेत्रका शिक्षक, प्राधानाध्यापक, सरकार, शैक्षिक सरोकारवालाहरु जिम्मेवार रहेको पाइन्छ । सर्वप्रथमत यस कार्यक्रमलाई कार्यान्वयन गर्न शिक्षक नै सबै भन्दा वढी जिम्मेवार देखिन्छ । वहाँहरुले नै सबै प्राप्त तालिमका ज्ञानलाई कक्षा कोठामा शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारी र व्यवहारिक तथा बैज्ञानिक ढंगले प्रयोग गरेमा धेरै हदसम्म यो कार्यक्रम कार्यान्वयन गर्न सहज र सरल हुने कुरामा जोड दिएको छ ।

माथि जे जस्तो प्रकारको सुझावहरु लेखे वा भने पनि सबै भन्दा प्रभावकारी सुझाव भनेको आफ्नो जिम्मेवार आफैले महसुस गरी प्रभावकारी रुपमा व्यवहारमा प्रयोग गर्न सक्नु नै सबै भन्दा प्रभावकारी सुझाव मानिन्छ । आफूले पाएको जिम्मालाई व्यवहारमा जिम्मा नलिएमा आफ्नो नैतिकता नभएको शिक्षक ठान्नु पर्दछ । यस कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन भए नभएको वारेमा पनि अहिलेको राजनैतिक तरलतालाई पनि जिम्मेवार ठान्नु पर्दछ । कसैले कसैको निगरानी

अनुगमन छैन शिक्षकले आफूले राज्यलाई समय विक्री गरेको कुरा महसुस गराउन नसक्नु पनि राज्यको गल्ति भएको छ । विभिन्न तहमा विद्यालय अनुगमन सयंन्त्र विकास गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पनि विकेन्द्रिकृत अनुगमनको सिदान्तको अवलम्वन गर्नु हो । विकेन्द्रिकृत अनुगमन प्रणालीलाई केन्द्रिकृत बनाई यस कार्यक्रम कार्यन्वयनलाई अझ बढी प्रतिफल मूलक र नतिजामूलक र प्रभावकारी मुलक बनाउन अनुगमनको सकृय संयन्त्र बनाउन आवश्यक देखिन्छ । पुरस्कार र दण्डको नियमलाई पनि प्रभावकरी प्रयोगमा ल्याउन सक्नु पर्छ ।

शिक्षकको पेशागत विकासमा तालिम कार्यन्वयन अध्ययनको क्रममा सम्बन्धीत नमूना विद्यालयमा गई प्राप्त गरेको सत्य तथ्यहरु यस प्रकारको पाइयो । यो कार्यक्रम नेपालको लागि भने वि.स. २०६७ साल देखि विधिवत रुपमा सुरु भएको कार्यक्रम हो यस शैक्षिक सत्रमा प्रथमत माध्यामिक शिक्षकहरुलाई तालिम दिएको पाइयो । यस शैक्षिक सत्रमा नमूना विद्यालयको तथ्याङ्क हेर्दा जम्मा ८८ जना शिक्षक (प्रा.वि., नि.मा.वि, र मा.वि.) जम्मा ६ जना शिक्षकहरुले मात्र तालिम लिएको देखियो । त्यसै गरी शैक्षिक सत्र २०६८ मा जम्मा शिक्षक सख्या ८६ जना शिक्षकहरुमा जम्मा ४६ जना शिक्षकहरुले तालिम लिएको पाइयो यस शैक्षिक सत्रमा भने प्राथमिक तहको शिक्षक, निम्न माध्यमिक तहको शिक्षक र माध्यमिक तहको शिक्षक सबैले तालिम प्राप्त गरेको पाइयो र शैक्षिक सत्र २०६९मा जम्मा शिक्षक ८६ जना नै थियो र जम्मा तालिम लिने शिक्षक सख्या ३७ जनाले मात्र लिएको थियो मा.वि.का तथ्याङ्कहरु शैक्षिक सत्रको आधारमा तालिम लिने शिक्षकहरुको सख्या राखिएको छ तर यस तालिम मोडूल अनुसारले पनि दिएको लिएको पाइएको छ । अहिले सम्म प्रथम मोडूलका तालिमलिने शिक्षक सख्या जम्मा   जना  रहेको छ । दोस्रो मोडूलको तालिम लिने शिक्षक सख्या जम्मा   जना रहेको छ  र तेस्रो मोडलको तालिम लिने शिक्षक सख्या जम्मा   जना रहेको छ ।

यस तालिम कार्यान्वयनको पक्ष एकदमै  कमजोरी फितलो देखियो शैक्षिक तालिम केन्द्र तथा स्रोत केन्द्रमा ५ दिने कार्यशाला गोष्ठीमा सीकेको सिपहरु कक्षा कोठामा प्रयोगमा ल्याएको पाइएन । तालिमको क्रममानै शिक्षकले ६-६ महिनामा शिक्षक प्रगति योजना (TIP) तयार गर्नुपर्ने प्रावधान रहेको भए पनि केहि विद्यालयमा मात्र प्रयोग भए गरेको पाइयो । अन्यत्त भने शिक्षक प्रगति योजना बारेमा नै थाहाँ नभएको जानकारी प्राप्त भयो (TIP) शिक्षक प्रगति योजना अनुसार नै शिक्षक वार्षिक शैक्षिक कार्यक्रमहरु चलाउनु पर्ने हो तर उक्त योजनाको वारेमा नै जानकारी नभए पछिको कार्यान्वयन वारेमा धेरै चिन्ताको विषय वनेको छ ।

# परिच्छेद पाँचः निष्कर्ष र सुझावहरु

यस अध्ययन सम्बन्धी अध्ययन गर्दा धरान नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु मध्येवाट ६ वटा नमूना विद्यालयहरुको छनोट गरी अध्ययन गरेको छु । जसमा प्राथामिक विद्यालय २ वटा , निम्न माध्यमिक विद्यालय २ वटा र माध्यामिक विद्यालय २ वटाको शिक्षक, विद्यार्थी प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य लगाएत सम्बन्धीत क्षेत्रका सरोकारवालाहरु संग पनि सोध खोज अध्ययन गरी तथ्याङ्कहरु संकलन गरेको छ । यी सबै प्राप्त लिखित तथ्याङ्कहरु स्थलगत अध्ययन गरेर प्राप्त गरेको हो अझ यसलाई प्रभावकारी तथा तथ्यपरक बनाउन सम्बन्धीत सबै सरोकारवाला जस्तै जिल्ला शिक्षा कार्यलय, शैक्षिक तालिम केन्द्र, स्रोत केन्द्र, विद्यालय निरिक्षक, प्रधानाध्यपक र सम्बन्धित शिक्षकहरुलाई राखेर बुझेर सत्य तथ्य संकलन गरेर प्राप्त नतिजाको आधारमा निष्कर्ष र सुझावहरु पनि दिएको छ ।

## ५.१ निष्कर्ष

अध्ययनको क्रममा प्राप्त तथ्य, तथ्याङ्कहरुको व्याख्या विश्लेषणबाट प्राप्त भएका निष्कर्षहरु यस प्रकारका छन ।

सुनसरी जिल्लामा स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरु मध्ये ९७ प्रतिशत तालिम प्राप्त र नमूना विद्यालयका शिक्षकहरु ४२ प्रतिशत तालिम प्राप्त छन् तर यस अध्ययन गरेको शैक्षिक सत्र २०६७ देखि २०६९ सम्म विद्यार्थी सख्या दिनानु दिन घटेको पाइन्छ शैक्षिक सत्र २०६७ सालमा विद्यार्थी सख्या ३१६० थिया शैक्षिक सत्र २०६८ सालमा विद्यार्थी सख्या घटेर २५४४ पुग्यो र शैक्षिक सत्र २०६९ सालमा विद्यार्थीको सख्या घटेर २२५४मा झऱ्यो एंव रुपले विद्यार्थी सख्या घट्नुको कारण शिक्षकहरु तालिम प्राप्त भए पनि दैनिक कक्षा शिक्षणमा प्रभावकारी प्रयोग नभएकोले गर्दा यसो हुन गएको पाइयो । संस्थागत विद्यालयको शिक्षक भन्दा सामुदायिक विद्यालयका शिक्षकहरु तालिम प्राप्त योग्य सक्षम र सबल भएको तथ्याङ्कबाट पनि प्राप्त गर्न सकिन्छ तर किन हो किन सामुदायिक विद्यालयका गुणस्तर राम्रो भएको छैन । तर सस्थागत विद्यालयका शिक्षकहरु तालिम प्राप्त नभए पनि गुणस्तर सोचे भन्दा राम्रो पाउँछ । प्राय जसो सबै तालिम प्राप्त शिक्षकहरु नै भए पनि कक्षा कोठामा शैक्षिक सामग्रीको अति न्यून प्रयोग कक्षाकार्य, गृहकार्य अन्य कुनै प्रकारको विद्यार्थी कृया कलापहरु पूर्ण रुपमा प्रयोग नगरेको पाइयो र यो कार्यक्रम कार्यान्वयन कमजोर अवस्थामा रहेको पाइयो ।

यस अध्ययनको निष्कर्ष निकाल्ने क्रममा तालिम कार्यान्वयन सम्बन्धी अध्ययन गर्दा सबै सोकारवालाहरु बाट प्रभावकारी अनुगमन नभएर  नै यो कार्यान्वयनमा कमजोर देखिएको हो राज्यले पनि औपचारिक रुपमा तालिम दिने व्यवस्था मिलाउछ तर तालिम लिइ सके पछि ती शिक्षकहरुले के कति ज्ञान, सीप प्राप्त गरे र उक्त ज्ञान, सीप कति व्यवहारमा कक्षाकोठामा प्रयोग गरे भन्ने वारेमा अहिलेसम्म अनुगमन गरेको छैन त्यसैले पनि गर्दा होला तालिम प्राप्त शिक्षकहरुले पनि अगाडी जस्तो थियो कुनै परिर्वतन नै नगरी कक्षा कोठामा शिक्षण क्रियाकलाप परम्परागत रुपमा गर्दै आएको अध्ययन गर्ने क्रममा अवलोकन गर्दा पाइयो यसरी नै शिक्षकहरुले आफ्नो शिक्षण क्रियाकलापमा सुस्ताता देखाएमा एक दिन सामुदायिक विद्यालयमा विद्यार्थीहरु अति न्यून भई वन्द नै हुने सम्भावना देखिन्छ त्यसैले आज वाट नै तालिम प्राप्त शिक्षकहरुले सोच्नु पर्ने बेला आएको छ । यथास्थितीमा नै सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई शिक्षण गर्ने भनेर सोचेमा विद्यार्थी सख्या प्रत्येक दिन सक्ने अवस्थामा रहेको पाइन्छ । कुनै कार्यक्रमलाई कायोन्वयन गर्ने क्रममा विभिन्न चुनौतिकहरुको सामना गर्न सकेमा मात्र कार्यक्रम सफल पार्न सकिने देखिन्छ ।

## ५.२ सुझावहरु

बहु सख्यक शिक्षकहरु तालिम प्राप्त छन तर यस अध्ययनको शिर्षक सम्बन्धी तालिम भने केहि शिक्षकहरुमात्रले प्राप्त गरेको पाइएको छ र तिन वटै मोडूलहरु प्राप्त गरे पछि भने केहि मात्रमा सुधार हुने अपेक्षा देखिन्छ । मूल्याङ्कनका साधनहरु कक्षाकार्य, गृहकार्य, रुजुसूची आदीको प्रयोग न्यून रहेको आदि, अवस्था वाट अध्ययन क्षेत्रमा कार्यक्रम कार्यान्वयन कमजोर अवस्थामा रहेको पाइयो ।
यस अध्ययन बाट प्राप्त निष्कर्षको आधारमा सम्बन्धित सरोकारवाला पक्षहरुलाई तल उल्लेखित सुझावहरु सिफारिस गरिएको छ ।

### ५.२.१ नीतिगत तह

यस अध्ययनको नीतिगत तहमा नेपाल सरकारले प्रथमत विज्ञहरुको सहयोगमा योजना निमार्ण गर्दछ । शिक्षा मन्त्रालयको मातहतमा रहेर देश भरिमा रहेका शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्रको निर्देशनमा यो तालिम सञ्चालन गर्दछ । यो तालिम विशेष गरेर पुर्नताजगीको तालिम पनि भन्ने गरेको पाइन्छ । समय समयमा नयाँ नयाँ कुराहरु शिक्षा क्षेत्रमा आउँदछ र त्यस कुराहरुलाई शिक्षकहरुमा एक आपसमा साटासाट गर्नु पर्ने हुदाँ यस्तो तालिमहरु छोटो समयको लागि समय समयमा गर्नु पर्छ ।

यस प्रकारको कार्यक्रम समय समयमा विद्यालय आफैले पनि सञ्चालन गर्न सक्दछ । कुनै पनि पेशाामा लागे पछि पेशागत नै हुनु पर्दछ । यस तालिममा प्राथमिक तहका शिक्षकलाई स्रोत केन्द्र अन्तरगत नै तालिम दिने गर्दछ । र उक्त तालिम दिने व्यक्ति शिक्षक रोस्टर नै हुने गर्दछ । शिक्षकहरुबाट नै छानिएका अगुवा शिक्षकहरुलाई प्रशिक्षकको रुपमा राखि अन्य शिक्षकहरुलाई प्रशिक्षण दिने गर्दछ । माध्यमिक शिक्षक र निम्न माध्यमिक शिक्षकको हकमा भने शैक्षिक तालिम केन्द्रबाट  नै सञ्चालन गरेको पाइयो । शैक्षिक तालिम केन्द्रमा पनि प्रा.वि. तहका झै प्रशिक्षक रोस्टरहरु शिक्षक भित्रबाट नै राखिएको हुन्छ साथै तालिम केन्द्रका प्रशिक्षकहरुले पनि प्रशिक्षण दिने गर्दछ । आफूले जानेका सिपलाई अन्य साथीहरुलाई सिकाउने काम गर्दछ ।

पाठयक्रम निर्माण, शिक्षक तालिम, कार्यक्रमको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने निकायबीच प्रभावकारी समन्वय कायम गर्नुपर्ने दखिन्छ । कार्यक्रम लागू हुनु पूर्व कार्यक्रम कार्यन्वयन का लागि आवश्यक पूर्वाधारहरु तयार भए नभएको अनुगमन गरी पर्याप्त पूर्वाधारहरु विकास गरिसकेपछि मात्र कार्यक्रमको कार्यान्वयन गर्न थाल्न प्रभावकारी हुने देखिन्छ ।

शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण दिने व्यवस्था कानुनी रुपमा मात्र रहेको तर व्यवहारमा भई नसकेकोले, व्यवहारमा उर्तान शिक्षकहरुलाई प्रोत्साहित गर्ने प्रकारको विशेष कार्यक्रम राज्यले ल्याउन सके मात्र राम्रो हुने कुराम सबै सम्बन्धित सरोकारवालाहरुको जोड देखिन्छ । शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्दा कक्षाकोठाको क्रियाकलाप र अनुसन्धानात्मक कार्यलाई आधार मान्ने व्यवस्था गर्न सकेमा शिक्षकलाई उत्प्रेरणा जगाउन सकिन्छ । अभिभावकहरुलाई विद्यालयको तथा शिक्षकहरुको कार्यक्रम र आफ्ना बाल बालिकाहरुको अध्ययन प्रति जिम्मेवार बनाउन राष्ट्रिय सञ्चार माध्यम, राजनैतिक जिम्मेवार व्यक्तित्वहरु, साहित्यकारहरु, धार्मिक व्यक्तित्वहरु माध्यम मार्फत विभिन्न चेतना मूलक कार्यक्रमहरु ल्याउन पनि उपयुक्त तथा सान्दर्भिक देखिन्छ ।

राज्यले शिक्षकको पेशा प्रति व्यवस्थित तथा व्यवहारिक बनाउन सक्नु पर्ने देखिन्छ समाज आभिभावक, विद्यार्थीहरु पनि सबै विषयमा सचेत र जागरुक भएको अवस्थामा राम्रो देखिन्छ ।
राज्यले तोकेको नीतिगत अनुसार भएको निरीक्षण, मूल्याङ्कन र अनुगमनको व्यवस्थालाई बैज्ञानिक र व्यावहारिक व्यवस्था गरेर प्रभावकारी रुपमा कार्यन्वयन गर्नु सक्नु पर्दछ ।

### ५.२.२ अभ्यास तह

यस अध्ययनको शिर्षक अनुसार शिक्षकको पेशागत विकास तालिम भन्ने हो तर पेशागत विकास कसरी गर्ने सम्बन्धमा भने शिक्षकहरु नै मौन देखिन्छ । पेशागत भनेको नै उक्त पेशा प्रति पूर्ण समर्पित भएको हुन्छ । उसले अन्य क्षेत्रमा आफ्नो लगाव दिदैन उसले आफ्नो पेशालाई मर्यादित गुणस्तरयुक्त र समय सापेक्ष उभिन सक्ने बनाउनुपर्छ । शिक्षकले आफ्नो कक्षा कोठालाई कसरी प्रभावकारी बनाई शिक्षण कार्यलाई सकृय बनाउने सम्बन्धमा सोच्नु पर्दछ । समय समयमा आफ्ना सहकर्मि साथीहरुलाई आफ्ना कक्षामा अवलोकनका निम्ति बोलाउनु पर्छ र विधिको आदान प्रदान गर्नु पर्छ । प्रधानाध्यापकले आफ्ना मातहतका शिक्षकहरुले कक्षा कोठामा कस्तो प्रकारको शिक्षण क्रियाकलापहरु गरेका छन छैन्न भनेर समय समयमा कक्षा अवलोकन गर्ने  गर्नु पर्दछ । विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ आदिले पनि समय समयमा विद्यालयमा गई शिक्षकहरुको शिक्षण सम्बन्धमा जानकारी लिनु पर्दछ । निरिक्षण र मुल्याङ्कन सम्बन्धमा विद्यालयमा निरिक्षक तथा स्रोत व्यक्तिले समय समयमा छड्के जाँच गर्नु पर्दछ । तालिम प्राप्त शिक्षकले कक्षाकोठामा तालिममा प्राप्त ज्ञानलाई प्रयोग गरेको छ वा छैन भन्ने वारेमा अवलोकन र निरिक्षण गर्नु आवश्यक देखिन्छ । साथै राम्रोलाई पुरस्कार को व्यवस्था साथै नराम्रो शिक्षक/अल्छे शिक्षकलाई दण्ड सजायको पनि व्यवस्था गर्नु पर्दछ । यदि माथि उल्लेखित भनाईलाई कार्यन्वयन नगर्ने भए कहिले पनि पेशागत विकास होला जस्तो मलाई लाग्दैन । त्यसैले सम्पूर्ण शिक्षा संग सरोकार राख्ने व्यक्तिहरुलाई चेतना मूलक कार्यक्रम राख्नु पर्ने देखिन्छ ।

कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अभ्यास तह पनि एक उतिकै जिममेवार पक्ष मान्दछ । विशेष गरेर जिल्ला शिक्षा कार्यलयले सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति वि.नि. लाई प्रशासनिक कार्यवाट अलग राखी विशुद्ध शैक्षणिक परामर्शदाता वा शिक्षकको सहजकर्ताको रुपमा स्थापित गर्नु उपयुक्त देखिन्छ । विद्यालय क्षेत्रलाई विशुद्ध शैक्षिक वातावरण बनाई राजनैतिक हस्तक्षेप बाट टाडा राख्नु सक्नु पर्छ ।

यस अध्ययन कार्यक्रम सफल कार्यान्वयनका लागि स्थानीय तहको सरोकारवालाहरुले विशेष जिम्मेवार हुनुपर्ने देखिन्छ । स्थानीय तहको सरोकारवालाहरु भनेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सहित सदस्यहरु तथा शिक्षक अभिभावक सघंका अध्यक्ष तथा सदस्यहरु  विद्यालयको प्राधानाध्यापकहरु पर्दछन् । उक्त सरोकारवालाहरुका पदाधिकारीहरुले शैक्षिक कार्यक्रमहरुका बारेमा राम्रो जानकारी राखी कार्यान्वयनका निमित्त विद्यालयमा उपयुक्त वातावरण सिर्जना गर्न मद्दद गर्नु

पर्ने देखिन्छ । सम्बन्धित विद्यालयका प्र.अ.हरुले शिक्षकहरुको कक्षा अवलोकन गरी पृष्ठ पोषण दिए नदिएको समेत नियमित निरीक्षण र सुपरीवेक्षण गर्न सकेमा मात्र कार्यक्रम अझ प्रभावकारीरुपमा कार्यान्वयन हुने देखिन्छ । राज्यले उपलब्ध गराएका पाठयक्रमका प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सम्पूर्ण शिक्षकहरुलाई पेशागत तालिम दिने, तालिम केन्द्रमा सिकेका ज्ञान, सीपलाई बैज्ञानिक, समय सापेक्ष प्रयोग गर्न र व्यवहारिक जीवनलाई उत्प्रेरित गर्ने र प्र.अ. र शिक्षकहरु बीच प्रशासनिक भन्दा वढी पेशागत सम्बन्ध विस्तार गरी कक्षा क्रियाकलापमा सहयोग गर्ने वातावरण सिर्जना गर्न सकेमा यो शिक्षकको पेशागत विकास तालिम कार्यक्रम सफल पार्न मद्दत पुग्ने देखिन्छ । सर्बप्रथमत शिक्षक आफ्नो पेशा प्रति दायित्वबोध हुने हुनु पर्दछ । दोस्रोमा विद्यालयका सम्बन्धित अभिभावकहरुसंग सम्बन्ध विस्तार गर्ने र शैक्षणिक कार्यक्रमहरुका बारेमा नियमित अन्तरक्रिया गर्ने शिक्षाको महत्व प्रति सबैलाई जानकारी दिने र आफ्ना बाल बालिकाहरुलाई घरमा उचित मागदर्शन दिई उत्प्रेरित गर्न सकेमा पनि यो कार्यक्रम प्रभावकारी ढंगवाट अघि वढ्न सक्ने देखिन्छ । यस कार्यक्रमलाई अझ व्यवहारिक र बैज्ञानिक प्रयोग गर्न समकक्षी कक्षा अवलोकनलाई पनि प्रभावकारी रुपमा प्रयोगमा ल्याउन सकिनछ ।

### ५.२.३ अनुसन्धान तह

यस अधययनको शिर्षक शिक्षकको पेशागत विकास तालिम कार्यन्वयन विषयमा रहेपनि यस शिर्षक अनुसार शिक्षकहरुले आफ्नो पेशा प्रति कति सम्म लगनशिल भएर लागेको छ भन्ने वारेमा अधययन गर्न अझै धेरै वाकि देखिन्छ । यस तालिम सके पछि शिक्षकको पेशागत विकास तालिमको निरिक्षण र मूल्याङ्कनको पाटोलाई पनि ध्यान दिनु पर्ने देखिन्छ की ? किन भने तालिम प्राप्त गऱ्यो  तर कक्षा कोठामा प्रयोग गऱ्यो वा गरेन कस्ले अवलोकन र निरिक्षणगर्ने विद्यालय क्षेत्रलाई कि सबै अधिकार प्रत्यायोजन गर्ने वा सामुदायकमा हस्तान्तरित विद्यालयलाई सामुदायबाट नै निरिक्षण र सुपरिवेक्षणको जिम्मा दिने यस सम्बन्धमा यस अध्ययनको खोजीको विषय बनाउनु पर्ने देखिन्छ । शिक्षक आफ्नो पेशा प्रति समर्पित मात्र भएर पुग्दैन उसमा सम्बन्धित सबै सरोकारवालाहरुको पनि उत्तिकै लगनशिल, झुकाव र क्रियाशिलता चाहिन्छ । सर्वप्रथमत र्कायक्रम कार्यन्वयन भयो भएन वा गऱ्यो गरेन भनेर सम्वन्धित विद्यालयका प्रधानाध्यापक संग सम्वन्धित रहेको हुन्छ किनकि शिक्षक संग प्रत्यक्ष सर्म्पक भने वहाले गर्न सक्दछ । त्यसैले शिक्षक संग पेशागत विकासमा प्रधानाध्यापकको भूमिका कस्तो हुन्छ भन्ने वारेमा पनि चिन्तन मनन् गर्नु पर्ने देखिन्छ ।

शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी र दिगो रुपमा सञ्चालन र विकास गर्न कार्यक्रमको प्रभाव, सवाल, चुनौति आदि शीर्षकहरुमा समय र सन्दर्भ अनुसार पुर्नताजगि कार्यक्रम र अध्ययन अनुसन्धान भइरहनु जरुरी देखिनछ । जसले गर्दा पेशा प्रति प्रभावकारी र गुणस्तर र सुधारमा सहयोग पुऱ्याउन सक्दछ ।

शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनको महत्वपूर्ण भुमिका खेल्ने पक्ष भनेको यसको कक्षा अवलोकन र मूल्याङ्कन भन्ने गर्दछ । कुनै पनि कार्यक्रमलाई नतिजा मूलक बनाउन निरीक्षण र अनुगमनलाई मूल्याङ्कनको साधन बनाई थप अध्ययन तथा अनुसन्धान गर्नु पर्दछ । समय समयमा पेशागत तालिमलाई पनि कार्यान्वयन गर्नु पर्दछ ।

पाठ्यक्रमका प्रावधानहरु कार्यान्वयनमा विद्यालय शिक्षक र कक्षाकोठाका वास्तविक समस्या पहिचान गरी समाधान गर्नका लागि शिक्षकहरुलाई प्रोत्साहन गर्न थप अनुसन्धानहरु गर्नु पर्ने देखिन्छ ।

# सन्दर्भसूची


कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्र बहादुर (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

कोइराला, भुपेन्द्र (२०६९) शैक्षिक तालिम केन्द्र, सुनसरी ।

खनाल, पेशल (२०६७) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः सनसाल्इट पब्लिकेशन, भोटाहिटी

डिइओ. (२०६२), *शिक्षक तालिम प्रभावकारिता अध्ययन,* भक्तपुरः सानोठिमी, ।

तिमिल्सिना, रामचन्द्र (२०६८) *शिक्षा ऐन-नियम संग्रह* भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, ।

थापा, श्रेष्ठ, सिग्देल, लामिछाने (२०६८), *शिक्षामा मानव संसाधन व्यवस्थापन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

थापा राजकुमार (२०६९) शैक्षिक तालिम केन्द्र, सुनसरी ।

नेपाल खगेन्द्र प्रसाद, (२०६९) शैक्षिक तालिम केन्द्र, सुनसरी ।

सेरिड, (२०६१), *फर्मेटिभ अनुसन्धान प्रतिवेदनहरुको सारसंक्षेप,* काठमाडौंः किर्तीपुर ।

सुवेदी, बुद्धसागर (२०६७) *प्राथमिक तहमा निरन्तर मुल्याङ्कन प्रणालीको कार्यान्वियन* अप्रकाशित शोधपत्र, इन्द्रपुर मोरङ्ग त्रिभुवन विश्वविद्यालय ।

शर्मा, चिरन्जिी निर्मला, (२०६५) *शैक्षणिक मूल्याङ्कन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६६) *शिक्षाका आधारहरु,* काठमाडौंः एम.के. पब्लिकेशन, भोटाहिटी

शिक्षा मन्त्रालय (२०६७) *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वियन पुस्तिका,* भक्तपुरः सानोठिमी,

शिक्षा मन्त्रालय (२०६६) *विद्यालय क्षेत्र सुधार योजना* (२०६६-२०७२) काठमाडौंः केशरमहल, ।

शिक्षा मन्त्रालय (२०६३), शैक्षिक आचार संहिता

शिक्षा, विभाग (२००७), Issues & answer. U.S. Department of Education.

# अनुसूची - १

## शिक्षकको पेशागत विकासमा तालिमा कार्यन्वयन

शिक्षकका लागि प्रश्नावली र अन्तर्वार्ता

निर्देशिका

विद्यालयको नाम ठेगाना

शिक्षकको नाम ठेगाना

योग्यता

१. तपाईको विद्यालयमा कति जना शिक्षकहरु हुनुहुन्छ ?

२. के तपाईले कुनै प्रकारको पेशा प्रति प्रभाव पार्ने तालिमहरु लिनु भएको छ ?

३. तालिमले शिक्षकहरुलाई के कस्तो कार्यमा सहयोग पुऱ्याउँछ ?

४. के तपाईले आफूले तालिम अवधिमा प्राप्त गरेका ज्ञान, सीपलाई व्यवहारिक कक्षा कोठामा प्रयोग गर्नु हुन्छ ? गर्नु हुन्छ भने कति प्रतिशत गर्नु हुन्छ र गर्नु हुन्न भने के कारणले प्रयोग गर्नु हुन्न ?

५. शिक्षकले तालिम लिदा के फाइदा र नलिदा के बेफाइदा हुन्छ ?

६. तपाईले प्राप्त गरेको ज्ञान, सीपलाई के कति मात्रामा प्रयोग भयो भएन भनेर कहिले कसैले निरिक्षण र अनुगमन गरेको छ ?

७. अहिले सम्म कसले धेरै मात्रामा निरीक्षण र अनुगमन गरेको छ ?

८. शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यान्वयनका उद्देश्यहरु पुरा गर्न विद्यालयले कस्तो भूमिका खेल्नु पर्दछ ?

९. पेशागत विकास तालिम सम्बन्धी कुनै  अभिभावकहरुलाई थाहाँ छ ?

१०. यस तालिम सम्बन्धी अभिभावकहरुले के सहयोग गर्न सक्छ ?

११. के तपाई आफ्नो पेशा प्रति सन्तुष्ट हुनु भएको छ ?

१२. शिक्षकहरुलाई स्थानीय विद्यालय प्रशासनले कतिको तालिम लिनु सम्बन्धी प्रोत्साहन गर्नु हुन्छ ?

# अनुसूची - २

## शिक्षकको पेशागत विकासमा तालिम कार्यन्वयन

प्र.अ.का लागि प्रश्नावली र अर्न्तवार्ता निर्देशिका

विद्यालयको नाम ठेगाना

प्र. अ.को नाम ठेगाना

योग्यता

१. के तपाईलाई शिक्षकको पेशागत विकास तालिम सम्बन्धी केहि कुराहरु थाहाँ छ ?

२. तपाईको विद्यालयमा के कति शिक्षकहरु तालिम प्राप्त र अप्राप्त छन कुनै तथ्याङ्क तपाई संग छ ?

३. तपाईले जिल्ला शिक्षा कार्यलयबाट आएको कुनै पनि तालिम सम्बन्धी पत्रलाई शिक्षक सम्म पुऱ्याउनु हुन्छ ?

४. तपाई एक स्थानीय विद्यालय प्रशासन हुनु हुन्छ ? तपाईले शिक्षकहरुलाई तालिम लिनु दिनु पर्छ भनेर कुनै दिन प्रोत्साहन दिनु भएको छ ?

५. के विद्यालय प्रशासन शिक्षकको पेशागत समकक्षी सहकर्मी हो वा होइन?

६. तपाईको विद्यालयका शिक्षकहरुले तालिम लिई सकेपछि, आफूले प्राप्त गरेको ज्ञान, सीप दैनिक कक्षा कोठामा प्रयोग गरेको पाउनु भएको छ ? छ भने कतिको मात्रामा प्रयोग गरेको पाउनु भएको छ ?

७. के तपाईको विद्यालयमा तालिम प्राप्त शिक्षकले अध्यापन गराएकोमा सन्तुष्ट हुनु हुन्छ ?

८. तपाईले कहिले आफ्नो मातहतका शिक्षकहरुको कक्षा कोठामा गएर निरीक्षण र अनुगमन गर्नु भएको छ ? गर्दा कुन कुन कक्षा र विषयमा गर्नु हुन्छ ?

९. तपाईको विद्यालयमा कुनै समय बाहिर वाट पनि निरीक्षण र र अनुगमनका निम्ति कोहि व्यक्तिहरु आउनु भएको जानकारी तपाईलाइृ थाहाँ छ ?

१०. के राज्यको शिक्षाको उद्देश्य अनुसार काम कारवाही गर्नु गराउनु भएको छ ?

११. कुनै दिन यस्तो रहेको छ ? जो तपाईले आफ्नो  मातहातमा रहेको शिक्षकहरुलाई कुनै कारण वस कार्वाही गर्नुभएको छ ?

## अनुसूची - ३

## शिक्षकको पेशागत विकासमा तालिम कार्यन्वयन

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यका लागि प्रश्नावली र अर्न्तवार्ता निर्देशिका

विद्यालयको नाम : ठेगाना :

वि.व्य.स. अध्यक्षको नाम : ठेगाना :

पद : योग्यता :

१. तपाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, सदस्य हुनु भएको कति वर्ष भयो ?

२. तपाईले विद्यालयमा कस्तो प्रकारको अध्यापन गर्ने गराउने गरेको पाउनुभयो?

३. के तपाईलाई शिक्षकको पेशागत विकास तालिम सम्बन्धी केहि जानकारी छ ?

४. तपाई विद्यालयको अध्यक्ष, सदस्य भई सके पछि कुनै शिक्षकलाई तालिम सम्बन्धी पठाउनुमा सिफारिस गर्नु भएको छ ?

५. शिक्षा नियमवालीमा वि. व्य. स.ले नै शिक्षकको तालिम सम्बन्धी कार्य तालिका बनाई समय समय मा तालिममा पठाउने प्रावधान रहेको पाइन्छ यो कुरा तपाईलाई थाहा छ ?

६. तपाईलाई शिक्षा नियमवलीले दिएको काम, कर्तव्य र अधिकारको वारेमा जनाकारी छ ?

७. तपाईले कुनै दिन विद्यालयमा गई शिक्षकहरुको कक्षा निरीक्षण र अवलोकन गर्नु भएको छ?

८. शिक्षकहरुको कक्षा निरीक्षण र अवलोकन गर्नु गराउनु तपाईको काम, कर्तव्य र अधिकार भित्र पर्छ ?

९. तपाईले तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरुमा के भिन्नता देख्नु भएको छ ?

१०. तालिम प्राप्त शिक्षकले आफ्ना बाल बालिकाहरुलाई कस्तो प्रकारको व्यवहार गर्नु पर्छ ?

११. तालिम प्राप्त गरेको ज्ञान, सिपलाई कक्षा कोठामा बैज्ञानिक र व्यवहारिक प्रयोग भए भएनन भनेर निरीक्षण र अवलोकन गर्ने जिम्मा कस्को हुन सक्छ ?

१२. तालिमलाई पेशागत बनाउन कस्को सबैभन्दा धेरै जिम्मा हुन्छ ?

१३. शिक्षकको पेशागत तालिमलाई प्रभावकारी रुपमा व्यावहारिक प्रयोग गर्न स्थानीय शिक्षा सरोकारवालाहरुको कस्तो भूमिका रहन्छ ?

१४. हालको सामुदायिक विद्यालयको खस्कदो शिक्षाको गुणस्तरलाई वृद्धि गर्न गराउन तपाईले के कस्ता भूमिकाहरु खेल्नु भएको छ ?

१५. गुणस्तरलाई बृद्धि गर्न शिक्षकको पेशागत विकास तालिमले कतिको सहयोग गर्न सक्छ ?

१६. तालिम प्राप्त शिक्षकले आफूले प्राप्त गरेको ज्ञान, सीपलाई कक्षा कोठामा किन प्रभावकारी रुपमा प्रायेग नगरेको हो ?

१७. शिक्षकको पेशागत विकास तालिम कक्षाकोठामा कार्यान्वयन सम्बन्धी के कस्तो भूमिका रहेको पाइन्छ ?

## अनुसूची - ४

## शिक्षकको पेशागत विकासमा तालिम कार्यान्वयन

अनुगमनकर्ता वि.नि. स्रोत व्यक्ति का लागि अर्न्तवार्ता निर्देशिका

कार्यलयको नाम : ठेगाना :

नाम : ठेगाना :

पद : योग्यता :

१.शिक्षकको पेशागत बिकास तालिम कार्यन्वयनको अवस्था कस्तो रहेको छ ?

२. हाल सम्म कति मोडूल सम्म तालिम दिई सकेको जानकारी तपाईसंग छ ?

३. तपाईले सम्बन्धीत विद्यालयमा गएर के कती पटक निरीक्षण र अनुगमन गर्नु भएको छ ?

४. के तालिम प्राप्त शिक्षकहरुले आफूले तालिम अवधिमा प्राप्त गरेको ज्ञान, सीपलाई कक्षा कोठामा प्रयोग गरेको पाउनु भयो ?

५. तालिम प्राप्त शिक्षकहरुले के कक्षा कोठा प्रवेश गर्दा पूर्व तयारी शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थीलाई उत्प्रेरणा जगाएको पाउनु भयो ?

६. तालिमलाई कक्षा कोठामा प्रयोगमा ल्याउन तपाई को कस्तो भूमिका रहन्छ ?

७. तपाईको सोच अनुसार तालिम प्राप्त शिक्षकले कक्षा कोठामा प्राप्त ज्ञान,सिपलाई प्रयोग गरे गरेन्न भनेर अवलोकन गर्ने जिम्मा कस्को हुन सक्छ ?

८. के वि.नि. स्रोत व्यक्तिले अनुगमन गर्ने  कि अरु निकायले गर्ने हो ?

९. तपाईको विचारमा वि.नि.ले विद्यालयको प्रशासनिक क्षेत्रमा मात्रा निरीक्षण र अनुगमन गर्ने कि कक्षा कोठा भित्रका कुराहरु पनि निरीक्षण र अवलोकन गर्ने ?

१०. हालको सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर खस्कदो अवस्थामा तपाईको जिम्मेवारी छ कि छैन ?

११. संस्थागत विद्यालयमा प्राय कम शिक्षकहरुमात्र तालिम प्राप्त हुन्छन् तर शिक्षाको गुणस्तर भने राम्रो देखिन्छ किन ?

१२. तालिमले विद्यार्थीको गुणस्तरलाई वृद्धिमा के सहयोग पुऱ्याउँछ ?

१३. तालिमलाई कक्षा कोठामा प्रभावकारी प्रयोग गर्न के कस्तो समस्याहरु छन् ? समस्याका समाधाका उपायहरु के कस्ता हुन सक्नछ् ?

१४. शिक्षाको गुणस्तर बढाउनुमा के शिक्षकहरुको मात्र भूमिका रहन्छ ?

# अनुसूची - ५

## शिक्षकको पेशागत विकासमा तालिमा कार्यन्वयन

## नमूना विद्यालयका नामवली

| क.स. | विद्यालयको नाम |
|---|---|
| १. | श्री शिक्षा निकेतन उ.मा. वि. |
| २. | श्री ल्यावोरेटरी उ.मा. वि. |
| ३. | श्री पञ्चायत नि.मा.वि. |
| ४. | श्री भगवती नि. मा. वि. |
| ५. | श्री सरस्वती प्रा.वि. |
| ६. | श्री अमर प्रा.वि. |

स्रोत : स्थलगत अध्ययन -२०६९

# अनुसूची - ६

## शिक्षकको पेशागत विकासमा तालिमा कार्यन्वयन

## नमूना विद्यालयका प्रधानाध्यपकहरुको नामावली

| क.स. | प्र.अ.को नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | श्री हिराकाजी बुढाथोकी | श्री शिक्षा निकेतन उ.मा. वि. |
| २ | श्री हिमबहादुर श्रेष्ठ | श्री ल्यावोरेटरी उ.मा. वि. |
| ३ | श्री बाबुराम घिमिरे | श्री पञ्चायत नि.मा.वि. |
| ४ | श्री पदमबहादुर श्रेष्ठ | श्री भगवती नि. मा. वि. |
| ५ | श्री राजेन्द्र प्रसाद खतिवडा | श्री सरस्वती प्रा.वि. |
| ६ | श्री देव कुमारी सिखांडा | श्री अमर प्रा.वि. |

स्रोत : स्थलगत अध्ययन -२०६९

# अनुसूची - ७

## शिक्षकको पेशागत विकासमा तालिमा कार्यन्वयन

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको नामवली

| क.स. | विद्यालयको नाम | अध्यक्षको नाम |
|---|---|---|
| १ | श्री शिक्षा निकेतन उ.मा. वि. | श्री विजय श्रेष्ठ |
| २ | श्री ल्यावोरेटरी उ.मा. वि. | श्री खेम चन्द्र सुवेदी |
| ३ | श्री पञ्चायत नि.मा.वि. | श्री पूर्णप्रसाद फूयाल |
| ४ | श्री भगवती नि. मा. वि. | श्री जगतबहादुर राई |
| ५ | श्री सरस्वती प्रा.वि. | श्री विष्णु प्रसाद खनाल |
| ६ | श्री अमर प्रा.वि. | श्री खाण्डू शेर्पा |

स्रोत : स्थलगत अध्ययन -२०६९

# अनुसूची - ८

## शिक्षकको पेशागत विकासमा तालिमा कार्यन्वयन

## शिक्षक अभिभावक सघंका अध्यक्षहरुको नामवली

| क.स. | विद्यालयको नाम | अध्यक्षको नाम |
|---|---|---|
| १ | श्री शिक्षा निकेतन उ.मा. वि. | श्री विध्या शाक्य |
| २ | श्री ल्यावोरेटरी उ.मा. वि. | श्री गोपाल अछामी |
| ३ | श्री पञ्चायत नि.मा.वि. | श्री सुनिता श्रेष्ठ |
| ४ | श्री भगवती नि. मा. वि. | श्री राजकुमार तामाङ्ग |
| ५ | श्री सरस्वती प्रा.वि. | श्री टंक मगर |
| ६ | श्री अमर प्रा.वि. | श्री अन्जना तामाङ्ग |

स्रोत : स्थलगत अध्ययन -२०६९